# निस्दी गाउंपालिका

# आवधिक गाउँ विकास योजना

## (आ.व. २०७८/०७९–२०८२/०८३)








**गांउ कार्यपालिकाको कार्यालय,** मित्याल

**निस्दी गाउँपालिका, पाल्पा**

**लुम्बिनी प्रदेश, २०७८**

# आवधिक गाउँ विकास योजनाको सारांश

| | |
|---|---|
| **दीर्घकालिन सोच** | **शिक्षा, सवास्थ्य र रोजगार, पर्यटन सहितको पूर्वाधार !**<br>**प्रकृति र मगर संस्कृति निस्दीको आधार !!** |
| **समष्टिगत लक्ष्य** | **"आय बृद्धि, गुण्स्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिम न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्मा अतिकम विकसित गाउँपालिकाबाट विकासशिल गाउपालिकामा स्तरोन्नती गर्ने।"** |
| **समष्टिगत उद्देश्य** | • स्थानीयस्तरमा उत्पादन तथा सेवाजन्य रोजगारीका अवसर बृद्धि भई गाउँपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने।<br>• स्थानीय विकास र शासनमा महिला, बालबालिका, दलित, युवा, अपाँगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत विपन्न क्षेत्र र वर्गसमुदायका व्यक्तिहरुको पहुँच अभिबृद्धि भई समन्यायिक विकास लगायत सामाजिक स्थितिमा सुधार गर्ने।<br>• गाउँपालिकावासीको पूर्बाधार विकासका क्षेत्रमा पहुँच अभिबृद्धि भएको हुनेछ।<br>• वन, वातावरण प्राकृतिक तथा जैविक सम्पत्तिको संरक्षण, सम्वद्र्धन र वितरण प्रणालीमा सुधार भई गाउँपालिकामा विपद व्यवस्थापन सम्वन्धी दिगो उपायहरु अवलम्वन गर्ने।<br>• गाउँपालिकावासीलाई गुणस्तरीय, छिटो, छरितो, प्रभावकारी र पारदर्शी सार्वजनिक सेवा प्रदान गर्न सक्षम स्थानीय शासन पद्धतिको संस्थागत विकास गर्ने। |
| **गाउँपालिकाका विकासका प्राथमिकताहरु** | • कृषि र पशुजन्य उत्पादनको व्यवशायिकरण, तथा सहकारीको विकास<br>• सामाजिक न्याय (महिला, दलित, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक) र पछि परेका भेग (क्षेत्र) र वर्ग समुदाय केन्द्रित विकास<br>• सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा<br>• व्यवसायिक तथा गुणस्तरीय शिक्षा<br>• खानेपानी तथा सरसफाई<br>• वन, वातावरण, ग्रामीण पर्यटन, र विपद व्यवस्थापन<br>• औद्योगिक विकास तथा विद्युतीकरण<br>• यातायात तथा पूर्वाधार विकास<br>• व्यवस्थित वस्ति विकास तथा शहरीकरण<br>• खेलकुद विकास, कला र सँस्कृतिको विकास<br>• संचार विस्तार, जनजीविकासँग सञ्चार क्षेत्रको प्रयोग |

# निस्दी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## मित्याल, पाल्पा

## आभार ब्यक्त

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहलाई आ–आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार गाउँपालिकाको रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा र नतिजा अनुगमनकालागि क्षेत्रगत स्थितिसहित गाउँपालिकाको वस्तुगत विवरण तयारी आवश्यक हुन्छ । यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास तथा सुशासनका क्षेत्रको विकासकोलागि गाउँपालिकाभित्र संचालन गरिनु पर्ने कार्यक्रम तथा आयोजनाहरुलाई व्यवस्थित एवं तर्कबद्ध ढंगबाट प्रस्तुती आवश्यक हुन्छ । यसैको परिमाण स्वरुप यस गाउँपालिकको यस पांच वर्षे आवधिक गाउँ विकास योजना तयार गरिएको छ ।

गाउँपालिकाको समग्र नेतृत्व, तथा राजनीतिक दलहरु, नीजि क्षेत्र गाउँपालिकाका समग्र सरोकारवालाको सहभागितामा पांच वर्षे आवधिक गाउँ विकास योजना तयार गरिएको हो जस्ले समग्र गाउँपालिकाको विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु । गाउँपालिका एउटा सरकारको रुपमा स्थापित भै सकेको बर्तमान अवस्थामा यस गाउँपालिकाले आफ्नो क्षेत्र भित्र गर्नुपर्ने कार्यहरुको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रम र योजनाहरु तय गरिएको यस दस्तावेजले जनप्रतिनिधिहरुलाई मार्गदर्शन गरी आफ्नो लक्ष्यमा पुग्न सहयोग पुर्याउने विश्वास लिएको छ ।

अन्त्यमा, यस गाउँपालिकाको यस आवधिक गाउँ विकास योजना तयारीको कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने परामर्शदाता संस्था र सोको तर्फबाट सहजीकरण गर्नुहुने परामर्शदाताहरुको, परिश्रम र योगदानको कदर गर्दछु । यसका अतिरिक्त सम्पूर्ण जनप्रतिनिधिहरू, सरोकारवाला निकायहरू, गाउँपालिकाका कर्मचारीहरू तथा सामाजिक कार्यकर्ताहरु योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

........................

मुक्त बहादुर सारू

**अध्यक्ष**

# विषय सूची


आभार व्यक्त ..... ३

विषय सूची ..... ४

परिच्छेद — एक: परिचय ..... ७

१.१ पृष्ठभूमि ..... ७

१.२ भौगोलिक, आर्थिक र सामाजिक स्थीति ..... ८

१.२.१ भूगोल ..... ८

१.२.२ जनसंख्या ..... ८

१.२.३ भूमिको उपयोग ..... ९

१.२.४ आर्थिक क्षेत्रको स्थीति ..... ९

१.२.५ सामाजिक क्षेत्रको स्थीति ..... १०

१.२.६ भौतिक पूर्बाधार अवस्था ..... ११

१.२.७ वन तथा वातावरण ..... ११

१.२.८ संस्थागत व्यवस्था ..... १२

१.३ पालिका सम्बृद्धिको आधार ..... १२

१.४ योजना तर्जुमाका मार्गदर्सक आधारहरु ..... १४

१.५ योजना तर्जुमा विधि र प्रक्रिया ..... १४

१. ५.१ आवधिक गाउँ विकास योजना तर्जुमाका प्रक्रिया ..... १४

१. ५.२ योजना तर्जुमा कार्यशाला ..... १५

परिच्छेद – २: विगतका योजनाको क्षेत्रगत समीक्षा तथा स्थीति विश्लेषण ..... १७

परिच्छेद - ३ : योजना खाँका ..... १८

३.१ पृष्ठभूमि ..... १८

३.२ गाउंपालिकामा विकासका प्रमुख संभावना तथा अवसर र समस्या तथा चुनौतिहरु ..... १८

३.३ राष्ट्यिय पन्ध्रौं योजनाको सोच ..... २०

३.४ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य ..... २१

३.५ पालिकाको दीर्घकालीन सोच ........ २१
३. ६ आवधिक गाउँ विकास योजनाको लक्ष्य ........ २१
३. ७ आवधिक गाउँ विकास योजनाको उद्देश्यहरु ........ २२
३.८ पमिाणात्मक लक्ष्य ........ २३
३.९ आवधिक गाउँ विकास योजनाका विकासका रणनीतिहरू ........ २३
३.१० नतिजा खाँका ........ २४
३.११ प्रमुख कार्यक्रम ........ २६
३.१२ अपेक्षित उपलब्धि ........ २६
परिच्छेद - ४ : आर्थिक विकास ........ २७
४.१ कृषि विकास ........ २७
४.२ पशु विकास सेवा ........ ३२
४.३ उद्योग, व्यापार, वैकिग, र सहकारी ........ ३६
४.४ पर्यटन ........ ४०
परिच्छेद - ५ : सामाजिक विकास ........ ४२
५.१ शिक्षा ........ ४२
५.२ स्वास्थ्य सेवा ........ ४७
५.३ खानेपानी तथा सरसफाई ........ ५१
५.४ महिला तथा वालवालिका ........ ५५
५.५ आदिवासी, जनजाति, दलित, उत्पीडित वर्ग उत्थान ........ ६०
५.६ युवा तथा खेलकूद ........ ६३
परिच्छेद - ६ भौतिक पूर्वाधार विकास ........ ६७
६.१ सडक, यातायात तथा सिंचाइ ........ ६७
६.२ संचार ........ ७२
६.३ विद्युत तथा उर्जा ........ ७४
६.४ भवन तथा वस्ति विकास ........ ७६
परिच्छेद ७: वन, वातावरण संरक्षण एवं विपद व्यवस्थापन ........ ७८
७.१ वन विकास तथा वातावरण संरक्षण ........ ७८

परिच्छेद ८: संस्थागत विकास तथा शुसासन ........ ८५

८.१ संथागत सुशासन तथा क्षमता विकास समुह ........ ८५

परिच्छेद ९ : वित्तीय विश्लेषण ........ ९२

९.१ पालिकाको विगत ३ बर्षको वजेट विश्लेषण ........ ९२

९.२ आवधिक योजनाको बजेट अनुमान ........ ९२

९.३ स्रोत परिचालन ........ ९४

परिच्छेद - १०: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ........ ९६

१०.१ कार्यान्वयन कार्ययोजना ........ ९६

१०.२ अनुगमन तथा मूल्याङ्कन ........ ९६

१०.३ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा ........ ९७

१०.४ मध्यावधि मूल्याङ्कन ........ ९७

१०.५ अन्तिम मूल्याङ्कन ........ ९७

अनुसूची १: समस्या विश्लेषण ........ ९८

अनुसूची २: संभावना विश्लेषण ........ १०६

अनुसूची ३: सहभागीको लिस्ट तथा निर्णयहरु ........ १०८

# परिच्छेद — एक: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ जारी भई सो अनुसार राज्यका तीनवटै तहका सरकारहरू क्रियाशील भएसँगै राज्यव्यवस्थाको रुपान्तरण संस्थागत भएको छ। स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा नै प्रतिवद्ध एवम् सक्षम नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय शासन प्रणालीलाई सुदृढीकरण गर्न तथा सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न स्थानीय सरकारहरु संविधान प्रदत्त अधिकारहरुलाई स्थानीय तहमा कार्यान्वयन गर्न र सोको संस्थागत विकास गरी सेवाहरुलाई नियमित, गुणस्तरीय, प्रभावकारी र भरपर्दो वनाउन निरन्तर क्रियाशिल भईरहेका छन। स्थानीय तहहरुको विकास–निर्माण कार्य स्थानीय जनताहरु मार्फत होस् र विकासको प्रतिफल पनि तिनै स्थानीय जनताहरुले सजिलै उपभोग गर्न पाउन भन्ने सरकार तथा स्थानीय जनचाहना अनुरुप हाल स्थानीय सरकारहरुलाई तिनै किसिमको (व्यवस्थापकिय, कार्यपालिका तथा न्यायीक) शासकिय अधिकारहरु प्रदान गरिएको छ। जस्ले गर्दा स्थानीय स्तरमा गुणस्तरीय सेवा सुविधाहरु व्यवस्थित र प्रभावकारी तरीकाबाट प्रवाह हुनसक्छ। उपरोक्त तथ्यहरुका आधारमा स्थानीय तहहरुको मुख्य भूमिका भनेकै सम्वन्धित क्षेत्रहरुमा वसोवास गर्ने जनताहरुलाई सहज र प्रभावकारी सेवा प्रवाह गरी उनीहरुको सामाजिक, आर्थिक स्तरमा सुधार ल्याउनु नै हो। गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउनमा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरुको ठुलो भूमिका रहेको हुन्छ । यस्तो गहन भूमिका र जिम्मेवारी वहन गर्ने क्रममा निर्वाचित जनप्रतिनिधिहरुले आफ्नो स्थानीय तहहरुकालागि दीर्घकालीन सोचका आधारमा आवधिक र वार्षिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ।

राज्य व्यवस्थाको पद्धति र शासकिय स्वरुपको परिवर्तन सँगै नेपालको सामाजिक, आर्थिक तथा राजनैतिक आयामहरुमा समेत रुपान्तरणका महत्वपूर्ण पदचिन्हहरु देखिन्छन। स्थानीय स्तरमा मानिसका आवश्यकता तथा अपेक्षाहरु एकातिर ज्यामितिय दरमा वृद्धि भईरहेका छन भने अर्को तर्फ तिनै जनताहरु तथा तिनका प्रतिनिधिहरु निर्णय प्रक्रियाका महत्वपूर्ण अगंहरुमा निर्णायक अधिकारीका रुपमा सहभागी भईरहेका छन। उनिहरु आफ्नो लागि कानूनहरुको निर्माण गर्ने, तिनलाई कानूनी मान्यता प्रदान गर्ने, योजना तथा वजेटको पूर्वानुमान तथा सोको संकलन तथा विनियोजन र तर्जुमा समेत गर्ने र कार्यान्वयनमा स्थानीय जनतालाई सहभागी वनाउने संयन्त्रको विकास गरिरहेका छन, यस्ले स्थानीय स्तरमा एकातर्फ जनसहभागीता तथा त्यसमा गतिसिलता प्रदान गरिरहेको छ भने अर्को तर्फ सूशासनका आधारभुत पक्षहरुको सूनिश्चितता गरिरहेकोछ। तथापि, नेपालको सम्वन्धमा संघीयताको अभ्यास नौलो भएको र विगतमा लामो समयसम्म स्थानीय तहहरु जनप्रतिनिधि विहिन भएको हुंदा स्थानीय जनप्रतिनिधिहरुमा केहि हदसम्म क्षमता विकासको कमि देखिन्छ। यस्ले, प्रभावकारी योजना तर्जुमाको कमी तथा तिनको कार्यान्वयन फितलो हुन जाने जोखिम विभिन्न अध्ययनहरूमा औंल्याइएको पाइन्छ। यसको स्थायी रुपमा निराकरणको लागि एकिकृत रणनैतिक योजनाको आवश्यकता औंल्याईएको छ। यसै तथ्यलाई मध्यनजर गरि निस्दी गाउँपालिकाले आफ्नो गाउंपालिकाको विकास गतिविधिलाई व्यवस्थित र जनताको घरदैलो सम्म पुर्याउन र ऐन तथा नियमावलीमा व्यवस्था भएका प्रावधान अनुरुप आगामी ५ वर्षकालागि (आ.व. २०७८/०७९–२०८२/०८३) आवधिक गाउँ विकास योजना तर्जुमा गर्न गईरहेको छ। यसरी तर्जुमा गर्न लागिएको ५ बर्षे आवधिक योजनको मुल उद्देश्य निस्दी गाउँपालिकाको एकिकृत गाउँ विकास योजना तर्जुमा गर्नु हो। तथापि, यस योजनाका अन्य विशिष्ठ उद्देश्यहरू निम्नानुसार रहेका छन्।

बदलिंदो राजनैतिक परिवेश र समावेशी विकासको मागलाई प्रभावकारी रुपमा सम्बोधन गर्ने नीतिहरु तर्जुमा गर्ने, गाउँपालिकाको वस्तुगत पाश्ववचित्र तयार पार्ने, गाउँपालिकाको आधार नक्शा तयार पार्ने । गाउँपालिकालाई निर्देशित गर्ने दिर्घकालीन सोच, लक्ष्य, उद्देश्य, विकासको प्राथमिकता, क्षेत्रगत विकास सम्वन्धी नतिजाहरू, सूचकहरू, तदनुसारका कार्यक्रमहरू पहिचान गर्ने तथा सोका लागि आवश्यक बजेटको पूर्वानुमान गर्ने र बहुक्षेत्रगत लगानीका क्रियाकलापहरूको खाका तयार गर्ने ।

## १.२ भौगोलिक, आर्थिक र सामाजिक स्थीति

वि.स. २०७३ को राज्य पूर्नसंरचना मार्फत कायम गरिएको निस्दी गाउँपालिका १९४.५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ । यो गाउँपालिका निस्दी र आरुणखोला जलाधार क्षेत्रको मध्य भागमा अवस्थित जुरे लेकदेखि बेभोकेसम्म आरुणखोला, गल्धा फाँट, मुढाबास फाँट, दमार फाँट, ढुंगानाबेसी फाँटदेखि बाकामलाङको डमारा फाँट टारसम्म फैलिएको छ । हाल गाउँपालिकाको केन्द्र साविकको मित्याल गाविसको कार्यालयमा रहेको छ । यो गाउँपालिकाका वडा संख्या ७ रहेका छन् । भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको यो गाउँपालिकाको भौगोलिक, आर्थिक र सामाजिक स्थीतिलाई देहाय बमोजिम ब्याख्या गरिएकोछ ।

### १.२.१ भूगोल

निस्दी गाउँपालिका लुम्बिनी प्रदेशको सुदुर पूर्बोत्तर भागको पाल्पा जिल्लामा अवस्थित पहाडी विशेषता बोकेको गाउँपालिका हो । प्राकृतिक स्रोत सम्पदाले सम्पन्न, जलस्रोतको धनी, मगर संस्कृति र सभ्यताको केन्द्र सावीकका वाकामलाङ, सहलकोट, झिरुवास, मित्याल,गल्धा, अर्चले र ज्यामिरे गाउँ विकास समितिहरु मीलाई वि.स. २०७३ को राज्य पूर्नसंरचना मार्फत यस गाउँपालिकाको निर्माण भएको हो । यस गाउँपालिकाको पुर्वमा नवलपरासी बर्दघाट, सुस्ता पूर्वल्लाको जिबुङ्गडीकाली गाउपालिका, पश्चिममा पाल्पा जिल्लाको पुर्वखोला र माथागढी गाउँपालिका र दक्षिणमा नवलपरासी जिल्लाको जिल्लाको हुप्सेकोट र विनय त्रिवेणी गाउँपालिका र उत्तरमा पाल्पा जिल्लाकै रामपुर नगरपालिका र पुर्वखोलाको केही भाग पर्दछन् । यसको क्षेत्रफल १९४.५ वर्ग कि.मि.रहेको छा महाभारत श्रृंखला र त्यसका आसपासका बस्तीहरुबाट सुशोभित रहेको यो गाउँपालिका भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना बोकेको देखिन्छ । यो गाउँपालिका पहाडी धरातलयूक्त भएकोले यहां पत्रे तथा कडा चट्टान र ढुगां एवं वलौटे माटोको मिश्रणवाट यहांको भूवनौटको निर्माण भएको छ, जलाधार क्षेत्रहरुले गर्दा यो पाल्पा जिल्लाकै प्रशस्त भौगोलिक संभावना रहेको गाउँपालिकाको रूपमा पाईन्छ

### १.२.२ जनसंख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको जनसंख्या २२,६११ रहेको थियो । जसमध्ये ५२.१७ प्रतिशत महिला र ४७.८३ प्रतिशत पूरुष रहेका छन । गाउँपालिकाले २०७५ मा गरेको घरधुरी सर्बेक्षण अनुसार कुल जनसंख्या २६२९२ (महिला ४८.३९%; पुरूष ५१.६१%) रहेकोछ । यहाँ विगत सात बर्षमा जनसंख्या घट्दो अवस्थामा रहेको देखिन्छ । लैगिक अनुपात तर्फ महिला तर्फ २०६८ मा ५४.८२ प्रतिशत थियो भने २०७५ मा ४८.३९ प्रतिशत देखिन्छ । त्यास्तै पुरूष तर्फ २०६८ मा ४५.१७ प्रतिशत थियो भने २०७५ मा ५१.६१ प्रतिशत रहेको पाईन्छ । त्यस्तै जनघनत्व तर्फ २०६८ मा १३६.८१ रहेकोमा २०७५मट १३५.१० रहेकोछ, जो घटदो दरमा देखिन्छ । जातजातिगत रूपमा जनसंख्या हेर्दा मगर ८६.८ प्रतिशत, दलित ७.१४ प्रतिशत, बाहुन क्षेत्री ३.०२ प्रतिशत, नेवार १.१२ प्रतिशत र (ठकुरी तथा अन्य) १.८८ प्रतिशत रहेका छन । त्यस्तै, धर्मको हिसावले हिन्दु ९६.१७ प्रतिशत, बौद्ध २.१९ प्रतिशत (क्रिश्चियन,रअन्य मुस्लिम र अन्य) १.६४ प्रतिशत

छन् भने भाषिक हिसावले मगर मातृभाषा बोल्ने ८५ प्रतिशत नेपाली मातृभाषी १८.१६ र अन्य (नेवार) ०.२१ प्रतिशत मात्र रहेको छ। तलको तालिकामा यस गाउँपालिकाको जनसांख्यिक अबस्थालाई चित्रण गरिएको छ।

| वडा नं. | साविकका गा.वि.स. | क्षेत्रफल (ब.कि.मि.) | घरधुरी संख्या | | जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पूरूष | जम्मा |
| १. | बाकामलाङ् | २०.४९ | ५९९ | १६८८ | १८२२ | ३५१० |
| २. | सहलकोट | १२.४६ | ३३३ | ११४० | १२३५ | २३७५ |
| ३. | झिरुबास | ३१.०९ | ४५४ | १७१० | १८६९ | ३५७९ |
| ४. | मित्याल | ४२.७९ | ६९८ | २२७८ | २४१० | ४६८८ |
| ५. | गल्धा | २०.५२ | ७२० | २३३३ | २४२० | ४७५३ |
| ६. | अर्चले | २३.७७ | ४६० | १४०१ | १५२१ | २९२२ |
| ७. | ज्यामिरे | ४३.४३ | ५७४ | २१७४ | २२९१ | ४४६५ |
| जम्मा | | १९४.५ | ३८३८ | १२७२४ | १३५६८ | २६२९२ |
| प्रतिशत | | | | ४८.३९ | ५१.६१ | १०० |

*स्रोत: निस्दी गाउँपालिका पार्श्वचित्र, २०७५*

### १.२.३ भूमिको उपयोग

निस्दी गाउँपालिकाको वनावट नदी वेशी तथा पहाडी धरातल सम्म फैलिएको हुंदा यहां जमिनको भिरालोपन वढदै जांदा भू–क्षयको संभावनामा पनि वृद्धि हुने भएकोले कतिपय अवस्थामा १८–२० डिग्री भन्दा माथिको भिरालो जमिनको उपयोगलाई नियन्त्रण गर्ने गरेको तथा ५० डिग्री भन्दा माथिको भिरालो जमिनलाई पूर्णरुपमा संरक्षित भूमि (Protected Land) भनी घोषित गर्ने गरेको पाइन्छ। नेपालमा परम्परादेखि नै अभ्यास गर्दै आएको आधारमा यस जिल्लाको भू–भागलाई २ वटा वर्गमा विभाजन गरिएको पाइन्छ। प्रथम, खेती गर्न सकिने जमिन र दोस्रो, खेती गर्न नसकिने जमिन।

| क्र.स. | भूउपयोग | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|
| १. | खेतियोग्य जमिन | ६९८० | ३३.५१ |
| २. | बन क्षेत्र | ११२२६ | ५३.८९ |
| ३. | झाडी क्षेत्र | २३९० | ११.४७ |
| ४. | जलिय क्षेत्र | १७१ | ०.८२ |
| ५. | बांझो जमिन | ४ | ०.०२ |
| ६. | भिरालो जमिन | ६० | ०.२९ |
| | जम्मा | २०८३१ | १०० |

*स्रोत: निस्दी गाउँपालिका पार्श्वचित्र, २०७५*

### १.२.४ आर्थिक क्षेत्रको स्थीति

गाउँपालिकाको कुल जनसंख्या मध्ये कृषिमा निर्भर ४५.५३ प्रतिशत, वैदेशिक रोजगारमा १०.८५ प्रतिशत, भारतमा रोजगार १.६८ प्रतिशत, नेपालमै रोजगार ३.४४ प्रतिशत, व्यापार व्यवसायमा २.१५ प्रतिशत र अन्यविद्यार्थी तथा बालबालिकाहरुको संख्या ३६.३९ प्रतिशत रहेको छ भने कुल ३८३८ घरधुरी मध्ये ७०.८४ प्रतिशत घरधुरीलाई ६ महिना

भन्दा कम र २८.०१ प्रतिशत घरधुरीलाई मात्र ६ महिना भन्दा बढी समयलाई कृषि जन्य उत्पादनले धान्ने अवस्था देखिन्छ र बाँकी १.१५ प्रतिशत घरधुरीले खेतीपाती गर्दैनन। त्यस्तै, बार्षिक आम्दानीबाट २३.१९ घरधुरीलाई सजिलै पुग्छ, २६.७१ लाई मजदुरी गर्नपर्दछ, ३५.४१ प्रतिशतलाई ऋण थप्नु पर्दछ र बांकी १४.७ प्रतिशत घरधुरीले मात्र बार्षिक आम्दानीबाट वचत गर्न सकिने अवस्था छ।

गाउँपालिकाकाको 'एक वडा एक पकेट' कार्यक्रम अन्तरर्गत निस्दीको वडा नम्बर ३ झिरुबास्थित खादरमा अलैंची खेतीको सुरूवात गरिएकोछ। त्यस्तै, अर्चलेको लेकडाँडा वनमा वनमारा मासेर जडीबुटी पकेट क्षेत्रका रूपमा विकास गरिएको छ। टिमुर, तेजपात र अग्रिसोको पकेट क्षेत्रका रूपमा विकास भएकोछ। कृषि तथा पशु विकास निति अन्तर्गत एक वडा एक उत्पादन पकेट कार्यक्रमलाई निरन्तरता दिदै एक वडा दुई पकेटको स्थापना गरि क्षेत्र बिस्तार गर्ने योजना छ। कृषि उपज तथा पकेट क्षेत्र –अमिला जात फलपूल, लोकल कुखुरा, बाख्रा पालन, मौरी मह, बंगुर पालन, रैथाने बाली, मकै खेती, दलहन र अदुवा क्षेत्र) निर्धारण गरी सो को उचित बजारिकरण गर्ने योजना छ। युवाहरुलाई कृषिमा आकर्षण गराउन कोभिड लक्षित युवाहरुको लागि कृषि तथा पशु विकास प्रोत्साहन कार्यक्रम संचालन भएका छन्। अर्गानिक खेति प्रणलीलाई प्रबद्र्धन गर्दै कृषि योग्य जमिन संरक्षण सहित सिंचाईको व्यवस्था गर्दै आईएकोछ।

पशु उत्पादन तथा उत्पादकत्वमा बृद्धि ल्याउन खोर गोठ भकारो सुधार तथा नस्ल सुधार कार्यक्रम लाई उच्च प्राथामिकताका साथ संचालन भइरहेको छ। पशुपालन तथा कृषि बालीको जोखिम न्युनिकरणको लागि व्यवसायिक कृषकहरुको लागि बाली तथा पशु बिमामा प्रोत्साहन गरिएको छ। एक वडा एक माछा पोखरीका साथै कृषि तथा पशुपालन कार्यक्रम सम्बन्धी विभिन्न अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिएको छ। एक घर एक टणेल, एक प्लाष्टिक पोखरी एक करेशा वारी स्थापना लाई जोड दिइएको छ। कृषि यान्त्रीकरणमा ५० प्रतिशत तथा कृषि जन्य उत्पादित बस्तुको सामाग्रीमा ७५ प्रतिशत अनुदानको व्यवस्था मिलाउँदै व्यवसायिकरण, उत्पादित बस्तुको बजारिकरण र सामाजिक सम्मानको बातावरण सृजना गरिएकोछ।

कृषि तथा पशुपालनलाई प्रोत्साहनको लागि उत्पादनमा आधारित अनुदानको कार्यक्रम लागु गर्दै निस्दी गाउँपालिकालाई मासु, अण्डा, दुध र तरकारी मा आत्मानिर्भर गाउँपालिका बनउनमा मुख्य ध्यान केन्द्रित गर्दै उत्पादित बस्तु निर्यात गर्न सक्ने बनाउनको लागि कृषकलाई प्रोत्साहन गरिएको छ। विपन्न वर्गका कृषकहरुलाई अदुवा खेति तर्फ प्रोत्साहन गर्दै सहकारी मार्फत विक्री वितरण गर्ने प्रबन्ध मिलाइएको छ। प्राङ्गारीक मल तथा गड्यौला मल व्यापक बृद्धि गराउन प्रोत्साहन गरी पशु पालनलाई दिगो बनाउन निश्चित क्षेत्र तोकी डाले तथा भुई घाँस खेती अनिवार्य गराउँईएकोछ। साथै, आत्मनिर्भर हुने गरी कृषि तथा पशु उत्पादनमुखि, व्यवशायमुखि तथा स्वरोजगारमुखि कार्यक्रमहरु रहेको छ।

### १.२.५ सामाजिक क्षेत्रको स्थीति

यस गाउँपालिकाको शैक्षिक अवस्थालाई विश्लेषण गर्ने गर्दा जनसंख्याको कुल ८६.८६ प्रतिशत साक्षर, ९.०२ प्रतिशत निरक्षर, र बाँकी ४.१२ प्रतिशत विद्यालय उमेर नपुगेको जनसंख्या देखिन्छ। गाउँ शिक्षा ऐन तथा कार्यविधी तयार गरी आवश्यकता र औचित्यका आधारमा विद्यालय समायोजन एवम् एकीकरण तथा शिक्षक दरबन्दी मिलान गर्ने योजना रहेको छ। शिक्षक दरबन्दी मिलान गर्दा पनि संचालित कक्षा, शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक न्यून भएका विद्यालयहरुमा शिक्षक अनुदानको व्यवस्था गरिएको छ। शिक्षामा पहुँच, टिकाउ र गुणस्तर सुधारको सुनिश्चिततामा जोड

दिईएको छ । प्रारिम्भक वालविकास केन्द्रहरूलाई आवश्यकता र औचित्यका आधारमा नयां थप, बिस्तार, समायोजनका काम भएका छन् ।

स्वास्थ्य जनसंख्या तर्फ नीति तथा कार्यक्रम अनुरुपनै अति विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम सुरू गरिएको छ। जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम, हरियो झण्डा तथा अण्डा कार्यक्रम, सहलकोटमा बर्थिङ सेन्टर संचालन, बाह्य खोप केन्द निर्माण तथा सेवा प्रवाह, संस्थागत सुत्केरी विमा कार्यक्रम, सामुदायिक स्वास्थ्य इकाई संचालन गरिएको छ। स्वास्थ्य शिविर, घुम्ती क्लीनिक, प्राथमिक उपचार, औषधि बाकस व्यवस्थापनलाई सुढृढ बनाइनेछ। दिवाखाजा कार्यक्रम व्यवस्थित रुपमा लागू गरिएको छ। सेनेटरी प्याड व्यवस्थापन गरिएको छ। विश्वव्यापी महामारीको रुपमा फैलिरहेको (कोभिड–१९) नोभेल कोरोना भाईरस संक्रमण रोकथामको लागि विशेष जोड दिइएको छ। स्वास्थ्य संस्थाहरुबाट दिईने सेवाहरु प्रतिकारात्क सेवा, प्रबर्धनात्मक सेवा,उपचारात्मक सेवालाई व्यवस्थित गर्दै गईएकोछ । स्वास्थ्य सेवाका कार्यक्रमहरु निशुल्क रुपमा सर्वशुलभ तरिकाले जनताको पहुँच सम्म पुर्याइएकोछ । निस्दी गाउँपालिका वडा नं ४ मित्याल स्वास्थ्य चौकीबाट ल्याव सेवा संचालन गरीनरेछ साथै अन्य वडामा क्रमश लागू गर्ने योजना छ। निस्दी गाउँपालिकालाई शुन्य होम डेलिभरी (पूर्ण संस्थागत सुत्केरी) घोषणा कार्यक्रमको गर्नको लागि वडागत घोषणा गर्दै लाने र यस पालिकालाई पूर्ण सरसफाई पालिका घोषणा गर्नको लागि वडाबाट पूर्ण सरसफाई कार्यक्रम संचालन गर्न लागिएकोछ ।

## १.२.६ भौतिक पूर्बाधार अवस्था

खानेपानी तर्फ एक घर एक धारा कार्यक्रम, पूर्वाधार तर्फ बेलडाँडा मित्याल अरुणखोला मोटरबाटोको ट्र्याक खोली सवारी संचालन भईरहेका छन । मित्याल जलुके मोटरबाटोको स्तरउन्नति, वडाभित्र मागमा आधारित नयाँ ट्र्याक निर्माण तथा पुराना सडकको स्तरोन्नती गर्ने कार्य सम्पन्न गरिएको छ। संचारतर्फ झ्यालटुङमा नेपाल टेलिकमको टावर निर्माण, प्रत्येक वडामा इन्टरनेटको पहुँच, विद्यालय, स्वास्थ्य संस्था, प्रहरी चौकीमा इन्टरनेट जडान गरिएकोछ । हावाबाट बिजुली निकालेर यस गाउँपालिकाको मित्यालका १५० घरधुरी उज्यालो बनेका छन् । यसकालागि वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्र र निस्दी गाउँपालिकाको गरी दुई करोड १५ लाख संयुक्त लगानीमा हावा र सौर्यबाट २५ किलोवाट बिजुली उत्पादन भएको छ । यसबाट झ्यालटुङ, रुक्सेभन्ज्याङ, काफलडाँडा, मौलाथर, मित्याल बजारका १५० घरधुरी र प्रहरी चौकी, स्वास्थ्य कार्यालय, गौरीशशंकर मावि, मौलादेवी र मित्याल आधारभूत विद्यालयमा समेत विद्युत्को पहुँच पुगेको छ ।

## १.२.७ वन तथा वातावरण

यस गाउँपालिकाको बन क्षेत्रको अवस्थालाई हेर्दा १३६५२ हेक्टर वन जंगल (वन क्षेत्र र झाडी क्षेत्र ) भएको पाईन्छ । यहाँको वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक ब्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्न निस्दी गाउँपालिकाले काउलेडाँडा कवुलियती वन क्षेत्रलाई एउटा पर्यटकीय तथा आकर्षक स्थलकमो विकास गर्दै गएको छ। यो कवुलियतीत बन क्षेत्र जहां २२७ घरधुरी १९ वटा समुहमा आवद्ध रही झण्डै २४७ हेक्टरमा अम्रिसो रोपण गरिएकोछ। यसका अलवा थरिथरिका घाँसका विरुवा तथा हजारौको संख्यामा दालचिनी, टिमुरअलैंची जस्ता बोट विरुवाहरु समेतको खेति गरिएकोछ ।

### १.२.८ संस्थागत व्यवस्था

गाउँपालिकाको समग्र समन्वय र विषयगत निकायहरुको विषयगत क्षेत्रको नेतृत्वमा गाउँ विकासको विद्यमान स्थितिको चित्रण गर्दै विकासका सम्भावना र आवश्यकताका आधारमा गाउँपालिकाको रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, आयोजना तथा कार्यक्रमको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली संस्थागत भएको पाईन्छ। यसबाट गाउँको एकिकृत विकासमा स्थानीय तथा वाह्य श्रोत साधनको पहिचान तथा परिचालन र नगर विकासका सरोकारवाला (सरकारी, गैर सरकारी, निजी र नागरिक) बीच समन्वय, सहकार्य तथा साझेदारीमा अभिबृद्धि भई विकासका प्रयासहरु व्यवस्थित, नतिजामूलक तथा प्रभावकारी हुदं गएको स्पष्ट छ। संस्थागत विकास तथा सेवा प्रवाह अन्तर्गत सबै वडामा सार्वजनिक सुनुवाई सम्पन्न गरिएको छ। गाउँपालिकामा डिजिटल नागरिक बडापत्रको व्यवस्था गरिएको छ। अनुगमन प्रणालीलाई ब्यबस्थित गरिएकोछ, कानुनले दिएका अधिकारहरूलाई कार्यान्वयन तथा संस्थागत गर्न बिभिन्न ऐन तथा नियमहरूबनाई तिनिहरूको कार्यान्वयन गरी नागरिकहरूलाई सेवा उपलब्ध गराईएकोछ।

### १.३ पालिका सम्बृद्धिको आधार

समग्र विकास निर्माणको लागि निस्दी गाउंपालिकावाट पारित भएका ऐन कानुन र उक्त ऐन कानुन अनुसार सेवाग्राहीहरुलाई गुणस्तरिय सेवा दिने निर्वाचित जनप्रतिनिधीहरु यहांका विकासका संभावनाहरू हुन्। विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारीको अवसर श्रृजना गर्ने, कृषि क्षेत्रको व्यवसायिकिकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुर्याउने योजना अघि बढेको छ। मानवीय विकास नै भौतिक विकासको आधार भएको हुनाले शिक्षा क्षेत्र, कोभिड–१९ नियन्त्रण तथा व्यवस्थापन, मगर भाषा, साहित्य,कला संस्कृतिको संरक्षण र प्रवद्र्धन, गरिवी निवारण, पूर्ण सरसफाई तथा लैगिंक तथा समावेशी विकासका लागि सामाजिक परिचालन कार्यक्रम, महिला बालबालिका तथा पिछडिएको क्षेत्रका समुदायलाई प्रत्यक्ष लाभ पुर्यायाउने कार्यक्रम, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बद्र्धन गर्न सघाउ पुर्याउने कार्यक्रम, स्थानीय स्रोत साधन र सीपको उच्चतम प्रयोग गरी रोजगारी सिर्जना गर्ने रहेको छ।

प्राकृतिक श्रोत र साधनले भरीपुर्ण, दालचिनी, अम्लिसो , अदुवा, अलौची, उंखु, दलहन आदिको उत्पादन, चुनढुंगाको खानी, मगर कला र संस्कृती, ब्यबस्थित कवुलियती वन तथा अन्य वन, श्रमजिवी जनता, सडक संजाल विस्तार गरी प्रदेश नं ४ र ५ जोड्ने छोटो सडक, जलविद्युतको संभावना भएको निस्दी र आरुङखोला यहाँका संभावनाहरू हुन। निस्दीमा एक वडा एक उत्पादन कार्यक्रम सम्पन्न गरिएको छ। पशुपालन लाई व्यवस्थित गर्न भकारो तथा खोर सुधार कार्यक्रम, व्यवशायिक बाख्रा पालन, तरकारी खेती गर्ने किसानहरुलाई अनुदान उपलब्ध गराइएको छ। दर्ता भएको जग्गा तथा सार्वजनिक जग्गाको लागत लिन मालपोत तथा नापि कार्यालयसंग सहजिकरण गर्दै कृषिलाई व्यवसायिक बनाउन माटो परिक्षण गरी कृषिको व्यवसायिकरण गरिएको छ। बाँझो जग्गामा माटो तथा स्थानीय हावापानी सुहाउदो खेती, फलफुल वा वृक्षारोपण अनिवार्य गराउँदै कृषि उपज विक्रीको लागि कृषि एम्बुलेन्स सेवाको व्यवस्था गरिएकोछ। गाउँपालिकाको दीर्घकालिन सोच अनुसार आय बृद्धि, गुण्स्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिम न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्मा अतिकम विकसित गाउँपालिकाबाट विकासशिल गाउपालिकामा स्तरोन्नती गर्ने रहेको छ।

निस्दीमा घरेलु तथा साना उद्योग तर्फको नीति लोप हुन लागेका स्थानीय सीपहरुको खोजीगरी संरक्षण तथा प्रवद्र्धनको लागि सीप विकासका तालिमहरु संचालन भएकाछन । नयां व्यवसायका क्षेत्रहरुको पहिचानको लागि उद्यमशिलता सम्वन्धि तालिमका कार्यक्रमहरु संचालन गर्दै जिल्ला घरेलु कार्यलयसंग सम्पर्क गरी घरेलु उद्योग सम्बन्धी कार्यक्रम समन्वय, साझेदारी तथा सहकार्यमा अगाडि बढाइएको छ । परम्परागत आरन घरलाई सुधार गर्दै व्यवशायिक आरनघर निर्माणमा जोड दिएका छ । सहकारी तथा गरिवी निवारण सहकारी एकीकरण अभियान प्राथमिकताका साथ लागु गर्दै कृषि तथा पशु तर्फका कार्यक्रमहरु सहकारी मार्फत सञ्चालन गर्ने प्रबन्ध मिलाइनेछ, साथै स्थानिय स्तरमा रोजगारी सिर्जना गरी गरीबी निवारणमा सहयोग पुर्याउने गरिएको छ। गाउँपालिका स्तरीय सहकारी समन्वयन समितिद्धारा सहकारी संस्थालाई अझ व्यवहारीक, सरलीकरण तथा प्रभावकारी बनाउँदै संचालन गरिएको छ। सहकारी संस्था संचालनमा आइपर्ने समस्याहरु समाधान गर्न व्यवस्थापन तथा लेखा सम्बन्धी सहकारी तालिमलाई निरन्तरता दिइएको छ। गाउँपालिका भित्रका सहकारीहरुको असल अभ्यास आदानप्रदानको लागि अन्तरिक्रया कार्यक्रम सञ्चालन गरिएको छ। विपन्न वर्गहरुको पहिचान गरी सहकारी मार्फत विना धितो ऋण दिने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

निस्दीको प्रमुख पर्यटकलाई आकर्षित गर्न काउले बनमा विस्तृत योजना निर्माणाधिन अवस्थामा रहेको छ। पर्यटन नीति अन्तर्गत पर्यटन गुरुयोजना बनाउँदै धार्मिक तथा पर्यटकीय स्थलहरु क्रमशः निर्माण गर्दै लगिएको छ। पर्यटकिय क्षेत्रको रुपमा, वडा नं. २ मा जुरेगुफा, वडा नं. ३ मा काउले डाँडा, वडा नं. ४ मा बल्ड्याङ देवी मन्दिर, वडा नं. ५ मा नामसुर्घा डाँडा तथा वहपुर सुन्तलाक्षेत्र, वडा नं. ६ र ७ मा लेकडाँडा जस्ता ठाउँहरुलाई रमणीय, मनमोहक र अझ सुन्दर बनाउन विषेश ध्यान दिइनेछ। कुंडुले घर आँखाको नानी, मगर कला र संस्कृतिको धनी भनेझै पुरानो भेषभुषा, नाच, स्थानीय उत्पादनको खाना, ढिकी, झाँतो तथा कुंडुले घरहरुको संरक्षण र निर्माण कार्यमा आर्थिक सहयोग दिइएको छ। मगर संस्कृतिको जगेर्ना गर्न ठूलोनाच, घाटु नाच, कौरा नाच, झ्याउरे नाचको हरेक वर्ष पालिका स्तरीय प्रदर्शन प्रतियोगिता मार्फत पर्यटनमा जोड दिइएको छ।

शिक्षा नीति तथा कार्यक्रम अन्तर्गत कोभिड १९ महामारीको प्रभाव न्यूनिकरण र व्यवस्थापनलाई प्रभावकारी बनाउन ध्यान दिइएको छ। कोरोनाका कारण नियमित पठनपाठन हुन नसकेकाले वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरणका विविध आयामलाई प्रभावकारी ढंगले अवलम्बन र कार्यान्वयन गरिएको छ।

खानेपानी तथा सरसफाईतर्फ प्रत्येक टोलमा खानेपानी धारा निर्माण अभियान संचालन गरि एक घर एक धारा अभियान समेत संचालन गरिएको छ भने खानेपानी को साथ साथै सरसफाई तथा पूर्ण सरसफाई कार्यक्रम संचालन गरिएको छ। खानेपानी आयोजनालाई दिगो र टिकाउ बनाउनको लागि समूदायलाई योजना हस्तान्तरण गरि समूदायबाट नै मर्मत सम्भारको व्यवस्था मिलाउँदै खानेपानी नपुगेका टोल र वस्तीरुमा लिफ्टिङ तथा ग्राभिटि मार्फत खानेपानीको व्यवस्था गरिएको छ।

संस्कृति प्रवद्र्धनतर्फ यहाँको भाषा कला परम्परालाई जीवन्त बनाउन भाषाको संस्कृतिको संरक्षणलाई जोड दिईएकोछ। यहाँका परम्परागत कुंडुले घर जोगाई राख्नको निम्ति कुंडुले घर निर्माणमा अनुदान दिइनेछ। कौरा नाच, घाटु नाच लगायतका अन्य नाच तथा गीतहरुको वार्षिक रुपमा प्रतियोगिता संचालन गरिएको छ भने धार्मिक तथा सांस्कृतिक सम्पदालाई व्यवस्थित गर्दै विभिन्न मठ, मन्दिर, गुम्बा, विहार स्थापनामा जोड दिइएकोछ।

## १.४ योजना तर्जुमाका मार्गदर्सक आधारहरु

योजनाबद्ध विकास प्रक्रियाले मात्र व्यवस्थित, जनकेन्द्रित, दीगो तथा प्रभावकारी रुपमा समग्र सामाजिक तथा आर्थिक विकासका उपलब्धीहरु हासिल गर्न सकिने विश्वासका साथ नेपालमा छ  दशक भन्दा अगाडी देखि योजनावद्ध विकास प्रक्रियाको थालनी भई हाल चालू पन्ध्रौं  योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) अवधिसम्म आइपुगेको छ। यो प्रक्रियाको सुरुवात यद्यपि विगतमा स्थानीय निकायहरु मार्फत भएको थियो, त्यसैको निरन्तरता स्वरूप  गाउँपालिकाहरुले आफ्नो आवधिक, बार्षिक तथा रणनीतिक योजनाहरु बनाई लागू गर्दै आईरहेका छन।

## १.५ योजना तर्जुमा विधि र प्रक्रिया

स्थानीय सरकार संचालन ऐनको दफा २४ को व्यवस्था अनुसार विषय विज्ञको सहयोगमा गाउँपालिकाको विषयगत समितिहरूको बृहत छलफलबाट आवधिक योजनाको मसौदा तयार पारि यस गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत गरिएको छ।

### १. ५.१ आवधिक गाउँ विकास योजना तर्जुमाका प्रक्रिया

- कार्य विवरणमा उल्लेखस्थानीय सरकार संचालन ऐनको दफा २४ को व्यवस्था अनुसार विषय विज्ञको सहयोगमा गाउँपालिकाको विषयगत समितिहरूको बृहत छलफलबाट आवधिक योजनाको मसौदा तयार पारी गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत गरिएको छ।आधारमा सापेक्षिक मूल समस्या, सवालहरु तथा चुनौती र अवसरहरुको पहिचान।
- बस्तुस्थिति र समस्या तथा सवालहरुको आधारमा लक्ष्य, उद्देश्य तथा नतिजाहरु÷कार्य नीतिको प्रतिपादन गरी विभिन्न विषयगत योजनाहरु तथा दीर्घकालीन भौतिक एवं सामाजिक विकास योजनाको तर्जुमा  र कार्यक्रमहरुको प्रस्तावना।
- प्राविधिक, आर्थिक र संस्थागत पक्षलाई दृष्टिगत गरी योजनाहरु कार्यान्वयनको लागि वित्तीय विश्लेषण र लगानी योजना।
- गाउँपालिका सम्वन्धी बिभिन्न पुस्तक, लेख, अनुसन्धानात्मक कृतिहरु, गाउँपालिकाको वार्षिक प्रतिवेदन, वार्षिक कार्यक्रम, आवधिक योजना तर्जुमा राष्ट्रिय अवधारणा, योजना मापदण्ड, भौतिक विकास योजना प्रतिवेदन आदि संकलन तथा अध्ययन गरिएको थियो।
- आवधिक गाउँ विकास योजना तर्जुमा सम्वन्धी पहिलो गोष्ठीबाट निर्देशन भएकपाँचवटा विषयगत समितिहरु (आर्थिक विकास, सामाजिक विकास, भौतिक तथा पुर्वाधार बिकास, वन वातावरण तथा विपद व्यवस्थापन, तथा संस्थागत विकास) गठन ।
- दीर्घकालीन सोचको बारे गाउँपालिकाको सबै तहमा छलफल भई समयको परिवर्तन संगै विकासका नया सिद्धान्त, संभावना र समस्याहरुलाई समेत सम्वोधन गर्ने उद्देश्यले दीर्घकालीन सोचको तर्जुमा गरि अगाडी बढ्ने सहमति भएको।
- विषयगत तथ्याङ्क संकलन गर्न विशेषज्ञ टोलीले विभिन्न सरकारी, अर्धसरकारी, सामाजिक संस्थाहरु, र अन्य निकायहरुका प्रतिनिधिहरुसँग छलफल गरी सामाजिक, आर्थिक, सांस्कृतिक एवं पूर्वाधार सम्वन्धी प्राप्त विविध सूचना÷तथ्याङ्कको विश्लेषणका आधारमा गाउँपालिकाको बस्तुगत विवरण तयार गरिएको ।
- तर्कबद्ध प्रणालीमा आधारित विषयगत क्षेत्रका विकास योजनाहरु तथा बहुक्षेत्रगत लगानी कार्यक्रम मस्यौदा सम्बन्धित उप–समितिहरु र निर्देशन समितिमा प्रस्तुतिकरण तथा सुझावहरु संकलन।
- सहभागितात्मक अन्तिम कार्यशाला गोष्ठीमा आवधिक योजनाको मस्यौदा प्रस्तुतिकरण र सुझाव संकलन  र आवधिक योजनाको अन्तिम मस्यौदा तयारी।

- यस योजनालाई गाउँपालिकाको विकासको समग्र पक्षहरूलाई समेट्दै अन्य सबै खालका योजनालाई दिशा निर्देश गर्ने हिसाबमा तर्जुमा गरिएको छ।
- स्थानीय तह सञ्चालन सम्बन्धी संघीय कानून स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाले योजना बनाउँदा प्राथमिकतादनु पर्ने विषयहरुका अतिरिक्त विकासका कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह तथा अन्य गाउँपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरु समेत तोकेको छ। यो योजना तर्जुमा गर्दा उपरोक्त विषयहरुसमेतलाई मध्यनजर गरिएको छ।

### १. ५.२ योजना तर्जुमा कार्यशाला

***पूर्वतयारी छलफल एवम् सहमति निर्माण***

गाउँ वस्तुगत विवरण तथा आवधिक योजनाका तयारी प्रक्रियालाई व्यवस्थित र प्रभावकारी रुपमा संचालनका लागि मार्गनिर्देशन गर्ने उद्देश्यले गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा निर्देशन समिति गठन गरी वस्तुगत विवरण तयारी सम्बन्धी अभिमुखीकरण २०७८ वैशाख ११ गते पहिलो सत्रमा सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा योजना तर्जुमाका प्रस्तावित विधि र प्रक्रिया, संलग्न जनशक्ति तथा प्रस्तावित समय सीमाका बारेमा जानकारी गराइएको थियो। यस कार्यक्रममा गाउँपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, सदस्यहरू, गाउँपालिकाका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिलगायत कुल ४० जनाको उपस्थिति रहेको थियो। उपरोक्त छलफल एवम् सहमति निर्माण सम्वन्धी कार्यक्रम पश्चात् वडास्तरमा आवधिक योजनाको अभिमुखिकरण बस्ति तथा वडास्तरका योजनाहरूको सहभागितात्मक पद्धतिबाट संकलन गर्ने काम प्रारम्भ गरियो।

***दीर्घकालीन सोच कार्यशाला***

संकलित तथ्यांकहरूमा आधारित रही वस्तुगत विवरणको प्रारम्भिक खाका तयार गरिसकेपछि मिति २०७८ आषाढ ११ र १२ गते गाउँपालिकाको दीर्घकालीन सोच निर्माण कार्यशाला सञ्चालन गरियो। उपरोक्त कार्यशालामा गाउँपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, सदस्यहरूलगायत कुल ३६ जनाको उपस्थिति रहेको थियो। उपरोक्त गोष्ठीमा सर्वप्रथम गाउँपालिका वस्तुस्थिति विवरणको सारांश प्रस्तुत गरी सहभागीबाट आवश्यक सल्लाह सुझाव संकलन गरियो। दीर्घकालीन सोच तर्जुमा गर्ने दौरानको सुरुमा आवधिक गाउँ विकास योजना (आगावियो) अवधारणा, दीर्घकालीन सोचको स्थान, महत्व र आवश्यकता तथा यसका चरित्रलगायतका विषयमा सहभागीलाई प्रष्ट पारियो। तत्पश्चात सहभागी सबैलाई आफूले देख्न चाहेको गाउँपालिकाको आदर्श अवस्थाका बारेमा लेख्न लगाइयो। यसपश्चात् सबै सहभागीलाई पांचवटा समूहमा विभाजन गरी सहभागीबाट आएको आदर्श अवस्थालाई सुधार गरी प्रस्तुत गर्न लगाइयो।

उपरोक्त कार्यशालामा आवधिक गाउँ विकास योजना तर्जुमाका लागि विकासका समग्र विषय क्षेत्र समेट्ने गरी विभिन्न पाँच विषयगत समितिहरू आर्थिक विकास समिति; सामाजिक विकास समिति; भौतिक पूर्वाधार विकास समिति; वन, वातावरण तथा विपद् व्यवस्थापन समिति र संस्थागत विकास तथा सुशासन समिति गठन गरियो।

***वडास्तरिय कार्यशाला तथा आधार रेखा सुचना तथा वस्तुस्थिति विश्लेषण***

योजना तर्जुमाको लागि अभिमुखीकरण कार्यक्रम २०७८ बैशाख ११ गते सकिए लगत्तै २०७८ बैशाख १२ देखि १७ गते यस गाउँपालिकाका ७ वटै वडाका वडाध्यक्ष, वडा सचिव तथा वडा सदस्यहरु लगायत सरिकारवाला हरू र स्थानीय नागरिकहरू

समेतसंग छलफल गरी गाउँपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्थाको आधाररेखा सुचना संकलन, समस्या तथा संभावना बिश्लेषण, र आगामि ५ बर्षकालागि योजना गरियो । यसरी संकलन गरिएको योजना तथा आधाररेखा सुचनालाई गाउँपालिकाको वस्तुस्थिति विवरणसंग रुजु गरी विभिन्न क्षेत्रको आधार रेखा सुचनासंग दाँजेर विष्लेषण गरियो । यस अवसरमा गाउँपालिकाको सबल पक्ष, कमजोर पक्ष, अवसर चुनौति तथा समस्या समाधान गर्ने रणनीति तथा कार्यनीतिहरु तय गरियो । यसकोसाथै आवधिक योजनाको ५ वर्षे कार्यान्वयन योजनाकालागि अनुमानित बजेट, कार्यान्वयन वर्ष तथा आयोजना सञ्चालन हुने स्थानसहितको प्रमुख कार्यक्रम तथा क्रियाकलापहरुको पहिचान गरियो ।

### *विषय क्षेत्रगत कार्यशालाहरू*

गाउँपालिकाको सबल र कमजोर पक्ष तथा चुनौतिहरुको विश्लेषण गरी गाउँपालिकाको विकासकालागि यसका प्रमुख संभावना तथा अवसरहरुको बिश्लेषण र सोबाट प्राप्त हुन सक्ने प्रतिफलहरुको बारेमा छलफल गरियो । समस्टिगत रुपमा गाउँपालिकाको सम्भावना तथा अवसर, समस्या तथा चुनौति र समस्या तथा चुनौतिको समाधानका उपायहरूको बारेमा छलफल गरी कार्यक्रम तथा तिनका सुचकहरु समेत वनाउने काम भयो ।

आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण गाउँपालिकाका सरोकारवालाहरूसंग सहभागितामूलक छलफलबाट गरिएको थियो । गाउँपालिकाको आधार रेखा सुचना तथा कार्यशाला गोष्ठीका सहभागीहरुसंगको छलफलबाट प्राप्त भएका सम्भावना तथा अवसर, समस्या तथा चुनौतिहरू र समस्या समाधानका उपायहरूलाई परामर्शदाताबाट लिपिबद्ध गरियो । गाउँपालिकाको नेतृत्वमा यसका सरोकारवालाको अर्थपूर्ण सहभागितामा विषयगत प्रमुखहरूको सहभागिता भएको उक्त कार्यक्रमलाई विषय विज्ञको सहजीकरणमा सञ्चालन गरियो । यस कार्यक्रममा गाउँ विकासको लक्ष्य, उद्देश्य, नीति, निर्देशक सिद्धान्त निर्धारण सहित आधाररेखा सुचना सहितको नतिजा खाकामा ढाल्ने कार्य गरियो । गाउँपालिकाको दीर्घकालिन सोंच, लक्ष्य, उद्देश्य, नीति, निर्देशक सिद्धान्तसंग मेल खाने गरी ५ वर्षे कार्यान्वयन योजना निर्माणकालागि ५ वटा विषयगत समूहमा छलफल गरी प्रमुख कार्यक्रम तथा क्रियाकलापहरुमा व्यापक रुपमा छलफल गरी निष्कर्षलाई प्रस्तुत गरी सुझाव संकलन गरियो । यस गोष्ठीमा गाउँपालिकाका समष्टिगत लक्ष्य प्राप्त गर्न यसको वर्तमान आर्थिक तथा मानवीय स्रोत साधनलाई आधार मानी सरोकारवालाहरूका प्रत्यक्ष सहभागितामा स्थानीय तहको अधिकार क्षेत्रका सबै विषय समावेश गरिएको ५ बर्षे आवधिक गाउँ विकास योजनाको मस्यौदा तयार पारियो । यो योजनाको आधारमा गाउँपालिकाले बार्षिक योजनाको नीति तथा कार्यक्रम र बजेट विनियोजन गर्ने गरी योजनाको नतिजामा आधारित अनुगमन, मुल्याङ्कन, तथा समिक्षा गर्ने ढाँचाको प्रारुप समेत तयार पारिएको छ ।

# परिच्छेद – २: विगतका योजनाको क्षेत्रगत समीक्षा तथा स्थीति विश्लेषण

# परिच्छेद - ३ : योजना खाँका

## ३.१ पृष्ठभूमि

संवैधानिक प्रावधान अनूरुप हाल नेपालको शासकिय स्वरुप संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा राज्य शक्तिको वांडफांट भएकोछ । साथै, संविधान प्रदत्त अधिकार अनुरुप तिनै तहका सरकारहरुले आफ्नो अधिकार क्षेत्रभित्र कानुन बनाउने, वार्षिक बजेट तर्जुमा गर्ने, नीति तथा नियमहरुको वनाउने र त्यसको कार्यान्वयन समेत गर्दै आइरहेका छन । अतः निस्दी गाउँपालिकाले संविधान प्रदत्त दायित्व तथा अधिकार प्रयोग गरी गाउँपालिकाका विकासका समग्र पक्षहरूको बृहत्तर अध्ययन पश्चात् उपलब्ध संभावना, अवसर, समस्या, तथा बाधाहरूलाई मध्यनजर गर्दै दीर्घकालीन सोचका साथ नगर विकास प्रक्रियालाई अघि बढाउको छ ।

यस आगावियोको समग्र लक्ष गाउंपालिका वासीको साझा भविष्य कोर्न सवै सरोकारवालाहरूसँगको समझदारीमा साझा दस्तावेज तयार गर्नु हो । यसले गाउंपालिकाको दीर्घकालीन सोच, गाउँ विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गर्दै एकिकृत विकासकालागि भविष्यको मार्गचित्र तयार गर्दछ । यो योजना स्थानगत विशेषताहरूमा आधारित बहुविषयगत योजना तथा विषयगत योजनाहरूका लागि मार्गदर्शक योजना हो ।

## ३.२ गाउंपालिकामा विकासका प्रमुख संभावना तथा अवसर र समस्या तथा चुनौतिहरु

गाउपालिकाको समग्र विकासका प्रमुख संभावना, अवसर, समस्या तथा चुनौतिहरुको लेखाजोखा गरि २०७५ पौष ३ गते गाउँपालिकाको ५ वर्षे दीर्घकालीन सोच तय गरिएको थियो । गाउँपालिकाको समग्र अवस्थालाई विश्लेषण गर्दा यहांको प्राकृतिक, भौगोलिक, सामाजिक, साँस्कृतिक, राजनीतिक र ऐतिहासिक दृष्टिले यो गाउँपालिका पाल्पा जिल्लाको मात्र नभई लुम्विनी प्रदेशलाई गन्डकि प्रदेशको स्याङ्जा जिल्ला र नवलपुर जिल्लाहरूसंग जोडने छोटो नाकाको रुपमा विकास हुन गइरहेको छ । तथापि, हालको आर्थिक, सामाजिक, मानवीय र भौतिक विकासको गती, लगानी आदिको अवस्थालाई हेर्दा अपेक्षाकृतरुपमा नतिजाहरुको प्रभावकारीतामा वृद्धि हुन सकिरहेको छैन । गाउँपालिकालाई कृषि, पर्यटन उद्योग तथा अधिकांश घरधुरीको मुख्य पेशा कृषि नै भए पनि आम्दानीको प्रमुख श्रोतमा भने विस्तारै परिवर्तन आएको छ । विगत विगत २० वर्षअघि करिब २०५५ सालतिर अधिकांश घरधुरीको आम्दानीको मुख्य श्रोत कृषि एवम् ज्यालादारी रहेकोमा हाल आएर कृषि तथा ज्यालादारी लगायत वैदेशिक रोजगारी, व्यापार व्यवशाय, नोकरीपनि आम्दानीको मुख्य हिस्साका रुपमा बढ्दै गएको देखिन्छ । वैदेशिक रोजगारी त अहिलेको प्रमुख आम्दानीको श्रोत बन्न पुगेको छ । करिव ७५ प्रतिशत घरधुरीबाट रोजगारीको लागि विदेश गएको अनुमान गर्न सकिन्छ ।

शिक्षातर्फ कुरा गर्दा विद्यालय जाने उमेरभन्दा माथिल्लो उमेर समूहका करिब ८६.८६ प्रतिशत नागरिक साक्षर भएको अनुमान छ । बालबालिकालाई विद्यालय पठाउने प्रवृत्तिमा मात्रात्मक तथा गुणात्मक दुबै रूपले सुधार भएको देखिन्छ । तथापि, केहि बालबालिकाहरु अझै पनि विद्यालय जाने नगरेको पाइन्छ । गाउंपालिका भरिका धेरैजसो विद्यालयमा हालका वर्षहरूमा एसएसइमा ए प्लस र साविक एसएलसीको प्रावधान हुँदा विशिष्ठ श्रेणी ल्याई उत्तीर्ण गर्ने विद्यार्थीहरूको संख्या भने अत्यन्त नगण्य रहेको पाइन्छ, यसबाट शिक्षाको गुणस्तरमा भने धेरै सुधार गर्नुपर्ने देखिन्छ । त्यस्तै, खेलकुदको पूर्वाधार तथा खेलकुद विकासको दृष्टिकोणले गाउंपालिका प्रारम्भिक अवस्था रहेको पाइन्छ । विद्यालयस्तरमा हुने केही प्रतियोगिताहरू बाहेक अन्य

नियमित खेलकुद प्रतियोगिताको अभ्यास हुने गरेको छैन । मुख्य खेलकुद मैदानहरू विद्यालयमा रहेका खेलकुद मैदानहरू नै हुन् । खेलकुदका लागि मैदान वा कभर्ड हलको अभाव रहेको छ भने गाउंपालिकामा प्रदेश तथा राष्ट्रियस्तरका खेलाडीहरू उतपादन गर्नु गाउंपालिकाको मुख्य चूनौति रहेको छ ।

स्वास्थ्य सेवाको कुरा गर्दा यस गाउंपालिकामा हालसम्म अस्पताल स्तरको स्वास्थ्य सेवा रहेको पाइँदैन, कतिपय वडाहरूमा त स्वास्थ्य चौकी, बर्थिङ सेन्टर, औषधी पसलहरूसमेत भएको पाइँदैन । स्वास्थ्य तर्फ टाइफाइड, जण्डिस, पत्थरीजस्ता रोगहरू पनि बढेको पाइन्छ । खानेपानी यस गाउंपालिकाको सबैभन्दा ठूलो समस्याका रुपमा देखिन्छ । हालसम्म पनि सीमित क्षेत्रमा मात्र पाइपधारा वितरित खानेपानीको उपलब्धता रहेको देखिन्छ भने धैरैजसो वडाहरूमा खोला, तथा प्राकृतिक स्रोतमै निरभर रहनु परेको छ ।

हाल करिब ९७.५ प्रतिशतभन्दा बढी घरधुरीमा मोबाइल सेवा भएको पाइन्छ । यसबाट सञ्चारतर्फ खासगरी मोबाइल सेवामा उल्लेख्य प्रगति भएको देखिन्छ ।

ऊर्जाको श्रोतमा पनि उल्लेख्य परिवर्तन आइरहेको देखिन्छ । करिब २० वर्ष अगाडिसम्म धैरै घरधुरीले बत्तीका लागि खासगरी मट्टितेल प्रयोग गर्ने गरेको पाइन्थ्यो भने हाल आएर सरकारी तवरवाट बिजुली बत्तीको पहुँच गाउंपालिका भरि पुरयाउने कार्यक्रम वनेको छ भने पेल्ट्रिक सेट र सौर्य उर्जाको प्रयोग केहि घरधुरीहरुले गरेको पाइन्छ। यस्तै, खाना पकाउने प्रयोजनको लागि २० वर्ष अघि जस्तै हाल सम्म सवै घरधुरीको मुख्य श्रोत दाउरा रहेकोछ  सडक सुविधासंगै विस्तारै ग्याँस, बिजुली तथा ग्यांस खाना पकाउने मुख्य ऊर्जाको रुपमा स्थापित हुँदै जानेछ ।

हाल करिब ८५ प्रतिशतभन्दा बढी घरधुरीमा मोबाइल सेवा भएको पाइन्छ भने २० वर्षअघि करिब पाँच प्रतिशत घरधुरीसँग मात्र मोबाइल सेवाको पहुँच रहेको अवस्था रहेको थियो । यसबाट सञ्चारतर्फ खासगरी मोबाइल सेवामा उल्लेख्य प्रगति भएको देखिन्छ ।

निस्दी गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरू, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई अध्ययन गर्दा यस गाउँपालिकामा विकासका सम्भावनाहरू प्रशस्त रहेका छन । ऐतिहासिक महत्व बोकेको निस्दी गाउँपालिका क्षेत्रमा साँस्कृतिक विविधता रहेको छ । यस गाउँपालिकामा कुल २६२९२ जना जनसंख्या मध्ये मगर ८६.८४ प्रतिशत, दलित ७.१४ प्रतिशत, बाहुन क्षेत्री ३.०२ प्रतिशत, नेवार १.१२ प्रतिशत र अन्य (ठकुरी) १.८८ प्रतिशत रहेको र धर्मको हिसावले हिन्दु ९६.१७ प्रतिशत, बौद्ध २.१९ प्रतिशत र अन्य (क्रिश्चियन, मुस्लिम र अन्य) १.६४ प्रतिशत छन् भने भाषिक हिसावले मगर मातृभाषा बोल्ने ८५.४४ प्रतिशत, नेपाली मातृभाषी १८.१६ र अन्य (नेवार) ०.२१ प्रतिशत जातजातिका मानिसहरूको मिश्रित बसोबास रहेको पाइन्छ । यस गाउँपालिकामा मुख्य कामकाजी भाषा नेपाली भएता पनि स्थानीय मौलिक मगर आदि भाषा समेत बोलीचालीमा रहेको पाइन्छ । धार्मिक रुपमा हिन्दु धर्मालम्बीहरूको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा हिन्दू, किराँत, बौद्ध, इसाई आदि धर्माबलम्बीहरू पनि बसोबास गर्ने गर्दछन । प्रमुख चाडहरुमा दशै, तिहार, उधौली–उभौली, ल्होसार, माघे सङ्क्रान्ति, कृष्णाष्टमी, तिज, जनैपूर्णिमा, आदि रहेका छन् । धार्मिक तथा भाषिक रुपमा करिव एकरुपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने बिभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् ।

यस गाउँपालिकाका विकासका प्रमुख समस्या तथा चुनौतिहरुलाई देहाय बमोजिमको प्रस्तुत गरिएको छ ।

- भौगोलिक विकटताको कारण सबै टोलबस्तीहरुमा समान रुपले भौतिक पूर्वाधार खडा गर्न सकिने अवस्था छैन ।
- ब्यबस्थित रूपमा सार्वजानिक सुनुवाई गर्न नसकिएको ।

- वार्षिक समिक्षा गरिएपनि सुझावहरूलाई कार्यान्वयन गर्न नसकिएको ।
- बजेट विनियोजन गर्दा प्राथमिकताका क्षेत्रभन्दा पनि बिना मूल्याङ्कन  पूर्वाधार क्षेत्रमा अधिक बजेट छुट्याउने प्रचलन रहेको ।
- भौगोलिक रुपमा भिरालो भू–धरातल भएकाले पहिरोबाट जोगाउन कठिनाई रहेको छ ।
- प्राकृतिक तथा मानवीय क्रियाकलापबाट सिर्जित प्रकोपबाट हने विपद् न्युनिकरणको लागि विपद् जोखिम योजना बनाई कार्यान्वयन गराउन कठिन रहेको छ ।
- भौगोलिक विकटताको कारण सबै टोल बस्तीहरुमा सहज सडक सुविधाको पहुँच पु¥याउन सकिएको अवस्था छैन ।
- सडक मापदण्ड बमोजिम सडक बिस्तार गर्ने कार्य चूनौतीपूर्ण रहेको छ ।
- कच्ची तथा धुले सडकको स्तरोन्नती गरी बाह्रै महिना यातायात सेवा संचालन गर्नु अहिलेको प्रमुख चुनौती हो ।
- परम्परागत खेती प्रणालीमा अपेक्षित सुधार हुन नसक्नु, जमिनको वितरण तथा उपयोगमा वैज्ञानिकिकरण हुन नसक्नु,
- गुणस्तरीय कृषि सामाग्रीको उपलब्धता हुन नसक्नु र कृषि प्रविधिको समुचित प्रयोग हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू हुन् ।
- गाउँपालिकाभित्र मुख्य बजारको विकास हुन सकेको छैन । भर्खरैमात्र संचालित बजारमा पनि, बैंक तथा वित्तीय संस्थाको प्रयाप्तता नभएको हुँदा उद्योगी, व्यवसायीका लागि कर्जाको सुविधा उपलब्ध नहुनु
- खानेपानी आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापन र सार्वजनिक शौचालयको अभाव
- वस्ती व्यवस्थित हुन नसक्नु
- सबै वडामा विद्युतीकरण नभएको
- प्राथमिकताको आधारमा भन्दा पनि वडा स्तरीय गौरवका योजना छनौट गर्नमा प्रतिस्पर्धा हुनु
- पर्यटन प्रवद्र्धनका लागि न्यूनतम भौतिक पूर्वाधार तयार भइनसकेको ।

## ३.३ राष्ट्रियिय पन्ध्रौं योजनाको सोच

विगतमा गरिबी निवारण मुलुकको योजनाबद्ध विकास प्रक्रियाको प्राथमिकता रहँदै आइको थियो । सातौं योजनाको अन्त्यसम्म मुलुकमा गरिबीको रेखामुनि रहेका नेपालीहरूको जनसंख्या ४८ प्रतिशतको हाराहारीमा थियो जस्लाई दसौं योजना लागू गर्दा करिब ३१ प्रतिशतमा झार्ने गरिबी न्यूनीकरण रणनीतिपत्रकै रुपमा लागू गरियो । यद्धयपि, बाह्रौं योजनासम्म आइपुग्दा गरिबीको अनुपात २५ प्रतिशतमा झ-यो र हाल यो २१ प्रतिशतको हाराहारीमा रहेको आकलन छ । तथापि, यी आवधिक योजनाहरूले लक्षित गरेका कार्यक्रम वा सरकारले सञ्चालन गरेका अन्य गरिबी न्यूनीकरण सम्बन्धी कार्यक्रमले गरिबीको अनुपात यसरी ह्वात्तै घटाएको भने होइन, किनकि आवधिक योजना र सरकारको वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल भएको प्रष्ट पाईदैन ।

हालसम्म चौधवटा आवधिक योजना सम्पन्न भइसक्दा पनि मुलुकले यस सन्दर्भमा सोचेजस्तो उपलब्धि हासिल गर्न नसकेको तथ्य आईरहंदा पन्ध्रौं योजनामा बिगतका कमि कमजोरीहरूलाई सुधार गरी परम्परागत सोचबाट हटेर अग्रगामी सोच तर्फ सरकार उन्मुख भएकोछ । यस बिषयका साथै संविधानमा उल्लेखित  मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति लगायतका अन्य व्यवस्था, दिगो विकासका लक्ष्य र अन्तर्राष्ट्रिय परिदृश्य तथा सरकारका प्रतिबद्धताहरूलाई ध्यानमा राखि

संघीय सरकारले पन्ध्रौं योजनाका लागि **'समृद्ध नेपाल, सुखी नेपाली'** बनाउन २५ वर्षका लागि दीर्घकालीन सोंचको प्रारूप सहितको परिदृश्य तयार गरेको छ। उक्त सोच हासिल गर्ने आधार योजनाका साथ स्थानीय तहमा दीर्घकालीन सोच र आवधिक योजनालाई समेत मार्गदर्शन गर्ने गरी यो पन्ध्रौं योजना तर्जुमा गरिएको छ ।

## ३.४ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य

लुम्विनी प्रदेशको प्रथम आबधिक योजना ले तय गरेको दीर्घकालिन सोंच "सम्बृद्ध प्रदेश, खुशी जनता" र सोंच हासिल गर्नाकालागि निर्धारण गरिएको लक्ष "समाजबाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाटआर्थिक बृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनस्तरमा गुणात्मक परिबर्तन ल्याउने" भन्ने रहेकोछ। यस लक्षलाई हासिल गर्न यस गाउँपालिकालेपनि आफ्नो ५ बर्षे दीर्धकालिन सोंच र लक्षको निर्धारण गरेकोछ।

## ३.५ पालिकाको दीर्घकालीन सोच

गाउँपालिकाको अवस्था विश्लेषण, जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूको परिवर्तनको चाहनासमेतलाई मध्यनजर गर्दै उपस्थित सहभागीहरूलाई २०७८ आषाढ ११ र १२ गतेको छलफलवाट आगामी ५ वर्षको समयलाई मध्यनजर गर्दै गाउँपालिकाको समग्र विकास निर्माणलाई दिशा निर्देश गर्ने दीर्घकालीन सोच के हुन सक्छ भनी बृहत् छलफल गरिएको थियो। उक्त छलफल र विमर्श गर्ने क्रममा गाउँपालिकाको दीर्घकालीन सोचका विभिन्न अवधारणाहरू प्राप्त भएका थिए। यसै कुरालाई मनन गरी यस गाउंपालिकाको दीर्घकालीन सोचको समयको परिवर्तन संगै विकासका नया सिद्धान्त, संभावना र समस्याहरुलाई समेत सम्वोधन गर्नका लागी र पन्ध्रौं राष्ट्रिय योजनाको दीर्घकालिन सोंच " समृद्ध नेपाल, सुखी नेपाली' ।" र लम्विनी प्रदेशको प्रथम आबधिक योजनाले तय गरेको दीर्घकालिन सोंच "सम्बृद्ध प्रदेश, खुशी जनता" लाई समेत ध्यानमा राखेर गाउँपालिकाको समग्र विकासलाई निर्देशित गर्न गाउँपलिकाको निर्वाचित प्रतिनिधि तथा विषयविज्ञ कर्मचारीहरुको सहमति र प्राविधिक टोलीको परामर्शका आधारमा गाउँपालिकाको लागि निम्नानुसार दीर्घकालीन सोच प्रस्ताव गरिएको छ :

**शिक्षा, स्वास्थ्य र रोजगार र पर्यटन सहितको पूर्वाधार !**
**प्रकृति र मगर संस्कृति नीस्दीको आधार !!**

सहभागितात्मक बिधिबाट तय गरिएको यस दीर्घकालीन सोंचले गाउँपालिका भित्र शिक्षामा गुणस्तरीयता तथा स्वास्थ्यको आधुनिकीकरण, क्षेत्रगत आधारमा गाउँपालिका भित्रै पर्याप्त रुपमा आकर्षक रोजगारी र आम्दानी वृद्धिका अवसरहरू सिर्जनाका साथै पर्यटन विकासकालागि आबश्यक पूर्वाधारहरूको विकासद्वारा बिध्यमान प्रकृति उपयोग र मगर संस्कृतिको उत्थान तथा विकासका माधयमबाट आत्मनिर्भर गाउँपालिका निर्माण गर्ने दीर्घकालीन गन्तव्यका रुपमा परिकल्पना गरिएको छ।

## ३. ६ आवधिक गाउँ विकास योजनाको लक्ष्य

पन्ध्रौं राष्ट्रिय योजनाको प्रमुख लक्ष्य "समृद्ध अर्थतन्त्र, सामजिक न्याय, परिष्कृत जीवन सहितको समाजबाद उन्मुख लोककल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नती हुने आधार निर्माण गर्ने ।" र लुम्विनी प्रदेशको प्रथम आबधिक योजना ले तय गरेको लक्ष "समाजबाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाटआर्थिक बृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनस्तरमा गुणात्मक परिबर्तन ल्याउने" लाई समेत योगदान पुर्याउने गरी यस गाउँपालिकाको विकासको लक्ष्य देहायवमोजिम हुनेछ *"आय बृद्धि, गुण्स्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिम न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्मा अतिकम विकसित गाउँपालिकाबाट विकासशिल गाउपालिकामा स्तरोन्नती गर्ने। "*

## ३. ७ आवधिक गाउँ विकास योजनाको उद्देश्यहरु

आगाविियोले तय गरेका गाउँ विकास योजनाका समष्टीगत तथा क्षेत्रगत उद्देश्यहरु देहाय वमोजिम रहेका छन ।

| | | |
|---|---|---|
| **आर्थिक विकास** | **समष्टीगत उद्देश्य** | स्थानीयस्तरमा उत्पादन तथा सेवाजन्य रोजगारीका अवसर बृद्धि भई गाउँपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने । |
| | **क्षेत्रगत उद्देश्यहरु** | • कृषि व्यवसायको व्यवशायीकरणमा जोड दिंदै कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई जनताको जीवनस्तरमा सुधार ल्याउने ।<br>• स्वस्थ पशुपंक्षीको उत्पादनमा बृद्धि गरीं रोजगारीका अवशरहरु श्रृजना गर्ने ।<br>• उद्योग, व्यापार, सहकारी र पर्यटन, व्यवसायलाई गाउँपालिकाको आर्थिक विकासमा महत्वपूर्ण हिस्साको रुपमा विकास गरी स्थानीय समुदायमा स्वरोजगारी श्रृजना भई आयआर्जनमा बृद्धि भएको गर्ने । |
| **सामाजिक विकास** | **समष्टीगत उद्देश्य** | स्थानीय विकास र शासनमा महिला, बालबालिका, दलित, युवा, अपाँगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत विपन्न क्षेत्र र वर्गसमुदायका व्यक्तिहरुको पहुँच अभिबृद्धि भई समन्यायिक विकास लगायत सामाजिक स्थितिमा सुधार गर्ने । |
| | **क्षेत्रगत उद्देश्यहरु** | • विद्यालय उमेरका सम्पुर्ण वालवालिकाहरु विद्यालयमा भर्ना भई गुणस्तरिय शिक्षा प्राप्त हुनुका साथै प्राविधिक तथा व्यवशायिक शिक्षा सम्वन्धी तालिमका लागि पूर्वाधार निर्माण गर्ने ।<br>• स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गरि गाउँपालिकााबासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउनुका साथै स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गर्ने ।<br>• समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईको सस्थागत बिकासमा सुधार ल्याउने ।<br>• सशक्तिकरण मार्फत महिला, वालवालिकाका, जेष्ठ नागरिक, असहाय, एकल महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउने । |
| **भौतिक पूर्बाधार विकास** | **समष्टीगत उद्देश्य** | गाउँपालिकावासीको पूर्बाधार विकासका क्षेत्रमा पहुँच अभिबृद्धि गर्ने । |
| | **क्षेत्रगत उद्देश्यहरु** | • सार्वजनिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्वन्धी नीतिहरु सरोकारवालाहरुको सहकार्यमा निर्माण गरी प्रभावकारी ढंगमा लागु गर्ने ।<br>• सडक, यातायात, सिंचाई र अन्य सार्वजनिक पूर्वाधारको विकास र विस्तार गर्ने । |
| **वन वातावरणीय तथा विपद व्यवस्थापन** | **समष्टीगत उद्देश्य** | वन, वातावरण प्राकृतिक तथा जैविक सम्पत्तिको संरक्षण, सम्वद्र्धन र वितरण प्रणालीमा सुधार भई गाउँपालिकामा विपद व्यवस्थापन सम्वन्धी दिगो उपायहरु अवलम्वन गर्ने । |
| | **क्षेत्रगत उद्देश्यहरु** | • समुदायको संलग्नतामा थप वृद्धि गर्दे दिगो वन व्यवस्थापन र भू संरक्षणका माध्यमवाट जैविक विविधताको संरक्षण तथा रोजगारीमा वृद्धी गर्ने । |
| **संस्थागत विकास** | **समष्टीगत उद्देश्य** | गाउँपालिकावासीलाई गुणस्तरीय, छिटो, छरितो, प्रभावकारी र पारदर्शी सार्वजनिक सेवा प्रदान गर्न सक्षम स्थानीय शासन पद्धतिको संस्थागत विकास गर्ने । |
| | **क्षेत्रगत उद्देश्यहरु** | • स्थानीय स्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरुलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी वनाउने । |

## ३.८ पमिाणात्मक लक्ष्य

## ३.९ आवधिक गाउँ विकास योजनाका विकासका रणनीतिहरू

### आर्थिक विकास

- कृषि, पशुपालन, व्यापार र साना उद्योग क्षेत्रलाई गाउँ विकासको अग्रणी क्षेत्र र प्रमुख माध्यमको रुपमा लिई ति क्षेत्रहरूको विकासका लागि आवश्यक सहयोगी वातावरण निर्माण गर्ने ।
- पशुपंक्षी व्यवसायलाई आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला तथा युवा र विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्वरोजगार तथा दिगो आयस्रोतको रुपमा विकास गर्ने ।
- बैंक तथा वित्तीय संस्थाहरूको विकास तथा विस्तारको लागि सहयोगी वातावरण निर्माण गरी तिनको सेवा वडास्तरसम्म विस्तार गर्ने ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरू स्थापनाको लागि चाहिने पूर्वाधार निर्माण तथा नीतिगत व्यवस्था गरी तिनको विस्तारमा जोड दिने ।
- खाद्य उपलब्धता वृद्धिको लागि कृषिमा विशिष्टीकरण तथा विविधीकरण गर्ने ।
- युवाशक्तिलाई सरल र सुलभ रुपमा कर्जा पाउने व्यवस्था मिलाई आधुनिक कृषि, पशुपालन तथा उद्योग व्यवसाय क्षेत्रमा आकर्षित गरी रोजगारी अभिवृद्धि गर्ने ।
- सन्तुलित एवं समावेशी विकास, रोजगारी सिर्जना, सामाजिक सद्भाव र गरिबी न्यूनीकरण र दीगो शान्तिमा योगदान पुग्ने कार्यक्रममा जोड दिने ।
- जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकरात्मक असरलाई न्यूनीकरण गर्ने खालका प्रविधिलाई जोड दिने ।

### सामाजिक विकास

- प्राविधिक र व्यावसायिक शिक्षाको विस्तारमा जोड दिने ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा थप लगानी र आवश्यक नीतिहरुको निर्माण गर्ने ।
- मूल प्रवाहको एलोप्याथिक चिकित्सा पद्धतिका अतिरिक्त अन्य चिकित्सा पद्धति (आयुर्वेदिक तथा प्राकृतिक) को प्रवद्र्धन गरी स्वास्थ्य सेवामाथिको पहुँच र गुणस्तर सुधार गर्ने ।
- संघ, प्रदेश र साझेदार संस्थाहरुसँगको सहकार्यमा खानेपानीको अभाव समाप्त गर्ने ।

### भौतिक पूर्वाधार विकास

- गाउँपालिकाका प्रमुख बजार केन्द्रहरुमा जग्गा एकीकरण तथा वस्ती विकास गरी व्यवस्थित सहरीकरणको आरम्भ गर्ने ।
- एकीकृत सेवा प्रवाह सहितको गाउँ कार्यपालिका भवन र वडा कार्यालय भवनहरू निर्माण गरी स्थानीय तहले प्रदान गर्ने सेवा सुविधा प्रवाहलाई सहज र प्रभावकारी बनाउने ।

- सुरक्षित आवासको विकासको लागि आवश्यक नीतिहरुको तर्जुमा र दक्ष जनशक्ति उत्पादन गर्ने र भवन निर्माण आचार संहिता कडाइका साथ कार्यान्वयन गर्ने।
- यातायात गुरुयोजना तर्जुमा गरी सोको प्राथमिकता अनुसार सडक (पिच, ग्राभेल, नयाँ निर्माण) निर्माण गर्ने।
- भू–उपयोग योजना, एकीकृत व्यवस्थित वस्ती तथा सहरी विकास, उपजलाधार र संरक्षण क्षेत्रको योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

- जलवायु परिवर्तन, विपद् जोखिम व्यवस्थापन, पर्यावरण तथा विकास आयोजना तथा कार्यक्रमहरूमा साझा सबालको रुपमा सम्बोधन गर्ने।
- उपलब्ध वन क्षेत्रको समुचित उपयोग गर्दै जीविकोपार्जनसँग आवद्ध गर्ने।
- भौतिक पूर्वाधार लगायतका विकास गतिविधिमा जलवायु परिवर्तन, विपद्जोखिम व्यवस्थापनका अवधारणाहरू आवद्ध गर्दै दिगो विकास तथा व्यवस्थापनमा जोड दिने।
- फोहोर व्यवस्थापनका लागि अनावश्यक खपत नगर्ने, पुनर्प्रयोग गर्ने, रिसाइकल गर्ने मार्फत् फोहोरलाई मोहोर बनाउने अवधारणालाई व्यवहारमा रुपान्तरण गर्ने।

**संस्थागत विकास तथा सुशासन**

- स्थानीय शासनलाई जनमुखी, उत्तरदायी र पारदर्शी बनाउन, अध्ययन तथा सर्वेक्षण, नागरिक संलग्नता, पालना अनुगमन, सार्वजनिक संवाद, नतिजा मापन तथा प्राप्त नतिजाहरूको प्रसारण र प्रकाशन गर्ने।
- योजनाको नियमित प्रगति समीक्षा, प्रभाव मूल्याङ्कन र तेस्रो पक्षको संलग्नतामा समग्र योजनाको नतिजामूलक ढाँचामा वार्षिक समीक्षा, सामाजिक परीक्षण, मद्यावधि तथा अन्तिम मूल्याङ्कन गरी नतिजाहरू सार्वजनिक गर्ने।
- नतिजामुखी अनुगमन प्रणालीको अवलम्बन गरी विकासको प्रक्रियालाई प्रभावकारी बनाउने
- मोबाइल एप्लिकेसनलगायत अन्य आधुनिक सूचना प्रविधिको प्रयोग गर्दै गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाहरूलाई छरितो, छिटो र प्रभावकारी बनाउने।
- आयोजनाको सञ्चालनको अवस्था तथा सम्पन्न भएपछि आम उपभोक्ता तथा सरोकारवालाको सहभागिता र नागरिक समाज संस्थाको सहजीकरणमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई अनिवार्य गरी आयोजनाको पारदर्शिता, प्रभावकारिता र जवाफदेहीता अभिवृद्धि गर्ने।

## ३.१० नतिजा खाँका

उपरोक्त विश्लेषणका आधारमा आ.व. आ.व. २०७८/०७९–२०८२/०८३ सम्म आईपुग्दा निस्दी गाउँपालिका तलको अवस्था सम्म पुग्न सक्दछ भन्ने आधार प्रश्तुत गरिएको छ।

| अपेक्षित उपलब्धि | सूचकहरु | २०७८ /०७९ | २०८२ /०८३ | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|
| आर्थिक विकास | | | | | |
| उत्पादनमुलक क्षेत्रहरुको व्यवशायीकरण मार्फत | प्रति व्यक्ति प्रतिबर्ष खाद्यान्न उपलब्धता (के. जी.) | | | गापाको तथ्याङ्क पुस्तिका | सरकारी सहयोग निरन्तर |
| | गा.पा.को कृषि क्षेत्रको वृद्धिदर (प्रतिशतमा) | | | | |
| | हालको प्रति व्यक्ति वार्षिक आय | | | | |

| अपेक्षित उपलब्धि | सूचकहरु | २०७८/०७९ | २०८२/०८३ | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|
| उत्पादकत्वमा वृद्धि गरी स्थानीय स्तरमा स्वरोजगारी श्रृजना गरी जनताको आर्थिक जीवनस्तरमा सुधार आएको हुनेछ। | पशु उत्पादन वृद्धिदर (प्रतिशत) | | | तथा गांउपालिका वस्तुगत पार्श्वचित्र | रहेमा |
| | पशुपालन क्षेत्रमा रोजगारीमा वृद्धी (प्रतिशत) | | | | |
| | साना तथा मझौला उद्योगमा रोजगारी (संख्या) | | | | |
| | उद्यमीहरुको आयमा वृद्धी (प्रतिशतं) | | | | |
| | वित्तिय संस्थाहरुमा जनताको पहुंच (प्रतिशत) | | | | |
| | सहकारी स्थापना (संख्या) | | | | |
| | पर्यटकिय स्थानहरुको पहिचान (संख्या) | | | | |
| **सामाजिक बिकास** | | | | | |
| शिक्षा तथा सामुदायिक स्वास्थ्यमा गुणस्तरियता अभिवृद्धि गरीनुका साथै सशक्तिकरण मार्फत महिला, वालवालिकाका तथा जेष्ठ नागरिकहरूको सामाजिक अवस्थामा सुधार आएको हुनेछ। | विद्यार्थीको भर्नादरमा वृद्धि (प्रतिशत) | | | | |
| | प्राथमिक तहको सिकाइ उपलब्धीमा वृद्धी (प्रतिशत) | | | | |
| | गांउपालिकाद्वारा सवै विद्यालयको वार्षिक अनुगमन (पटक) | | | | |
| | पूर्ण खोप प्राप्त बालबालिका (प्रतिशत) | | | | |
| | ५ बर्ष मुनिका बालबालिकाहरुमा कुपोषण दर (प्रतिशत) | | | | |
| | चारैपटक पूर्वप्रसुती सेवा लिने गर्भवती महिला (प्रतिशत) | | | | |
| | पूर्ण खोप वार्ड संख्या | | | | |
| | स्वास्थ्य सेवामा पहुँच (प्रतिशत) | | | | |
| | गांउबासीको औसत आयू (वर्ष) | | | | |
| | आधा घण्टाभित्र स्वास्थ्य सेवामा पहुंच भएको जनसंख्या | | | | |
| | स्वच्छ पिउने पानीको प्रयोग गर्ने जनसंख्या (प्रतिशत) | | | | |
| | चर्पिको प्रयोग भएको घरधुरी (प्रतिशत) | | | | |
| | लैंगिक तथा बाल मैत्रि शौचालय निर्माण भएका विद्यालय (प्रतिशत) | | | | |
| | महिला साक्षरता (प्रतिशत) | | | | |
| | हरेक क्षेत्रमा महिलाको निर्णायक भूमिकामा सहभागिता (प्रतिशत) | | | | |
| | घरेलु हिंसाको न्यूनिकरण (प्रतिशत) | | | | |
| | ३ देखि ५ वर्ष उमेर समूका बालबालिका प्रारम्भिक बालविकास केन्द्रमा भर्ना अवस्था (प्रतिशत) | | | | |
| | जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षाको प्रत्याभूति (प्रतिशत) | | | | |
| **पूर्वाधार विकास** | | | | | |
| सार्वजनिक पूर्वाधारको विकास र व्यवस्थापन सरोकारवालाहरुको सहकार्यमा निर्माण गरी गाउँपालिका बासीको पहुँच र उपयोगमा सहजता भएको हुनेछ। | योजनावद्ध वस्ति तथा वसोवास, क्षेत्रको निर्माण (संख्या) | | | | |
| | एकीकृत वस्ती विकासको अवधारणा अनुसार भौतिक योजना तर्जुमा भई लागू भएका आवास क्षेत्र (हे.) | | | | |
| | भवन आचारसंहिताको तर्जुमा | | | | |
| | सडक घनत्व किमि/व.कि.मी. | | | | |
| | सडक घनत्व किमि/हजार जनसंख्या | | | | |
| | बजार तथा सेवा केन्द्रमा पुग्न लाग्ने समय (घण्टा) | | | | |
| | सिंचित क्षेत्र (हे) | | | | |
| | कुल जनसंख्यामध्ये केन्द्रीय विद्युत् सेवा उपभोग गर्ने जनसंख्याको अंश (प्रतिशत) | | | | |
| | केन्द्रीय विद्युत् सेवा विस्तार भएका वस्ति (प्रतिशत) | | | | |
| | इन्टरनेटको सुविधा लिने जनसंख्या (प्रतिशत) | | | | |
| | मोबाइल प्रयोगकर्ता जनसंख्या (प्रतिशत) | | | | |
| **वन वातावरण र विपद व्यवस्थापन** | | | | | |
| जैविक विविधताको संरक्षणका लागि समुदायको संलग्नतामा थप वृद्धि गर्दै दिगो वन व्यवस्थापन र भू संरक्षणका माध्यमवाट तथा रोजगारीमा वृद्धी भएको हुनेछ। | वन क्षेत्रको पहिचान भई वैज्ञानिक वन व्यवस्थापन लागु (हे.) | | | | |
| | समुदायस्तरमा कृषि वन प्रणालीको प्रभावकारीतामा वृद्धि (हे.) | | | | |
| | वन पैदावाटवाट रोजगारीमा वृद्धी गर्ने (संख्या) | | | | |
| | खाली जमिनमा वृक्षारोपण (संख्या) | | | | |
| **संस्थागत विकास** | | | | | |
| स्थानीय स्तरमा प्रवाह हुने सवै | गापाको क्षमता विकास योजना निर्माण | | | | |
| | गाउँ विकास आवधिक योजना निर्माण | | | | |

| अपेक्षित उपलब्धि | सूचकहरु | २०७८/०७९ | २०८२/०८३ | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|
| संघसंस्थाका सेवाहरुलाई समावेशी, प्रतिफलमूलक र भएको हुनेछ। | सामुदायिक संस्थामा आवद्ध नभएका परिवार (प्रतिशत) | | | | |
| | नगरिक बडापत्र अनुसार सेवा प्रवाह (प्रतिशत) | | | | |
| | मेल मिलाप केन्द्रहरुका स्थापना | | | | |

## ३.११ प्रमुख कार्यक्रम

## ३.१२ अपेक्षित उपलब्धि

२०७८ आषाढ ११ र १२ गते गाउँपालिकाको ५ वर्षे दीर्घकालीन सोच तय गर्ने सिलसिलामा गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरु, प्रमुख राजनीतिक दल, विषयगत शाखा प्रमुख तथा अन्य सरोकारवालाको उपस्थितिमा आगामी पाँच वर्षभित्र गाउँपालिकालाई के कस्तो देख्न चाहनुहुन्छ भनी मष्तिष्क मन्थन र छलफल गरिएको थियो । उक्त छलफलमा सहभागीवाट गाउँपालिका भविष्यमा निम्न अनुसार परिवर्तनको चाहना राखेका थिए।

- कम्तिमा गाउंपालिकाका सवै वडा कार्यालयसम्म पुग्ने पक्की सडक भएको,
- सबै गाउंपालिका वासीहरुकोलागि आधारभूत स्वास्थ्य र शिक्षाको पहुँच पुगेको,
- सबै कृषियोग्य जमिनको पहिचान र वर्गीकरण भएको र ती जमिनमा माटो र हावापानी सुहाउँदो खेती भएको,
- आधुनिक कृषि, पशुपालन, उद्योग, व्यवसायको विकास भई सबै युवाहरूले गाउँपालिकाभित्रै रोजगारी प्राप्त गरेको,
- सडक, विद्युत्, खानेपानी, विद्यालय, दूरसञ्चार, सिंचाइ लगायत सबै आधारभूत भौतिक पूर्वाधारहरू सबै वडाको आवश्यकता अनुसार पूरा भएको,
- तयार गरिने पूर्वाधार वातावरणमैत्री, बालमैत्री, अपांगमैत्री र विपद् प्रतिरोधी भएको,
- आधुनिक प्रविधियुक्त छिटो, छरितो सेवा दिने र सबै नागरिकको पहुँचमा भएको गाउंपालिकाका,
- हरियालीयुक्त र स्वच्छ वातावरण युक्त भएको गाउँपालिका,
- खाद्यान्न र रोजगारीमा आत्मनिर्भर तथा गार्हस्थ उत्पादन सकारात्मक भएको गाउँपालिका,
- पक्की सडक, खानेपानी आपूर्ति, विद्युतीकरण, इन्टरनेट, फोहोर व्यवस्थापनसहितको आधुनिक बसाइयुक्त बसोवास भएको गाउँपालिका,
- पर्यटन, धर्म संस्कृति तथा परम्पराको प्रवर्द्र्धन भएको गाउँपालिका,
- गाउंपालिका बासीहरु सुरक्षित वासस्थानमा बस्न पाएको,
- कृषि उत्पादनमा आत्मनिर्भर भई निर्यात गर्न सक्ने अवस्थामा पुगेको गाउँपालिका,
- मानिसको सोच र व्यवहारमा सकारात्मक परिवर्तन भएको गाउँपालिका,
- गाउंपालिकाका भ्रष्टाचारमुक्त सुशासनयुक्त भएको।

# परिच्छेद - ४ : आर्थिक विकास

## ४.१ कृषि विकास

यस गाउँपालिकाको कुल जनसंख्या मध्ये कृषिमा निर्भर ४५.५३ प्रतिशत, वैदेशिक रोजगारमा १०.८५ प्रतिशत, भारतमा रोजगार १.६८ प्रतिशत, नेपालमै रोजगार ३.४४ प्रतिशत, व्यापार व्यवसायमा २.१५ प्रतिशत रहेकोछ ॥ यो गाउँपालिका प्राकृतिक स्रोतले धनी भए पनि विकासका पुर्वाधारबाट पछि परेको यो गाउँपालिका अन्य गाउँपालिकाको तुलनामा पछाडि रहेको छ। यो गाउँपालिकाको मुख्य आयस्रोत बैदेशिक रोजगार, बाख्रा तथा पशूपालन, अदुवाखेती, फलफूल खेती, दलहन आदि हो । पहाडी धरातल र शितोष्ण प्रकारको हावापानी हुनुको कारण यहाँ कृषि उत्पादन र पशुपालनका लगायत आन्तरिक पर्यटन उद्योगको समेत प्रचुर सम्भावना रहेको छ। यस गाउँपालिकामा व्यापार तथा उद्योगहरुले आर्थिक गतिविधिमा ठाउँ लिन सकेका छैनन। त्यसैगरी, रोजगारीको रुपमा विदेशीने प्रवृत्ति यहाँ व्यापाक मात्रामा रहेको छ। विशेष गरी युवाहरु वैदेशिक रोजगारीमा आकर्षित रहेको पाईन्छ । कृषि तथा पशुपालनको आधुनिकीकरण र व्यवसायीकरण, र रोजगारीमुलक सीपको विकास नै यहाँका मानिसहरुको आर्थिक विकास प्रमुख आधारको रुपमा पहिचान गरिएको छ। यसका लागि कृषिको उत्पादन र उत्पादकत्व बढाउनुको साथै उत्पादित उपजले सहजै बजार पाउनु उचित मुल्य पाउनु पर्ने हुन्छ। यसको साथै कृषि उपजको भण्डारण गरी सुरक्षित गर्न शितगृहको निर्माण, कृषि तथा पशुपालनको लागि आवश्यक ऋणको पहुँचमा बृद्धि उद्योग तथा व्यवसाय विकासको लागि युवाहरुलाई उद्यमशिल तालिम तथा विद्यालयमा प्राविधिक धारको शिक्षा संचालन, र पर्यटनको सम्भावन भएका ठाउँमा पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिने निति तथा कार्यक्रमवाट यहांको जनजिवनमा गुणात्मक सुधार आउनेछ गाउँपालिकको प्राथमिकता निर्वाहमुखी अवस्थाबाट आधुनिकीकरण तथा व्यवसायीकरणमा हुनेछ । यसका लागि गाउँपालिकाले निम्नानुसारको दिर्घकालिन सोंच तय गरेकोछ, जसका आधारमा कार्यक्रम तथा बजेटहरुको व्यवस्था हुनेछ यसवाट गाउँपालिकावासीहरुको जनजिवनमा गुणात्मक सुधार आउनेछ ।

**"पशुपालन, कृषि, पर्यटन, साना उद्योग र सहकारीमा बढोत्तरी !**
**समृद्ध निस्दीको विकासमा रोजगारी र साझेदारी !!"**

### ४.१.१ बिद्यमान अवस्था

निस्दी गाउँपालिका पहाडी समशितोष्ण प्रकारको हावापानी रहेका हुंदा यहां कृषिको व्यवसायिकरणका लागि प्रर्याप्त सम्भावना र अवसरहरु रहेका छन । खाद्यान्न, दलहन, मसला, फलफूल बालीहरू व्यवसायिक रुपमा उत्पादन गर्न सकिने सम्भावना रहेको छ। यसका अलावा, पशुपालनका लागि समेत प्रशस्त सम्भावना समेत रहेको छ। यहां तराइको बजारलाई जोडने सडक निर्माणको कार्यले कृषकहरुमा खाद्यान्न, तरकारी, फलफुल तथा पशुपालनप्रतिको आकर्षणमा वृद्धि भएको छ। फलस्वरुप, यस्ता गतिविधिहरुले यहां थप रोजगारीका अवसर तथा आम्दानीमा समेत पर्याप्त वृद्धि गरी कृषकहरुको जीवनस्तरमा सुधार गर्न सहयोग गरिरहेको छ । तथापि, सम्भावना तथा अवसर हुँदाहुँदै पनि गाउँपालिकाको कृषी प्रणाली व्यवसायिक हुन सकिरहेको छैन । एकातिर गाउँपालिका खाद्यान्नमा आत्मनिर्भर हुन सकेको देखिँदैन भने अर्कोतिर कुल खेतीयोग्य जमिनको ठुलो हिस्सा निर्वाहमुखी खेति प्रणीमा आधारित रहेको देखिन्छ। विद्यमान समस्याहरूको समाधान र उपलब्ध सम्भावना र अवसरको अधिकतम उपयोग गर्दै जिल्लामा कृषी पेशालाई व्यवसायिक, प्रतिस्पर्धी तथा मर्यादित

बनाउनु पर्ने खाँचो देखिएको छ । विकाससंग सम्वन्धित विभिन्न विषयगत निकायहरुका प्रतिवेदनका आधारमा कूल जनसंख्याको ८६ प्रतिशत जनसंख्या कृषि पेशामा आधारित रहेको छ ।

### ४.१.२ अवसर र चुनौति

| **अबसरहरू** | **चूनौतिहरू** |
| --- | --- |
| • बजारको विस्तार भईरहेको अवस्थामा ताजा तरकारी खेतीका लागि बजारको सुबिधा,<br>• जडिवुटी सम्वन्धी अध्यन अनुसन्धान र विकासका लागि गाउँपालिको बिशेष प्राथमिकता,<br>• पहाडी धरातलको र प्रयाप्त बनजंगलको उपलब्धताका कारण मौरी पालन व्यवशायको संभावना<br>• साना सिचाइ मार्फत बेसी क्षेत्रमा खाद्यान्नको उत्पादन<br>• शित भण्डारको स्थापनाकालागि  गाउँपालिको बिशेष प्राथमिकता । | • कृर्षि उत्पादन तथा उपादकत्वमा कमि र माटोको उर्बरा शक्तिमा ह्रास तथा माटोमा अम्लियपनाको बृद्धि ।<br>• आधुनिक उपकरणको अभाव हुनुका साथै बजारको समस्या र महङ्गो ढुवानी, उन्नत विउको, मल, तथा किटनासक औषधिको अभाव ।<br>• कृषिको बिशिष्टिकरण, ब्यापारिकरण तथा प्राविधिक ज्ञानको कमिका साथै कृषकले समयमा कृषि सेवा तथा प्राबिधिक सहयोग नपाउनु ।<br>• स्थानीय तथा रैथाने जातका अन्नबाली र वीउहरु लोप हुदै जानु ।<br>• सुहाउदो जलवायु अनुसारको फलफुल खेतीको विकास नहुनु<br>• वर्षभरी सिचाइ सेवा उपलब्ध हुने पानीको मुहानको पहिचान तथा संरक्षण नहुनु<br>• भैरहेका र संचालित सिचाइ सेवा उपलब्ध गराउने संरचनाहरुको उचित मर्मत संभार र संचालनमा कमी<br>• कृषि पेशाको संस्थागत विकास गर्न नसकिनु तथा कृषकलाई यस पेसाप्रति जागरुक हुनको लागि प्रयाप्त प्रोत्साहनको कमि । |

### ४.१.३ उद्देश्य

कृषि व्यवसायको व्यवशायीकरणमा जोड दिंदै कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई जनताको जीवनस्तरमा सुधार ल्याउने ।

### ४.१.४ रणनीति

- कृषि विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- कृषिको उत्पादनलाई भरपर्दो एवं गुणस्तरीयता कायम राख्न सहकारी र समुह मार्फत विउविजन उत्पादन तथा वितरण गरिनेछ, गोठेमल सुधार, उत्पादनमा अनुदान तथा प्रोत्साहन गरिनेछ, कृषकलाई आवश्यक मात्रामा अनुदान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ, आधुनिक कृषि प्रविधिबारे तालिम सञ्चालन गरिनेछ, माटो परिक्षण शिविर तथा प्रयोगशाला सञ्चालन गरिनेछ ।
- व्यवसायिक कृषिको प्रवद्र्धनका लागि आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।
- कृषि व्यवसायमा महिला, दलित र अन्य लक्षित वर्गको संलग्नतालाई विशेष जोड दिइनेछ र व्यवसाय विस्तार र विकासका लागि कृषि ऋणको व्यवस्था तथा विस्तारमा विशेष पहल गरिनेछ ।
- जलवायू परिवर्तन अनुकूलन हुने जैविक विविधतामा आधारित खेती प्रणाली र प्रविधि उपयोगलाई प्रोत्साहन गरिनेछ ।

- रोगकीरा तथा प्रकोप रोकथाम तथा नियन्त्रणको लागि पहल गरिनेछ र यसबाट हुने नोक्सानीबाट कृषकहरुलाई सुरक्षा दिनको लागि विमालाई प्रभावकारी ढंगले लागू गरिनेछ।
- भू उपयोग नीति मार्फत खेतीयोग्य भूमिको पहिचान, वर्गीकरण र व्यवस्थापन गरिनेछ।
- एक वडा एक प्राविधिकको व्यवस्था गर्नुका साथै कृषि स्रोत व्यक्तिहरुको विकास, परिचालन र राष्ट्रिय सीप परीक्षा बोर्डबाट स्तरोन्नति गर्ने प्रणालीको विकास गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाइ कृषि उद्यमसिलतामा आकर्षण गर्न निजी क्षेत्रको लगानीमैत्री कृषि विकास निति तय गरि कार्यान्वयन गरिनेछ।
- कृषि उपज बजारीकरणका लागि आवश्यक पूर्वाधार तयार गरि कृषि उपज संकलन केन्द्र, कृषि हाट बजार व्यवस्थापन र निर्यात बजार अन्वेषण गरी कृषि क्षेत्रका ठूला व्यापारीसंग सम्बन्ध विस्तार गरिनेछ।
- कृषि सेवा प्रभावकारी रुपमा प्रवाह गर्न सम्पूर्ण न्यूनतम कानुनी आधार, प्रकृया र संरचनाको स्थापना र व्यवस्था गरिनेछ।

### ४.१.५ कार्यनीति

- कृषिमा आधुनिकीकरण गर्दै नगदे बाली उत्पादन तथा निर्यातमा जोड दिइनेछ।
- कृषकमैत्री औजार, उन्नत प्रविधिमा अनुदान तथा पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।
- अर्गानिक तरकारी, बीउबीजन, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने कार्यक्रम ल्याइनेछ।
- बिभिन्न बालीहरुको पकेट क्षेत्र निर्धारण गरी खाद्यानमा आत्मनिर्भर गराइने छ।
- अगुवा कृषकलाई तालिम प्रदान गरी प्राविधिक सीप सम्बन्धी तालिम प्रदान गरिनेछ।
- व्यावसायिक कृषिलाई प्रवद्र्धन गर्न माटो परिक्षण गरी खेती गर्न प्रोत्साहन गरिनेछ।
- गाउँपालिकास्तरीय कृषि उपज संकलन केन्द्रको स्थापना गरिनेछ।

## ४.१.६ नतिजा खाँका

| विवरणात्मक सक्षेप | सूचकहरु | २०७७/०७८ (आधार बर्ष) | २०७८/०७९ | २०७९/०८० | २०८१/०८२ | २०८२/०८३ | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|
| **उपलब्धिः** कृषि व्यवसायको व्यवशायीकरणमा जोड दिंदै कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई जनताको जीवनस्तरमा सुधार आएको हुनेछ। | प्रति व्यक्ति प्रतिबर्ष खाद्यान्न उपलब्धता (के. जी.) | १०० | १५० | १७५ | २०० | २५० | कृषि विकास शाखा, गापाको तथ्याङ्क पुस्तिका तथा गांउपालिका वस्तुगत पाश्र्वचित्र | सरकारी सहयोग निरन्तर रहेमा |
| | गापाको कृषिक्षेत्रको कूल गार्हस्थ उत्पादन (रु. करोड) | २ | ५ | ७ | ८ | १० | | |
| | गा.पा.को कृषि क्षेत्रको वृद्धिदर (प्रतिशतमा) | ४ | १० | १५ | २५ | ५० | | |
| **प्रतिफल नं १** जनताको खाद्य तथा पोषण सुरक्षामा सुधार भएको हुनेछ । | **प्रति व्यक्ति प्रतिबर्ष कृषि जन्य वस्तुको उपलब्धता** | | | | | | | |
| | तरकारी (के.जी.) | २० | ३० | ४० | ५० | ७५ | | |
| | फलफूल (के.जी.) | २ | ५ | ५ | ६ | १० | | |
| | आलु (के.जी .) | १० | १२ | १५ | २० | २० | | |
| | दलहन (के.जी.) | ५ | १० | १० | १५ | २० | | |
| | खाद्यान्न न्युन रहेका वार्ड (संख्या) | ४ | २ | १ | ० | ० | | |
| **प्रतिफल नं २** नगदेवाली, मौसमी तथा वेमौसमी तरकारी तथा फलफूल खेतिको क्षेत्र विस्तार, वजार व्यवस्थापन तथा वाली सघनतामा वृद्धि भई आय आर्जनमा वृद्धि भएको हुनेछ। | फलफुल खेति (सुन्तला, कागति) विस्तार (हे) | १० | १५ | १५ | १५ | २० | | |
| | वेमौसमी तरकारी खेति (हेक्टर) | ० | १ | १ | १.५ | २.५ | | |
| | तरकारी, फलफूलको संकलन केन्द्रको स्थापना (संख्या) | ० | ० | ० | १ | २ | | |
| **प्रतिफल नं. ३** किसानहरूमा कृषि सम्बन्धी ज्ञानको पहुँचमा वृद्धि भएको हुनेछ। | अगुवा कृषक संख्या | ७ | १० | १५ | ३० | ४५ | | |
| | व्यावसायिक कृषिमा आवद्ध कृषकको संख्या | ० | ५ | १० | २० | ४० | | |
| | कृषि तालिम प्राप्त कृषकको संख्या (वार्षिक) | १७ | ७ | १२ | ३० | ९० | | |
| | कृषि अवलोकन भ्रमण गर्ने कृषकको संख्या | ० | २० | ५० | १०० | १५० | | |
| **प्रतिफल नं. ४** वालीको विविधिकरण हुनुका साथै उत्पादनको व्यवस्थित भण्डारण प्रसोधन र आवश्यक वजारको व्यवस्थापन भई कृषकहरुको आय स्तरमा वृद्धी भएको हुनेछ। | कृषि हाट बजार तथा संकलन केन्द्र (संख्या) | ० | १ | ६ | ८ | ८ | | |
| | कृषक समुह संख्या | ५ | ६ | १२ | १८ | २४ | | |
| | अदुवा उत्पादन (क्वीन्टल) | ५ | १० | २० | ३० | ५० | | |
| | जीविकोपार्जन खेति प्रणालीवाट व्यवसायीक खेति तर्फ उन्मुख (प्रतिशत) | ० | १ | ५ | १० | २० | | |

## ४.१.७ प्रमुख कार्यक्रम

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८० /०८१ | २०८१ /०८२ | २०८२ /०८३ | जम्मा परिणाम | ०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा |
| **खाद्यान्नको उन्नत जातको बीउ वितरण** | | | | | | | | | | | | | |
| धान बीउ वितरण | के.जी. | ३०० | ३०० | २०० | २०० | २०० | **१२००** | १६ | १५ | १५ | १५ | १५ | **७६** |
| मकैं बीउ वितरण | के.जी. | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | १२० | १३८ | १५९ | १८३ | २१० | **८०९** |
| माटो शिविर | संख्या | ४ | ८ | १० | १२ | ४ | **३८** | ६०० | १२० | १५६ | १७९ | ६०० | **१,६५५** |
| बीउँ उत्पादन कार्यक्रम (दलहन, धान, मकै, गहुं) | के.जी. | ४०० | ५०० | ७०० | ८०० | १००० | **३४००** | ४०० | ५०० | ५७५ | ६६१ | ७६० | **२,८९७** |
| उन्नत मकै खेतिको विस्तार | हेक्टर | ३० | ३५ | ४० | ४५ | ५० | **२००** | १०० | १२५ | १४४ | १६५ | १९० | **७२४** |
| तरकारी खेती पकेट क्षेत्र निर्धारण | स्थान | ४ | ४ | ३ | ३ | ४ | **१८** | १०० | १२५ | १५६ | १९५ | २४४ | **८२१** |
| गोलभेडा खेतीको लागि टनेल निर्माण | समूह | १ | ४ | ६ | १० | १० | **३१** | १०० | १२५ | १५६ | १९५ | २४४ | **८२१** |
| तरकारी संकलन केन्द्र | स्थान | १ | २ | १ | १ | १ | **६** | १०० | १२५ | १५६ | १९५ | २४४ | **८२१** |
| फलफुल खेती पकेट क्षेत्र निर्धारण | स्थान | ४ | ४ | ३ | ३ | ४ | **१८** | १२५ | १५६ | १९५ | २४४ | ३०५ | **१,०२६** |
| उन्नत जातको आलुको बीउ वितरण | के.जी | १०० | २०० | २०० | ३०० | २०० | **१०००** | १२५ | १५६ | १९५ | २४४ | ३०५ | **१,०२६** |
| तोरीको बीउ वितरण | के.जी | २०० | २०० | २०० | ३०० | १०० | **१०००** | १२५ | १५६ | १९५ | २४४ | ३०५ | **१,०२६** |
| बगैचा स्थापना ( फलफूल ) | हेक्टर | ९ | १२ | १५ | ० | ० | **३६** | ५२५ | ६५६ | ८२० | १,०२५ | १,२८२ | **४,३०९** |
| कृषककालागि तालिमको आयोजना | पटक | १ | १ | २ | १ | १ | **६** | २५० | ६५० | ८१३ | १,०१६ | १,२७० | **३,९९८** |
| कृषि प्राविधिक र पशु प्राविधिकको व्यवस्थापन | जना | १२ | १८ | १८ | १८ | ३० | **९६** | ५०० | ६२५ | ७८१ | ९७७ | १,२२१ | **४,१०४** |
| प्राङ्गारिक मल उत्पादन सम्बन्धी तालिम | जना | १२ | १८ | २४ | ३० | ३६ | **१२०** | ५५० | ६८८ | ८५९ | १,०७४ | १,३४३ | **४,५१४** |
| Power trillar वितरण (२५ प्रतिशत अनुदानमा) | संख्या | १५ | १६ | २४ | ३० | ४२ | **१२७** | ६५० | ८१३ | १,०१६ | १,२७० | १,५८७ | **५,३३५** |
| उन्नत वीउ प्रशारण वीउकीट वितरण | संख्या | ३० | ६० | ६० | ९० | ९० | **३३०** | ३५० | ४३८ | ५४७ | ६८४ | ८५४ | **२,८७२** |
| बीउँ उत्पादन कार्यक्रम बालि संरक्षण र ढवानी समेत | पटक | १२ | १८ | २४ | ३० | ३० | **११४** | १५० | १८८ | २३४ | २९३ | ३६६ | **१,२३१** |
| प्लाटिक सिट वितरण सवै वार्डहरुमा | के.जी | ८ | १० | १२ | ० | ० | **३०** | २९० | ३६३ | ४५३ | ५६६ | ७०८ | **२,३८०** |
| मौरीघार तथा मौरी उपकरण वितरण सवै वार्डहरुमा( ५० प्रतिशत अनुदान) | संख्या | ६ | ७ | ८ | ७ | १० | **३८** | २०० | २५० | ३१३ | ३९१ | ४८८ | **१,६४१** |
| **जम्मा** | | | | | | | | **५३७६** | **६४१२** | **७९३८** | **९८१६** | **१२५४१** | **४२०८६** |

## ४.१.८ अपेक्षित उपलब्धी

## ४.२ पशु विकास सेवा

### ४.२.१ विद्यमान अवस्था

स्थानीय कृषकहरुले स्थानीय सिप, दक्षता र प्रविधि अनुसार पालन गरीरहेका पशु पंक्षिहरुबाट बढी उत्पादन गर्न, कृषकहरुलाई आत्म निर्भर वनाउन तथा आय आर्जन वृद्धि गराउन र निकासिमा समेत बृद्धि गरि जनताको आयस्तरमा वृद्धि गर्ने लक्षका साथै मानव जीवनलाई स्वस्थ र स्वस्फूत राख्नका लागि विभिन्न किसिमका पशु स्वास्थ्य कार्यक्रमहरु यस गाउँपालिकामा संचालन हूंदै आईरहेको छ । यो क्षेत्रलाई वढी व्यवस्थित राख्न र पशूसेवालाई जन समुदायको घरदैलोमा पुर्याई कृषकहरुको कार्य संचालन गर्नका लागी गाउँपालिकाले सहजीकरणको काम गरिरहेको छ । स्थानीय स्तरमा पशूपालन व्यवशायलाई वढी व्यवस्थित, आयआर्जनको मूल माध्यम वनाउनकालागी यस गाउँपालिकामा बिबिध किसिमका सेवाहरु आबश्यकता रहेकोछ । जस्तैः पशु उत्पादन कार्यक्रमः पशु प्रजनन् सेवा;पशु स्वास्थ्य सेवाः गोबर परिक्षण, पिसाब परिक्षण, रगत परिक्षण, थुनेलो परिक्षण, छालाको रोग परिक्षण, सव परिक्षण, नमुना संकलन तथा प्रेषण; हस्पिटल उपचार सेवाः मेडिकल उपचार, माईनर सर्जिकल उपचार, मेजर सर्जिकल उपचार, गाईनाकोलोजिकल उपचार, रोग निरोधक खोप कार्यक्रम;रोग नियन्त्रण तथा जन स्वास्थ्य संरक्षण सेवाः ग्रामीण पशु स्वास्थ्य सेवा विस्तार, गुणस्तर नियम (मासु निरिक्षण तथा सुपरिवेक्षण);पकेट प्याकेज कार्यक्रममा फलोअप भैसी, बाख्रा, कुखुरा; गरिवी निवारण स्वरोजगार प्रर्बधन र व्यावसायिक कुखुरा पालन फलोअप कार्यक्रम ।

यसका अलावा, उपयूक्त हावापनीका कारणमा गाउँपालिकामा पशूपालन ब्यबसाय अन्तरगत गाई, भैसि, भेडा, बाख्रा, बंगूर, कुखुरा ब्यबसायिक रुपमा पालन गर्ने किसानहरूको सोंह रहेको पाईन्छ । यस ब्यबशायलाई प्रभाबकारी रुपमा संचालन गर्नको लागी नश्ल सूधार, पशु आहारा बिकास, पशु स्वास्थ्य तालिम तथा प्रसार, बजार बिकास जस्ता कार्यक्रमहरु संचालन हुन जरूरी छ । पशुजन्य पदार्थ र वार्षिक उत्पादन तथा निर्यातको अवस्थालाई हेर्दा दुध, मासु, उन तथा फुल उत्पादनमा मात्रात्मक वृद्धि भएको देखिन्छ । तथापी, यी पदार्थहरुले गाउँपालिका भरिको मागलाई आपूर्ति गर्ने अवस्था भएको देखिंदैन । जस्को फलस्वरुप गाउँपालिका बाहिरवाट आयात भईरहेको छ ।

### ४.२.२ अवसर र चुनौति

| **अवशर** | **चूनौति** |
|---|---|
| • बजारको विस्तारका कारण प्रयाप्त कुखुराको माग र ब्याबशायीहरूको त्यसतर्फको आकर्षण<br>• उन्नत गाइ भैसी तथा वाख्रा पालनतर्फ किसानहरूको आकर्षण र गाउँपालिकाको प्रोत्साहन<br>• पशुजन्य उत्पादन र पदार्थहरूको बढदो माग | • उन्नत पशुपालन प्रणाली र सोका लागि प्रयाप्त लगानीको अभाव<br>• १२ महिना पोषिलो पशु आहाराको उपलब्ध हुन नसक्नु<br>• बिशिष्टिकृत पशु स्वास्थ्य सेवाको अभाव<br>• उत्पादित पशुजन्य उत्पादन र पदार्थहरूलाई बजार सम्म पुर्याउन समस्या |

### ४.२.३ उद्देश्य

स्वस्थ पशुपंक्षीको उत्पादनमा बृद्धि भई रोजगारीका अवशरहरु श्रृजना गर्ने ।

### ४.२.४ रणनीति

- पशु विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ।
- व्यवसायिक पशुपालनको लागि अनुदान लगायतका प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ।
- तालिम, गोष्ठी, भ्रमणको माध्यमबाट आधुनिक प्रविधि तथा ज्ञान सीप प्रदान गरिनेछ।
- प्रत्येक वडामा एक जना पशु प्राविधिक र नगरमा पशु अस्पताल तथा ल्यावको स्थापना गरी कार्य सञ्चालन गरिनेछ।
- युवामैत्री कार्यक्रम बनाई विशेष अनुदानको व्यवस्था गरी युवा जनशक्तिलाई व्यवसायिक पशुपालनमा सहभागी गराइनेछ।
- दुग्ध चिस्यान केन्द्र तथा संकलन केन्द्रको स्थापना पहल गरिनेछ।
- पशु वधशालाको निर्माण गरी स्वच्छ मासु उपभोगमा पहुँच कायम गरिनेछ।
- उन्नत जातको पशु नश्ल सुधारको लागि शत प्रतिशतको उन्नत राँगा, साढे, बोका वितरण गरी स्रोत केन्द्र स्थापना गरिनेछ एवं कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ।
- बार्षिक कृषि तथा पशु मेला प्रदर्शन गरी उत्कृष्ट कृषि तथा पशुपालक कृषकहरुलाई पुरस्कृत तथा प्रोत्साहित गरिनेछ।
- गाउँपालिका भित्र हुने पशुपालन सम्बन्धी गतिविधिहरु बिभिन्न सञ्चार माध्यमहरुबाट जानकारीको लागि नियमिति रुपमा प्रचार प्रसार गरिनेछ।
- पशुपालन व्यवसायको प्रवद्र्घनका लागि निजी क्षेत्रको संलग्नतामा जोड दिइनेछ।
- पशुजन्य वस्तु जस्तै छुर्पि, छालाको जुता, राडि कम्मल आदि उत्पादनका लागि पशु वस्तु उत्पादन उद्योग संचालन गरिनेछ
- विप्रेषणको समुचित प्रयोग गरी व्यवसायिक पशुपालनको स्थापना गरिनेछ।
- निजी क्षेत्रको संलग्नतामा दुध, मासु, रौं, हड्डी आदिमा आधारित उद्योग संचालन गरिनेछ।

### ४.२.५ कार्यनीति

- व्यवसायिक रुपमा पशुपालनमा प्रोत्साहन गर्न कृषकलाई डाले तथा भुइ घाँसको विउ वितरण तथा खोर सुधारकालागि अनुदानको व्यवस्था गरिनेछ।
- कृत्रिम गर्भाधान सेवा नपुगेका स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नस्लका पशुहरूको सङ्ख्यामा वृद्धि गरिनेछ।
- रैथाने जातको खसी बोकाको बजारमा बढी माग भएकोले यसको उतदनमा विशेष जोड दिइनेछ।
- पशुसेवा प्राविधिकको व्यवस्था गरी पशुपन्छी सेवामा कृषकको पहुँच विस्तार गरिनेछ।
- युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा आकर्षित गरिनेछ।
- उत्पादित दुध निर्यातको लागि दुध डेरीको व्यवस्था गरिनेछ।

## ४.२.६ नतिजा खाँका

| विवरणात्मक संक्षेप | सूचकहरु | २०७७/०७८ (आधार बर्ष) | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| **उपलब्धिः** स्वस्थ पशुपंक्षीको उत्पादनमा बृद्धि भई रोजगारीका अवशरहरु श्रृजना भएका हुनेछन। | पशु उत्पादन वृद्धिदर (प्रतिशत) | १० | १२ | १३ | १५ | १८ | २५ | पशु सेवा विकास शाखा, गापाको तथ्याङ्क पुस्तिका तथा गांउपालिका वस्तुगत पाश्र्वचित्र | सरकारी सहयोग निरन्तर रहेमा |
| | पशुपालन क्षेत्रमा रोजगारीमा वृद्धी (प्रतिशत) | ३ | ५ | १० | १० | २० | ३० | | |
| | पशु विकास समूह गठन (संख्या) | ४ | ६ | ६ | १२ | १५ | १८ | | |
| **प्रतिफल नं १** पशुपालन सेवा सुलभ भई पशुपालन व्यवशायमा व्यवसायिकरण भई उन्नत पशुपन्क्षी पालनमा बृद्धि भएको हुनेछ। | कृत्रिम गर्भाधान केन्द्र (संख्या) | ० | ० | १ | २ | ३ | ४ | | |
| | पशु क्षेत्रमा रोजगार वृद्धिदर (प्रतिशत) | २ | ५ | ५ | १५ | २५ | ३० | | |
| | उन्नत जातका गाईहरुको संख्या | ० | ८ | १० | १८ | ३० | ६० | | |
| | उन्नत जातका भैंसीहरुको संख्या | ० | ६ | १० | १८ | ३० | ६० | | |
| | उन्नत घासको क्षेत्रफल (रोपनी) | १० | १० | १५ | २० | ४० | ६० | | |
| | नश्ल सुधार (प्रतिशत) | ० | २ | ३ | ४ | ५ | ६ | | |
| | मासु पसल | २ | २ | ६ | ८ | १० | १२ | | |
| | डेरी पसल (संख्या) | ० | ० | १ | २ | ३ | ४ | | |
| | पशु भेटेरनरी (संख्या) | २ | १ | २ | ६ | १२ | १८ | | |

## ४.२.७ प्रमुख कार्यक्रम

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा परिणाम | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा |
| उन्नत जातको बोका वितरण | संख्या | १२ | २० | २४ | १२ | १५ | **८३** | १५०० | १८०० | २४०० | २००० | १२०० | **८९००** |
| उन्नत जातको घाँसको बीउ वितरण | परिवार | १०० | २०० | ४०० | ६०० | ८०० | **२१००** | १०० | २०० | ४०० | ६०० | ८०० | **२१००** |
| पशुको औषधिको व्यवस्थापन | स्थान | ३ | ६ | ६ | ८ | १० | **३३** | ३०० | ६०० | ६५० | ८५० | १२०० | **३६००** |
| दुध डेरीको स्थापनामा अनुदान | स्थान | ० | १ | २ | ३ | १ | **७** | ० | १५० | २५० | ३५० | १६० | **९१०** |
| उन्नत घासकोको खेति कार्यक्रम | रोपनी | १५ | २० | २० | ३० | ५० | **१३५** | ७०० | ८०० | ८५० | १००० | १५०० | **४८५०** |
| उन्नत जातको राँगो वितरण | संख्या | ६ | १२ | १२ | १० | १० | **५०** | ५०० | १२०० | १२०० | १००० | १२०० | **५१००** |
| व्यावसायिक फार्म सुधार (गाई, भैसी) | संख्या | ८ | १२ | १० | १८ | २४ | **७२** | ५०० | १००० | १५०० | ५००० | १५०० | **९५००** |
| कृत्रिम गर्भाधान | संख्या | ० | ५० | ९६ | १२० | २०० | **४६६** | ० | १५० | १५० | २०० | ५०० | **१०००** |
| पशु विमा | संख्या | १५० | ३०० | ६०० | १००० | १५०० | **२०००** | १०० | १५० | २०० | २५० | ३०० | **१०००** |
| पशुहाट बजार स्थापना | संख्या | ० | १ | १ | २ | २ | **६** | ० | २०० | २०० | ३०० | ३०० | **१०००** |

| **कार्यक्रमको नाम** | **ईकाइ** | **कार्यक्रमको लक्ष्य** | | | | | | **वजेट (रु. हजारमा)** | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **२०७८/०७९** | **२०७९/०८०** | **२०८०/०८१** | **२०८१/०८२** | **२०८२/०८३** | **जम्मा परिणाम** | **२०७८/०७९** | **२०७९/०८०** | **२०८०/०८१** | **२०८१/०८२** | **२०८२/०८३** | **जम्मा** |
| व्यावसायिक फार्म सुधार (बाखा, कुखुरा, बंगुर) | संख्या | ३ | ५ | ६ | ६ | १० | **३०** | ३०० | ५०० | ६०० | ६५० | १००० | **३०५०** |
| बंगुर बितरण, खोर सधार, अन्य | संख्या | ३० | ६० | १२० | १६० | २०० | **५७०** | १२०० | १३०० | १४०० | १५०० | १६०० | **७०००** |
| बाखापालन पकेट स्थापना | संख्या | २ | ३ | ४ | २ | ६ | **१७** | ६०० | ९०० | १००० | ६०० | १२०० | **४३००** |
| ह्याचरी स्थापना | संख्या | १ | २ | ४ | ६ | ४ | **१७** | २०० | ४०० | ८०० | ८०० | ८०० | **३०००** |
| पशु स्वास्थ्य सेवा (उपचार, खोप, परजिवी नियन्त्रण, प्रयोगशाला) | संख्या | ५०० | ७०० | १००० | १२००० | १५०० | **१५७००** | ७५०० | ९३५० | १३४०० | १८१०० | १५०६० | **६३४१०** |
| मासु पसल व्यवस्थापन | संख्या | ३ | ६ | ६ | ६ | ५ | **२६** | १५० | ३०० | ३०० | ३०० | ५०० | **१५५०** |
| **जम्मा** | | | | | | | | १३६५० | १९००० | २५३०० | ३३५०० | २८८२० | १२०२७० |

## ४.२.८ अपेक्षित उपलब्धी

## ४.३ उद्योग, व्यापार, वैकिग, र सहकारी

### ४.३.१ विद्यमान अवस्था

यो गाउँपालिका पाल्पा जिल्लाको पुर्बी र स्याङ्जा जिल्लाको पुर्वि दक्षिणी भेगलाई पुर्ब-पश्चिम रागमार्ग मार्फत तराईको बजारसंग जोडने प्रमुख व्यापारिक केन्द्र बन्दै गरेको अवस्था एकातिर रहेको छ भने स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी संचालन गर्न सकिने संभावना रहेको देखिन्छ । गाउँपालिका क्षेत्रमा यातायात पूर्वाधारको पहुँच रहेको छ । यहाँ विशेष गरी कृषि, पशु, जडिबुटीको उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको संभावना रहेको छ ।

यस गाउँपालिका केही महिना अघिसम्म कुनै पनि बाणिज्य बैंङ्क बिहिन गाउँपालिकाको रूपमा चिनिएको अवस्था थियो । हालै एक मात्र बाणिज्य बैंकको रूपमा सनराइज बैङ्कले आफ्नो सेवा थालनी गरेको छ । जिल्ला तथा अन्य जिल्लाहरुमा कार्यरत सहकारी वित्तिय संस्थाहरुमा कालिका माइक्रो क्रेडिट डेभेलभमेन्ट विकास बैङ्क, अन्धकारमुक्ती वचत तथा ऋण सहकारी संस्था, लक्ष्मी लघुवित्त, गरिमा विकास बैङ्क, निर्धन उत्थान बैङ्क लिमिटेड, नेपाल एग्रो माइक्रो फाइनन्स वित्तिय संस्था, चौतारी लघु वित्त र नेष्डो नेपाल जस्ता बाहिरका सहकारी, वित्तिय संस्था तथा बैङ्कहरुले विगत देखि विभिन्न समुदायमा समुह बनाई वचत तथा ऋण सम्बन्धी कार्य गरिरहेका छन । यसका साथै आन्तरीक रुपमा क्रियशिल कृषि, बचत तथा ऋण र बहुउद्देश्य सहकारी संस्थाहरु तपशिल अनुसार क्रियाशिल छन् ।

### ४.३.२ अवसर र चुनौति

| **अवशर** | **चूनौति** |
|---|---|
| ● जडिवुटी –मेन्था, लेमनग्रास, कलोभरो, सिटोनली आदि) सम्वन्धी अध्यन अनुसन्धान गरी जडिवुटी खेती तथा प्रसोधनमा विस्तार गर्न सकिने ।<br>● मौरीपालन व्यवसायको सम्भावना<br>● वनमा आधारित – वावीयोको डोरी, सालको पातको टपरी) उद्योगहरु स्थापना गर्न सकिने<br>● उद्योगहरु स्थापनाका लागी बैंकिङ लगानी वढाउन सकिने ।<br>● काष्ठ उद्योगहरुको स्थापना गर्न सकिने ।<br>● यस गापामा १९ वटा सहकारीहरू कानुनी रूपमा दर्ता भई स्थानीयहरूलाई सेवा दिईरहेको । | ● लघु तथा घरेलु र हस्तकलामा आधारित उद्योगहरुको ब्यबशायीकरण गर्न नसकिनु र प्रतिष्पर्धामा आउन नसक्दा विस्तापीत हुनु ।<br>● उत्पादन र मागमा आधारित साना तथा घरेलु उद्योगको स्थापनाका लागी पकेट क्षेत्रहरूको पहिचान हुन नसक्नु ।<br>● साना उद्योगी तथा व्यवसायीहरुलाई कर छुट तथा प्रोत्साहनाको कुनै प्याकेजहरूको ब्यबस्था गर्न नसकिनु ।<br>● घरेलु उत्पादनका सामग्रीहरूको विक्रि कक्ष तथा बजारको अभाव |

### ४.३.३ उद्देश्य

- उद्योग, व्यापार, सहकारी र पर्यटन, व्यवसायलाई गांपाको आर्थिक विकासमा महत्वपूर्ण हिस्साको रुपमा विकास गरी स्थानीय समुदायमा स्वरोजगारी श्रृजना भई आयआर्जनमा बृद्धि गर्ने ।

### ४.३.४ रणनीति

- उद्योग व्यवसाय विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ।
- ठूला, मझौला तथा साना उद्योगको सम्भाव्यता हेरी सञ्चालनमा सहजीकरण गरिनेछ।
- उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनको लागि जोड दिइनेछ।
- दक्ष जनशक्ति उत्पादन जोड दिनुका साथसाथै स्वरोजगारी सृजना तथा उद्यमशीलता विकास गर्नका लागि गरिब लक्षित समूहलाई प्रशिक्षण तथा आर्थिक टेवा दिइनेछ कार्यक्रम सञ्चालन गरिनेछ।
- सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम कार्यक्रम संचालन गरिनेछ।
- पछाडि पारिएका विपन्न, लक्षित वर्ग र युवालाई उद्योग स्थापनामा सहजीकरण तथा प्रोत्साहन गरिनेछ।
- निजी क्षेत्रको संलग्नतामा गैरकाष्ठ बन पैदावरमा आधारित, कृषि तथा पशुमा आधारित उद्योग संचालन गरिनेछ।
- स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार र हित सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यन्वयन र नियमन गरिनेछ।
- उपभोक्ता सचेतना अभिवृद्धि गरी लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परिक्षण गरिनेछ।

### ४.३.५ कार्यनीति

- लघु उद्यम कार्यक्रम सञ्चालन गर्दा पूर्व स्थलगत अध्ययन गरी व्यवसायिक योजना तयार पारिनेछ।
- उद्योग स्थापनाकालागि बाटो, पानी, बिजुली जस्ता पूर्वाधारको विकास गरिनेछ।
- लघु उद्यमीले उत्पादन गरेका वस्तुहरु खेर जान नदिन बजारीकरणमा सहजीकरण गरिनेछ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्योगहरु सञ्चालनमा प्रोत्साहन गरिनेछ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई  विस्तार गर्न घरेलुसंग समन्वय गरिनेछ।
- कृषक समूह, आमा समूह तथा, सहकारी मार्फत बचत गर्न अभिप्रेरित गरिनेछ।
- बैंकमार्फत बचत गर्ने बानीको विकासको लागि बैंकिङ्ग शिक्षा र वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
- बैकिङ्ग सेवाको वातावरण निर्माण गरी एक घर एक खाताको नीति लिइनेछ।
- सहकारीको लगानी कृषि, पर्यटन, उद्योग, ऊर्जाजस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ।
- सहकारी संस्थाहरूको व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ।
- व्यवसाय सञ्चालनमा सहुलियत कर्जा उपलब्ध गराइने छ।
- सबै वडाहरुमा सहकारीको पहुँच अभिवृद्धि गरिनेछ।

## ४.३.६ नतिजा खाँका

| विवरणात्मक संक्षेप | सूचकहरु | २०७७/०७८ (आधार बर्ष) | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| **उपलव्धि** उद्योग, व्यापार, सहकारी र पर्यटन, व्यवसायलाई गांपाको आर्थिक विकासमा महत्वपूर्ण हिस्साको रुपमा विकास गरी आयआर्जनमा बृद्धि भएको हुनेछ। | उद्योगहरु स्थापना (संख्या) | ६५ | २५ | २८ | ३५ | ५० | ६० | गांउपालिका कार्यालयको प्रतिवेदन, तथा गांउपालिका वस्तुगत पाश्र्वचित्र | स्थानीय सरोकारवालाहरु तथा सरकारी सहयोग प्राप्त भएमा। |
| | साना तथा घरेलु उद्योगमा रोजगारी (संख्या) | २०० | ८० | १०० | १५० | १५० | १५० | | |
| | उद्यमीहरुको आयमा वृद्धी (प्रतिशतं) | १० | २० | २५ | ३० | ५० | १०० | | |
| | वित्तिय संस्थाहरुमा जनताको पहुंच (प्रतिशत) | २.५ | ५ | १० | १५ | ३० | | | |
| | सहकारी स्थापना (संख्या) | २५ | ५ | ६ | १० | १० | १० | | |
| | पर्यटकिय स्थानहरुको पहिचान (संख्या) | २ | ३ | ५ | ८ | १० | १० | | |
| **प्रतिफल १ :** घरेलु, साना, तथा मझौला उद्योगहरु स्थापना भई स्थानीय स्तरमा रोजगारीको सिर्जना भएको हुनेछ। | कुल दर्ता भएका उद्योग सङ्ख्या | ५ | १० | १८ | २४ | ४८ | १०० | घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयको प्रतिवेदन, तथा गांउपालिका पाश्र्वचित्र | |
| | कुल संचालित घरेलु उध्योग (संख्या) | ७ | १३ | २० | २५ | ५० | ५० | | |
| | साना तथा घरेलु उद्योगमा रोजगारी (संख्या) | २०० | ८० | १०० | १५० | १५० | १५० | | |
| | उद्यमीहरुको आयमा वृद्धी (प्रतिशत वार्षिक) | १० | २० | २५ | ३० | ५० | १०० | | |
| **प्रतिफल २ :** वित्तिय संस्थाहरुमा ग्रामिण स्तरका जनताहरुको पहुंचमा वृद्धि भई जनताले थप कर्जा प्राप्त गरेका हुनेछन्। | वित्तिय संस्थाहरुमा जनताको पहुंच (प्रतिशत) | ५ | १० | १५ | २० | ४० | ५० | स्थानीय वैंकिङ कार्यालयको प्रतिवेदन, तथा गांउपालिका वस्तुगत पाश्र्वचित्र | |
| | निजि क्षेत्रका वित्तिय संस्थाहरुको स्थापना | १ | २ | ४ | ४ | ६ | १० | | |
| **प्रतिफल ३ :** गुणस्तरिय सहकारी संस्थाहरुको स्थापना तथा व्यवस्थापन गरी रोजगारीको सृजना भएको हुनेछ | सहकारीको स्थापना (संख्या) | २५ | ५ | ६ | १० | १० | १० | गांउपालिका तथा घरेलु तथा स्थानीय सहकारीहरुको प्रतिवेदन, तथा गांउपालिका पाश्र्वचित्र | |
| | सहकारीमा आवद्ध घरधुरी संख्या (प्रतिशत) | १८ | २८ | ४० | ५० | ७५ | ८० | | |
| | सहकारी मार्फत सिपयूक्त तालिम संख्या | ५० | १०० | १५० | ३०० | ३०० | ३०० | | |
| **प्रतिफल ४ :** पर्यटकिय क्षेत्रहरुको पहिचान भई पर्यटन व्यवशायकालागि आवश्यक पूर्वाधारहरुको विकास तथा विस्तार भएको हुनेछ। | पर्यटकिय क्षेत्रहरुको पहिचान | २ | ३ | ५ | ८ | १० | १० | गांउपालिका तथा पर्यटन कार्यालयको प्रतिवेदन। | स्थानीय सरोकारवालाहरु तथा सरकारी सहयोग प्राप्त भएमा. |
| | पर्यटन उद्यममा संलग्नहरुको संख्या | ६ | १० | १८ | ३० | ४८ | १०० | | |
| | पर्यटन उद्यमीहरुको आम्दानीमा वृद्धि (प्रतिशत) | ५ | १० | १५ | २० | २५ | ५० | | |
| | पार्क निर्माण (संख्या) | १ | १ | २ | ४ | ६ | १० | | |
| | वास वस्ने होटलको व्यवस्था (संख्या) | २ | ५ | ८ | १० | १२ | १४ | | |
| | सार्वजनिक शौचालय निर्माण (संख्या) | ३ | ६ | १२ | १२ | १२ | १२ | | |
| | सुचनाकेन्द्र निर्माण (संख्या) | १ | १ | २ | ३ | ६ | ६ | | |
| | सूचनाका लागि वुकलेट तथा ब्रोसरको (किसिम) | १ | १ | २ | ३ | ५ | ५ | | |
| | धार्मिक मठ, मन्दिरहरुको संरक्षण (संख्या) | २ | २ | ६ | ५ | ५ | ५ | | |
| | संसकृति झल्काउने चाड पर्वको प्रचार प्रशार (संख्या) | २ | २ | २ | २ | २ | २ | | |

## ४.३.९ प्रमुख कार्यक्रम

### उद्योग

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा परिणाम | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा |
| वांसमा आधारित उद्योग संचालन अनुदान कार्यक्रम | संख्या | ३ | ४ | ५ | ६ | ६ | २४ | ५०० | ८०० | १००० | १२०० | १२०० | ४७०० |
| ढाकाको टोपी तथा पछ्यौरा उत्पादन अनुदान कार्यक्रम | संख्या | २ | ३ | ४ | ५ | ६ | २० | २०० | ३०० | ४०० | ५०० | ६०० | २००० |
| चाउमिन उद्योग संचालन अनुदान कार्यक्रम | संख्या | १ | २ | ३ | ० | ० | ६ | ७५ | १५० | २०० | ० | ० | ४२५ |
| कागज उद्योग अनुदान कार्यक्रम | संख्या | ० | १ | ० | ० | १ | २ | ० | ३०० | ० | ० | ३०० | ६०० |
| वनस्पति विषाधि निर्माणकोलागि तालिम सञ्चालन | जना | ६० | ९० | ६० | ६० | ९० | ३६० | १८० | २७० | १८० | १८० | ३०० | १११० |
| अलैची खेतीकालागि तालिम सञ्चालन | जना | ५० | १०० | २०० | २५० | ३०० | ९०० | २५० | ५०० | १००० | ६०० | १००० | ३३५० |
| घरेलु तथा साना उद्योग स्थापना गर्ने अनुदान कार्यक्रम | संख्या | २४ | २० | ४० | ३० | २० | १३४ | १००० | १००० | १२०० | १५०० | १५०० | ६२०० |
| युवाहरूलाई सिपमुलक कार्यक्रम सञ्चालन | संख्या | २५ | ५० | ५० | ५० | ५० | २२५ | १००० | २००० | २२५० | २५०० | २५०० | ३००० |
| सिर्कमी तथा डकर्मि तालिम | संख्या | २५ | ५० | ५० | ५० | ५० | २२५ | १००० | २००० | २२५० | २५०० | २५०० | ३००० |
| मोटर साईकिल रिपेयरिङ्ग तालिम | संख्या | ५ | ५ | ८ | १० | १० | ३८ | १००० | २००० | २२५० | २५०० | २५०० | ३००० |
| जम्मा | | | | | | | | ५२०५ | ९३२० | १०७३० | ११४८० | १२४०० | २७३८५ |

### सहकारी विकाससंग सम्वन्धित कार्यक्रम तथा बजेट

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा परिणाम | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा |
| सहकारी शिक्षा तथा अभिमुखीकरण कार्यक्रम | संख्या | २ | २ | २ | २ | २ | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| सहकारी संस्था सञ्चालन प्रकृया अभिमुखीकरण कार्यक्रम | संख्या | २ | २ | २ | २ | २ | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| सहकारी गठन | संख्या | २ | २ | २ | २ | २ | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| जम्मा | | | | | | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |

### वित्तिय संस्थाहरुसंग सम्वन्धित कार्यक्रम तथा बजेट

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा परिणाम | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा |
| ग्रामिण स्तरमा घुम्तिसेवा वित्तिय संस्थाहरु । | संख्या | १० | १५ | २० | २५ | ३० | १०० | ५००० | ७५०० | ५००० | ८००० | ८५०० | ३४००० |
| ग्रामिण स्तरमा ऋण प्रवाह गर्ने सहकारीसंस्था | संख्या | १० | २० | ३० | ४० | ५० | १५० | ५००० | १०००० | १५००० | २०००० | ३०००० | ८०००० |
| कृषि विकास प्रयोजनमा बैक ऋण प्रवाह | समूह | २५ | २२ | २५ | २५ | २५ | १२२ | ७५०० | ७५०० | ७५०० | ७५०० | ७५०० | ३७५०० |
| व्यवशाय प्रयोजनमा बैंक ऋण प्रवाह | लाखमा | ६० | ८० | ६० | ६० | ७० | ३३० | ६० | ८० | ६० | ६० | ७० | ३३० |
| जम्मा | | १३० | २०० | १६० | १७५ | २३० | ८९५ | १७५६० | २५०८० | २७५६० | ३५५६० | ४६०७० | १५१८३० |

## ४.३.१० अपेक्षित उपलब्धी

## ४.४ पर्यटन

### ४.४.१ विद्यमान अवस्था

निस्दीको संस्कृति र संस्कारहरु हिन्दु धर्ममा आधारीत रहेका छन् । यहाँका हिन्दु धर्मवलम्वीहरु सत्यनारायण पुजा, श्राध्द, कर्मकण्ड साथै मठमन्दिरमा गएर पुजा गर्ने गर्दछन् । मित्याल झ्याल्टुङ्गको बल्ढेङ्ग देवी, गल्धा फाँटको शिवमन्दिर, गाबुडाँडाको बराहदेवी मन्दिर, बाकामलाङ्गको राईका देवी मन्दिर र सातै वडाका कोटघरहरुमा विभिन्न तिथी र पर्वहरुमा पुजा आजा, दर्शन गर्ने र मेला लाग्ने प्रचलन छ, जो धार्मिक पर्यटनको रूपमा प्रसिद्ध मानिन्छन । साथै मगर बस्ती रहेको केही वडाका टोलहरुमा कुल बराजु (भेजा) थपनामा पुजा गर्ने चलन पनि छ । धार्मिक सहिष्णुता, आपसी मेलमिलाप र सद्भाव कायम गर्नमा यस खालको चलनले ठुलो सहयोग पु¥याएको देखिन्छ । यसका साथै निस्दी गाउँपालिकामा विभिन्न रमाईला र घुम्न योग्य ठाउँहरु पनि छन । जसलाई व्यवस्थित पुर्वाधार तथा संरचनाहरु निर्माण गरेर नियमित संञ्चालनमा ल्याउने हो भने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण बढाउन सकिन्छ । त्यस्तै, काहुले डाँडा (कवुलियती बन), जुरे गुफा, भम्मरीडाँडा लेक, निशानी देवी मन्दिर, कुडुले घरहरु, स्थानीय झाम्रे नाच (रोधी बस्ने, सालैजो, कौरा, सोरठी वा ठुलो नाच (नाचन), घाँटु नाच, भजन, चुट्का, रोईला, फागु नाच, पञ्चेबाजा नाच आदि मुख्य रहेका छन् ।

### ४.४.२ अवसर र चुनौति

यो गाउँपालिकामा  धार्मिक, साँस्कृतिक एवं पर्यापर्यटनका हिसावले ठुलो सम्भावना रहेको देखिन्छ । मगर सँस्कृतिको संगम थलोको रहेको यस क्षेत्रलाई पाल्पा, स्याङ्जा, नवलपरासी, रूपन्देही कपिलबस्तु, अर्घाखाँची, र गुल्मी जिल्लाका प्रसीद्ध स्थलहरूलाई जोडेर पर्यटकीय सर्किट निर्माण गर्न सकिने सम्भावना रहेको देखिन्छ । यासकालागि गाउँपालिकाले पर्यटन क्षेत्रको वृहत्तर गुरुयोजना तयार गरी कार्यान्वयन गर्न सकेमा समग्र आर्थिक सामाजिक क्षेत्रमा विशिष्ट योगदान दिनसक्ने देखिन्छ ।

पर्यटकहरुलाई निम्त्याउन यस गाउँपालिकामा रहेका पर्यटकिय स्थलहरूको  जानकारी ब्यबस्थित रूपमा दिने परिपाटी नभएको वा सो बारेमा ब्यापक प्रचास प्रसार हुन नसकेको, भएकस संभावनाहरूकोपनि यथोचित संरक्षणको अभाव रहेको, यूवा बर्गहरूमा आफ्नो संस्कृति प्रति उदाशिनता देखिएको, धार्मिक तथा पयर्टकीय स्थलहरुमा होम स्टेको व्यवस्था नहुनु, मन्दिर छेउछाउका गुफाहरु भ्रमण गर्न पद मार्ग व्यावस्थित नहुनुजस्ता समस्या विद्यमान छन् । स्थानीय समुदायमा अतिथि सत्कार, सेवा सम्बन्धी ज्ञान र सीपको समेत कमी रहेको छ ।

### ४.४.३ उद्देश्य

पर्यटन, व्यवसायलाई गांपाको आर्थिक विकासमा महत्वपूर्ण हिस्साको रुपमा विकास गरी स्थानीय समुदायमा  स्वरोजगारी श्रृजना भई आयआर्जनमा बृद्धि गर्ने ।

### ४.४.४ रणनीति

- पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवद्र्धन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ,
- पर्यटकीय क्षेत्रमा पर्यटनका पूर्वाधार (खानेपानी, विश्रामस्थल, संकेत बोर्ड, सडक, पैदल मार्ग) निर्माण गरिनेछ ।
- गाउँपालिकामा पर्यटकीय सम्भावित क्षेत्रको खोजी, अनुसन्धान, विवरण संकलन र पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गरिनेछ ।
- पर्यटकीय गाउँहरुमा होमस्टे, कुक, अतिथि सत्कार, गाइड, भरिया तालिम सञ्चालन गरिनेछ ।
- निजी क्षेत्र तथा स्थानीयवासीलाई पर्यटनमा संलग्न गराउने सहजीकरणका कार्यक्रम गरिनेछ ।
- पर्यटन तथा होटल क्षेत्रमा लगानी गर्न चाहने व्यवसायीलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

### ४.४.५ कार्यनीति

- पर्यटकीय स्थानको सम्भाव्यता अध्ययन, संरक्षण तथा प्रवद्धनकालागि पर्यटकीय गुरुयोजना तयार गरि चरणबद्ध रुपमा पर्यटन क्षेत्रको बिकास गरिनेछ ।
- होमस्टे कार्यक्रम सञ्चालन गरी पर्यटकलाई आकर्षण गर्ने साँस्कृतिक कार्यक्रम सञ्चालन गरिने छ ।
- पर्यटकीय होटलहरुको व्यवस्था तथा व्यवस्थित सडक तथा यातायातको व्यवस्था मिलाइने छ ।
- मनोरञ्जन स्थलहरुको पहिचान गरी ती स्थानहरुमा भौतिक पूर्वाधारहरुको व्यवस्था मिलाइनेछ ।

### ४.४.६ नतिजा खाँका

| विवरणात्मक संक्षेप | सूचकहरु | २०७७/०७८ (आधार बर्ष) | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | पूष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| **<u>उपलब्धि</u>** पर्यटन, व्यवसायलाई गांपाको आर्थिक विकासमा महत्वपूर्ण हिस्साको रुपमा विकास गरी स्थानीय समुदायमा स्वरोजगारी श्रृजना भई आयआर्जनमा बृद्धि भएको हुनेछ। | पर्यटकिय स्थानहरुको पहिचान (संख्या) | ० | २ | ४ | ६ | १० | १२ | गांउपालिका कार्यालयको प्रतिवेदन, तथा गांउपालिका वस्तुगत पाश्र्वचित्र | स्थानीय सरोकारवालाहरु तथा सरकारी सहयोग प्राप्त भएमा। |
| | पर्यटन व्थवशाय मार्फत रोजगारीको अवसरमा वृद्धी (प्रतिशत) | ० | ५ | १० | १५ | २० | २५ | | |
| | पर्यटनका लागि उपयुक्त होटलको स्थापना (संख्या) | ० | १ | २ | ३ | ४ | ५ | | |
| प्रतिफल १ : पर्यटकिय क्षेत्रहरुको पहिचान भई पर्यटन व्यवशायकालागि आवश्यक पूर्वाधारहरुको विकास तथा विस्तार भएको हुनेछ। | पर्यटकिय क्षेत्रहरुको पहिचान | ० | २ | ४ | ६ | १० | १२ | गांउपालिका कार्यालयको प्रतिवेदन, | स्थानीय सरोकारवालाहरु तथा सरकारी सहयोग प्राप्त भएमा। |
| | पर्यटन उद्यममा संलग्नहरुको संख्या | ० | ५ | १० | २५ | २५ | ५० | | |
| | पर्यटन उद्यमीहरुको आम्दानीमा वृद्धि (प्रतिशत) | ० | ५ | १० | २५ | ४० | ५० | | |
| | पार्क निर्माण (संख्या) | ० | १ | २ | २ | ३ | ४ | | |
| | वास वस्ने होटलको व्यवस्था (संख्या) | ० | १ | २ | ३ | ४ | ५ | | |
| | सार्वजनिक शौचालय निर्माण (संख्या) | ० | २ | ४ | ७ | १० | १५ | | |
| | सुचनाकेन्द्र निर्माण (संख्या) | ० | १ | १ | २ | ४ | ४ | | |
| | सूचनाका लागि वुकलेट तथा व्रोसरको (संख्या) | ० | १ | १ | २ | ४ | ४ | | |
| | चित्र र श्रब्यदृष्यको तयारी (संख्या) | ० | १ | ० | ० | १ | १ | | |
| | धार्मिक मठ, मन्दिरको संरक्षण (संख्या) | ० | २ | २ | ३ | ४ | ५ | | |

### ४.४.७ प्रमुख कार्यक्रम

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा परिणाम | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा |
| पर्यटकीय सडक निर्माण | कि.मी. | १० | १२ | १२ | १० | १० | **५४** | १००० | १२५० | १५६३ | १९५३ | २४४१ | **८२०७** |
| सांस्कृतिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र विकास | संख्या | २ | २ | २ | २ | २ | **१०** | १००० | १२५० | १५६३ | १९५३ | २४४१ | **८२०७** |
| पर्यटकिय नक्सा तथा सुचना केन्द्रको स्थापना | संख्या | १ | ० | १ | ० | १ | **३** | ५०० | ० | ५५० | ० | ६५० | **१७००** |
| सार्वजानिक शौचालयको निर्माण | संख्या | ६ | २ | ४ | ६ | १० | **२८** | ४०० | ६०० | १२०० | १५०० | २००० | **५७००** |
| होमस्टेको स्थापनामा अनुदान सहयोग | संख्या | १ | ३ | ६ | ६ | ५ | **२१** | ७५० | १००० | १२०० | १२५० | १५०० | **५७००** |
| व्यवस्थित होटलको स्थापना | संख्या | २ | ४ | ४ | ३ | २ | **१५** | ७५० | १००० | १२०० | १२५० | १५०० | **५७००** |
| परिक्रमा गर्ने सडकमा गार्डेनसहित प्रतिक्षालय निर्माण | संख्या | १ | ० | ० | १ | ० | **२** | ५०० | ० | ० | ५५० | ० | **१०५०** |
| वार्ड स्तरिय पार्क निर्माण | संख्या | १ | ० | ० | ० | ० | **१** | ५५० | ० | ० | ० | ० | **५५०** |
| पर्यटन विकास गुरु योजना तयारी | संख्या | ० | १ | ० | १ | ० | **२** | ० | ० | १००० | ० | १५० | **११५०** |
| **जम्मा** | | | | | | | | **५६५०** | **५३५०** | **९२३८** | **८८४७** | **१११७१** | **४०२५५** |

### ४.४.८ अपेक्षित उपलब्धी

# परिच्छेद - ५ : सामाजिक विकास

यस गाउँपालिकाको कुल साक्षरता ८६.१६ प्रतिशत रहेको । आधारभुत र माध्यमिक विद्यालय गरी ५४ वटा सामुदायिक विद्यालयहरु रहेका छन । वर्तमान संवैधानिक व्यवस्था अनुरुप आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा परेकाले यस क्षेत्रको व्यवस्थापनमा गाउँपालिकाको दायित्व बढेको छ । हालको अवस्था हेर्दा यस गाउँपालिकामा विद्यालय शिक्षाका लागि आधारभूत पूर्वाधार तयार भएको छ। शिक्षण संस्थाहरूमा पूर्व प्राथमिक तहको पढाइ हुने प्राथमिक विद्यालयदेखि उमाविसम्म पढाइ हुने विद्यालयहरू रहेका छन्। तर गुणस्तरका हिसाबले शिक्षाको अवस्था भने कमजोर रहेको छ । गाउँपालिकाका धेरैजसो विद्यालयमा ए प्लस वा ए ग्रेडमा उत्तीर्ण गर्ने विद्यार्थी पाउन निकै मुश्किलको अवस्था छ । प्राविधिक उच्च शिक्षाका लागि क्याम्पसको अभाव छ । स्वास्थ्य सेवाको हकमा कुरा गर्दा यहाँको स्वास्थ्य चौकीहरुमा सुरक्षित मातृत्व लगायतका अन्य सेवाहरु सञ्चालनमा ल्याइएका छन ।

उल्लेखित अवस्थाका वावजुदपनि गाउँपालिकाका जनप्रतिनिधि, तथा स्थानीय जनप्रनिधिहरु यस गाउँपालिकामा परिवर्तन प्रति आशावादी रहेको पाईन्छ । सार्वजनिक शिक्षामा गुणस्तरिय विकास, शिक्षक–विद्यार्थी तथा अभिभावकहरुको सार्वजनिक विद्यालय शिक्षा प्रतिको प्रतिवद्धता, शैक्षिक पूर्वाधारको प्रतिको प्रतिवद्धता र विद्यायलयहरुलाई बाल मैत्री, छात्रा मैत्री,अपाङ्गमैत्री बनाउने विषयका कार्यक्रमहरुको प्राथमिकताले विद्यालयहरुमा व्यावसायिक शिक्षाको अवसर पनि प्राप्त हुनेछ । त्यसै गरी गाउँपालिका भित्र भएका स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित ढंगबाट संचालन गर्नुको साथै एउटा गाउँपालिका स्तरीय अस्पताल पनि संचालनमा ल्याइने छ । त्यसै गरी सरुवा रोग नियन्त्रणणका उपायहरु अवलम्बन गरिनेछ र सचेतना कार्यक्रमहरु पनि संचालन गरिनेछन । महिला, बालबालिका, ज्येष्ठ नागरिक अल्पसंख्यक आदिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ । यसका लागि गाउँपालिकाले निम्नानुसारको दिर्घकालिन सोंच तय गरेकोछ, जसका आधारमा कार्यक्रम तथा बजेटहरुको व्यवस्था हुनेछ यसवाट गाउँपालिकावासीहरुको जनजिवनमा गुणात्मक सुधार आउनेछ ।

**"शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, र सामाजिक समावेशीकरण !**
**समावेशि निस्दीका लागि संस्कृतीको सम्बर्धन !!"**

## ५.१ शिक्षा

### ५.१.१ विद्यमान अवस्था

विकासको अवस्थालाई मापन गर्ने, त्यसलाई महसूस गर्ने र त्यसलाई सहज उपयोग गर्न सकिने अवस्थाको सिर्जना सामाजिक विकासवाट मात्र सम्भव रहन्छ । यस अन्तर्गत समेटिएका उपक्षेत्रहरु जस्तै शिक्षा तथा मानव संसाधन, स्वास्थ्य, जनसंख्या र पोषण, खानेपानी तथा ढल निकास, महिला, वालविकास तथा अपाङ्गता, यूवा तथा खेलकुद, दलित, आदीवासी, जनजाती, अल्पसंख्यक, र संस्कृति, कला, भाषा तथा साहित्य आदि रहेकाछन्।

गाउँपालिका वस्तुस्थिति विवरण २०७५ अनुसार कुल हनसंख्या मध्य यहां महिला ४८.३९% र पुरूष ५१.६१% रहेकाछन । त्यस्तै कुल जनसंख्याको ५१.८९% सकृय जनसंख्या रहेकोछ । शैक्षिक अवस्थालाई हेर्दा ८६.८६% जनसंख्या साक्षर भएको देखिन्छ । गाउँपालिकाको स्वास्थ्य सेवा तर्फ ३९ जना स्वास्थ्यकर्मी मार्फत सेवा प्रदान भईरहेकोछ । ९० प्रतिशत

वालिवालिकाले विभिन्न स्वास्थ्य संस्थाहरुबाट खोप सेवा प्राप्त गरेको देखिन्छ । कुपोषणको अवस्था हेर्दा अझै २.१५ प्रतिशत वालिवालिका कुपोषणको शिकार भैरहेको देखिन्छ । यस क्षेत्रमा बर्थिंङ सेन्टर संचालनमा रहेको छ भने स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको प्रतिशत ५४ रहेको छ ।

यस गाउँपालिकाको शिक्षा, आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसफाई, लक्षित वर्ग तथा सामाजिक समावेशिकरण, युवा तथा खेलकूद र कला, भाषा तथा संस्कृति लगायत स्थानीय तहको लागि उपलब्ध सामाजिक विकासको उद्धेश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ५.१.२ अवसर र चुनौति

गाउँपालिका क्षेत्रको कुल साक्षरता दर ८६.१६% रहेको छ । विद्यालयमा निरन्तरता दर ७० प्रतिशत रहेको देखिन्छ । कूल ९२ वटा विद्यालयहरुमध्ये २७ वटा विद्यालयहरुमा बालक्लव गठन भएको, सामान्य पूर्वाधारहरु सहित विद्यालयहरु संचालनमा रहेको देखिन्छ ।

शैक्षिक क्षेत्रमा आधारभूत, माध्यामिक, उच्च शिक्षा र प्राविधिक शिक्षामा विविध समस्या र चुनौतिहरु विद्यमान रहेका छन् । अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात मिलेको छैन भने विद्यार्थी संख्या न्यून र भौगोलिक दुरी समेतलाई मध्य नजर गर्दा केही विद्यालयहरु गाभ्नुपर्ने अवस्थामा रहेका छन् । विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगतामैत्री र भूकम्प प्रतिरोधी पुर्वाधारको व्यवस्था नभएका कारण बालमैत्री विद्यालय हुन सकेको छैन । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्पुटर शिक्षक र सुचना प्रविधिको उपयोग र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परेको देखिन्छ ।

### ५.१.३ उद्देश्य

- विद्यालय उमेरका सम्पुर्ण वालवालिकाहरु विद्यालयमा भर्ना भई गुणस्तरिय शिक्षा प्राप्त हुनेका साथै प्राविधिक शिक्षा सम्वन्धी पूर्वाधार निर्माण गर्ने ।

### ५.१.४ रणनीति

- सामाजिक विकास क्षेत्र अन्तर्गत संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानुन बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गरिनेछ । यसका साथै संघीय र प्रादेशिक सरकारबाट प्राप्त सामाजिक विकाससंग सम्बन्धित नमूना कानुनका मस्यौदाको स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने ।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सामाजिक विकास क्षेत्र अन्तर्गतका सेवाहरु सुलभ र गुणस्तरीय रुपमा प्रवाह गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् ब्यबस्थापन, लैंगिक सशक्तिकरण जस्ता अन्तर सम्बन्धित विषयहरुलाई सामाजिक विकास अन्तर्गतका सबै उपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गरिनेछ ।

### ५.१.५ कार्यनीति

- विद्यालयको वर्तमान भौतिक संरचनामा वृद्धि गरी शिक्षकलाई तालिम र शैक्षिक सामग्रीको व्यवस्था मिलाइने छ ।
- संस्थागत विद्यालयसंग प्रतिस्पर्धा गर्न आधारभुत तहदेखिनै अग्रेजी माध्यममा पढाउने नीति  लिइनेछ ।

- चार वर्ष उमेरका सबै बालबालिकालाई प्रारम्भिक बाल विकास र शिक्षाको सुनिश्चतताको लागि विद्यार्थी संख्या, भूगोल तथा आवश्यकताका आधारमा विद्यालय विस्तार तथा गाभ्ने नीति लिइनेछ।
- विद्यालयहरुमा मासिक रुपमा अनुगमन गरी उत्कृष्ट विद्यालय तथा शिक्षकलाई पुरस्कृत गरिनेछ।
- गुणस्तरीय शिक्षाकालागि एक वडा एक नमुना मा.वि. सञ्चालन गरी बालमैत्री शिक्षाको थालनी गरिनेछ।
- विद्यालयमा विज्ञान प्रयोगशाला, एक विद्यालय एक पुस्तकालय, कम्प्युटर शिक्षा प्रणाली तथा इ–लाइब्रेरीको व्यवस्था गरिने छ।
- सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गको रुपमा एकीकृत गर्दै अध्यापन गराइनेछ।
- शैक्षिक प्रशासनमा निरन्तर सुधार तथा गुणस्तर र सुशासनलाई संस्थागत गर्न नियमित रुपमा विद्यालय अनुगमन गरी सुचक सहितको मुल्यांकन पद्धतिको विकास गरिने छ।
- शिक्षकहरूको प्राज्ञिक उन्नयन एवम् पेशागत विकासका लागि माग तथा आवश्यकताका आधारमा छोटा तथा मध्यम अवधिका तालिम सञ्चालन गरिनेछ।
- शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आबद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ।
- सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरी विपद् प्रतिरोधी बनाइनेछ। विद्यार्थीहरूको सिकाइमा विपद् व्यवस्थापन विषयहरू समावेश गरिनेछ।
- दलित, छात्रा, जनजाति, लोपोन्मुख जातजाति, गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- विद्यार्थीको निरन्तरताकोलागि आर्थिक रुपले विपन्न व्यक्तिहरुकालागि लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा स्वास्थ्य सुधार, अभिभावक शिक्षा र विपन्न तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्रिको व्यवस्था मिलाइने छ।
- विद्यालयमा संचालन हुने अतिरिक्त क्रियाकलापहरूमा स्थानीय भाषा, कला, संगीत, संस्कृति तथा साहित्यको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

## ५.१.६ नतिजा खाँका

| विवरणात्मक संक्षेप | सूचकहरु | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|
| **उपलब्धि :** विद्यालय उमेरका सम्पुर्ण वालवालिकाहरु विद्यालयमा भर्ना भई गुणस्तरिय शिक्षा प्राप्त हुनेका साथै प्राविधिक शिक्षा सम्वन्धी पूर्वाधार निर्माण भएको हुनेछ। | विद्यार्थीको भर्नादरमा वृद्धि (प्रतिशत) | ९४ | ९६ | ९७ | ९८ | ९९ | गांउपालिका शिक्षा शाखाको प्रतिवेदन र गाउंपालिकाको पार्श्वचित्र | सरकारी अनुदानमा वृद्धि तथा सरोकारवालाहरुको सहयोग प्राप्त भएमा, समुदाय तथा सरकारी स्तरमा वालमैत्री वातावरण निर्माण वनेमा। |
| | प्राथमिक तहको सिकाइ उपलब्धीमा वृद्धी (प्रतिशत) | ४५ | ४७ | ५० | ५२ | ५५ | | |
| | ३ देखि ५ वर्ष उमेर समुहका बालबालिकाहरुका भर्ना दर (प्रतिशत)। | ४० | ४५ | ४८ | ५२ | ५५ | | |
| | व्यवस्थापन समितिद्वारा विद्यालयको मासिक अनुगमन (पटक) | १ | २ | ३ | ४ | ५ | | |
| | गांउपालिकाद्वारा सवै विद्यालयको वार्षिक अनुगमन (पटक) | १ | १ | २ | ३ | ४ | | |
| **प्रतिफल नं १:** गुणस्तर र एकिकृत शैक्षिक प्रणालीको विकाश भएको हुनेछ। | विद्यालयमा कक्षा कोठाको प्रयाप्तता (विद्यालय प्रतिशत) | ५० | ६५ | ७३ | ७८ | ८६ | | |
| | भौतिक सुविधाको प्रयाप्तता भएका विद्यालय (प्रतिशत)। | ३० | ७० | ७२ | ७५ | ८० | | |
| | विषयगत तथा तालीम प्राप्त शिक्षकको उपलब्ध विद्यालय (प्रतिशत) | ४० | ६५ | ७० | ७२ | ७५ | | |
| | पाठ्यपुस्तक समयमै उपलब्धता हुने विद्यालय (प्रतिशत) | ५० | ६० | ७५ | ८० | ९५ | | |
| | पुर्नताजगी तालिम लिने शिक्षक -प्रतिशत) | ४० | ५५ | ६० | ७० | ७५ | | |
| | विद्यालयको वालक्लबको व्यवस्था विद्यालय (प्रतिशत) | १५ | ३० | ४० | ५० | ७५ | | |
| | विद्यालय र अभिभावक बीच अर्न्तक्रिया -पटक | १ | १ | २ | २ | २ | | |
| | प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएका विद्यालय (प्रतिशत) | ३० | ५० | ६० | ६५ | ७५ | | |
| | सरसफाई तथा सौचालयको व्यवस्थापन भएका विद्यालय (प्रतिशत) | ३० | ६५ | ७५ | ८५ | ९५ | | |
| | अपांगमैत्री भौतिक संरचनाको व्यवस्था भएका विद्यालय (प्रतिशत) | ० | ३६ | ३९ | ४२ | ४५ | | |
| **प्रतिफल २:** प्राथमिक तहदेखि उच्च शिक्षा तहमा सर्वे बालबालिकाहरुको पहुँचमा वृद्धि भई गापाको कूल साक्षरतामा वृद्धि भएको हुनेछ। | प्राथमिक तहको खुद भर्नादर (प्रतिशत) | ८८ | ९० | ९२ | ९५ | ९९ | | |
| | दलित, जनजाती, आदिवासी, सिमान्तकृत, उपेक्षित समुदाय, भिन्न क्षमताका वालवालिकाहरुको भर्नादर (प्रतिशत) | ६५ | ६५ | ७० | ७६ | ८२ | | |
| | प्रावि विद्यार्थी टिकाउ दर (प्रतिशत) | ९० | ९२ | ९३ | ९३ | ९४ | | |
| | मावि विद्यार्थी टिकाउ दर (प्रतिशत) | ८९ | ९० | ९२ | ९३ | ९४ | | |
| | प्रावि कक्षा दोहोऱ्याउने दर (प्रतिशत) | ५ | ३ | २.५ | २ | १.५ | | |
| | मावि कक्षा दोहोऱ्याउने दर (प्रतिशत) | ७ | ६ | ५ | ४ | ३ | | |
| | विद्यालय सुधार योजना निर्माण (प्रतिशत) | ४४ | ४८ | ५२ | ५६ | ६० | | |
| | SEE उत्तीर्ण दर (प्रतिशत) | ४४ | ४८ | ५२ | ५६ | ६० | | |
| **प्रतिफल ३:** गापाको सवै विद्यालय भवनहरु बालमैत्री तथा अपांग मैत्रीका रुपमा निर्माण भई शिक्षाको अवशर सवैलाई प्राप्त भएको हुनेछ। | बालमैत्री तथा अपांग मैत्री विद्यालय भवन (प्रतिशत) | २ | १५ | २५ | ३० | ४० | | |
| | शौचालय भएका विद्यालय (प्रतिशत) | ४० | ६८ | ७६ | ८२ | ८९ | | |
| | वाल शौचालय भएका विद्यालय (प्रतिशत) | ० | १२ | १३ | १५ | १६ | | |
| | बालमैत्री तालिम लिएका शिक्षक (प्रतिशत) | १० | २५ | ३५ | ४० | ५० | | |
| | फर्निचरको सुविधा भएका विद्यालय (प्रतिशत) | १० | ४ | ६० | ७५ | ९५ | | |
| | आपाङ्गता भएका विद्यार्थीहरुको पठनपाठनका लागी विशेष सुविधा भएका विद्यालय (संख्या) | २ | ६ | ७ | ७ | ८ | | |
| **प्रतिफल ४:** प्राविधिक र सिपमुलक शिक्षाको विकास र विस्तार भएको हुनेछ। | CTEVT बाट सम्वन्धन प्राप्त प्राविधिक शिक्षालय संख्या | ० | १ | १ | २ | ३ | शिक्षा शाखाको वार्षिक प्रतिवेदन आवधिक योजनाको अन्तिम मूल्याकंन | प्राविधिक शिक्षामा निजि क्षेत्रको लगानी बृद्धि हुने। |
| | उपलब्ध प्राविधिक सव ओभरसियर, जेटिए र अनमी संख्या | २० | ५० | १०० | १५० | ३०० | | |
| | तालिम प्राप्त निर्माण मिस्त्री (डकर्मी र सिकर्मी संख्या ) | २० | ५० | १०० | १५० | २०० | | |

| विवरणात्मक संक्षेप | सूचकहरु | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल ५:** विद्यार्थीहरुका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गराई व्यक्तित्व विकासमा योगदान भएको हुनेछ । | खेलकुद सामग्री भएको विद्यालय संख्या | २ | १५ | २५ | ३० | ३० | खेलकुद विकास समितिको प्रतिवेदन | सरोकारवालाहरुको सहयोग प्राप्त भएमा |
| | विज्ञ खेल प्रशिक्षक संख्या | ० | ५ | १० | १५ | ३५ | | |
| | व्यवस्थित खेल मैदान निर्माण भएकाविद्यालय संख्या | २ | २ | ५ | ८ | १५ | | |
| | विद्यालय तथा श्रोत केन्द्र स्तरिय लोक सांस्कृतिक कार्यक्रम संचालन (वार्षिक) | ० | १ | २ | ३ | ४ | | |
| | श्रोत केन्द्र स्तरिय हाजीरी जवाफ, बक्तित्वकला प्रतियोगीता (वार्षिक) | १ | १ | २ | ३ | ४ | | |

## ५.१.७ प्रमुख कार्यक्रम

| कार्यक्रमको नाम | ईकाइ | कार्यकमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा परिणाम | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा |
| बालविकास केन्द्र स्थापना | संख्या | १० | १० | ५ | ५ | ० | ३० | ५००० | ५७५० | १२५० | १५०० | ५०० | १४००० |
| अभिभावक शिक्षा कार्यक्रम | संख्या | १० | १० | ५ | ५ | ५ | ३५ | ५०० | ५२५ | २७५ | २७५ | ३००० | ४५७५ |
| अनिवार्य प्राथमिक शिक्षा कार्यक्रम | संख्या | १० | १० | ५ | ५ | ६ | ३६ | १००० | १००० | ५०० | ५५० | ७५० | ३८०० |
| विद्यालय भर्ना र स्वागत कार्यक्रम (स्कुल) | संख्या | १० | १० | ५ | ५ | ५ | ३५ | ५५० | ७५० | ५०० | ५०० | ५०० | २८०० |
| छात्रवृत्ति कार्यक्रम (दलित, छात्रा, अपांगता) | संख्या | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| प्रयोगशाला स्थापना (संख्या) | संख्या | ५ | १० | १० | ५ | ० | ३० | ५०० | १०५० | १०५० | ५७५ | २०० | ३३७५ |
| पाठ्य सामग्री वितरण | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | १५० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| विषय शिक्षक तालिम संचालन (वटा) | संख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | ५५० | ७५० | ८५० | १००० | ३६५० |
| कम्प्युटर शिक्षा (स्कुल संख्या) | संख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० |
| शिक्षक तालिम साधारण (संख्या) | संख्या | १०० | १०० | १०० | १०० | ३७० | ७७० | ४०० | ४५० | ५०० | ५५० | ६०० | २५०० |
| विद्यालय भवन निर्माण | संख्या | २ | ४ | ५ | ६ | ५ | २२ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| विद्यालय भवन मर्मत | संख्या | १० | १० | १० | १० | १० | ५० | ३००० | ३४५० | ३९६५ | ४५६५ | ५०७० | २००५० |
| नयाँ कक्षा कोठा निर्माण | संख्या | १० | १० | १० | १० | १० | ५० | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| पुस्तकालय स्थापना | संख्या | ० | ६ | ६ | ६ | ६ | २४ | २०० | ३००० | ३२५० | ३५०० | ३५०० | १३४५० |
| शौचालय निर्माण | संख्या | ५ | १० | १० | १० | २ | ३७ | १००० | २००० | २००० | २००० | ४०० | ७४०० |
| छात्रा शौचालय निर्माण | संख्या | ५ | १० | १० | १० | २ | ३७ | १००० | २००० | २००० | २००० | ४०० | ७४०० |
| मा.वि.मा कक्षा १२ सम्म सञ्चालन | संख्या | १ | २ | २ | १ | ० | ६ | ५०० | १००० | १००० | ७५० | ५०० | ३७५० |
| नमुना मा.वि. सञ्चालन | संख्या | ० | २ | १ | १ | २ | ६ | ५०० | १००० | १००० | ७५० | ५०० | ३७५० |
| प्राविधिक शिक्षालय सञ्चालन | संख्या | ० | ० | १ | ० | ० | १ | ५०० | ५०० | ५००० | ५०० | ५०० | ७००० |
| आधारभुत विद्यालयमा इन्टरनेट जडान | संख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० |
| **जम्मा** | | | | | | | ४१९६ | ३६३५० | ४४२२५ | ४४२४० | ४००६५ | ३८६२० | २०३५०० |

## ५.१.८ अपेक्षित उपलब्धी

## ५.२ स्वास्थ्य सेवा

### ५.२.१ विद्यमान अवस्था

यस गा.पा.मा जम्मा ३९ जना स्वास्थ्यकर्मीहरूबाट स्वास्थ्य सेवा प्रदान गर्दै आएका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरु जनस्तरमा रोग लाग्नू अघिको रोकथामयूक्त, प्रतिकारात्मक एवम् प्रवद्र्धनात्मकभन्दा पनि उपचारात्मक सेवामा लागेको पाईन्छ। यी संस्थाहरुमा तहगत रुपमा आवश्यक भौतिक सामाग्रीको अभाव त एकातिर छंदैछ अर्कोतर्फ आवश्यक स्वास्थ्यकर्मीहरुको पनि कमी रहेको अवस्था छ। स्वास्थ्य संस्थाहरुलाई भौतिक उपकरण सम्पन्न गर्नूपर्ने, आवश्यक जनशक्तिको आपूर्ति गर्नूपर्ने, र जनशक्तिलाई तालिमप्राप्त, दक्ष बनाउनुपर्ने खाँचो देखिन्छ। जिल्लाको कूल जनसंख्या स्वास्थ्यकर्मीहरुको अनुपात ज्यादै न्यून रहेको छ।

यस गाउँपालिकामा रहेका वडा नं. १ र ५ मा स्वास्थ्य चौकी छैनन् भने अन्य वडाहरुमा स्वास्थ्य चौकी छ्न्। यहाँको नजिकमा कुनै पनि अस्पताल नभएको हुदाँ ठुलो उपचारको लागि धादिङवेशी वा काठमाडौँ नै पुग्नुपर्ने बाध्यता छ।

### ५.२.२ अवसर र चुनौति

| अबसर | चुनौति |
|---|---|
| ● जनताको स्वास्थ्य सेवामा पहुंच र उपभोग सुनिश्चिता बढेको छ।<br>● स्वास्थ्यलाई पहिलो प्राथमिकता दिंदै स्थानीय तहबाट स्वास्थ्य क्षेत्रमा लगानी बढी रहेको छ।<br>● स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार निर्माणको स्थापना<br>● अधिकाशं स्वास्थ्य चौकीहरुलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्थापना गर्ने | ● महिला तथा बालबालिकामा कुपोषणको दर उच्च रहेको<br>● स्वास्थ्य चौकीको महिला र अपांगता मैत्री आफनो भवन नभएको,<br>● संस्थागत सुत्केरीको संख्यामा कमी, खोप लगायत गर्भवती जाँच, पोषण शिक्षामा कमी लगायतका समस्या विद्यमान रहेका छन्।<br>● सवै वडा समेट्ने गरी एम्बुलेन्सको व्यवस्था नभएको,<br>● दक्ष जनशक्तिको अपर्याप्तता एवं स्वास्थ्य संस्था भवनको अपर्याप्तता र स्वास्थ्य सुविधा विस्तार हुन नसक्नु प्रमुख समस्याको रुपमा रहेका छन्। |

### ५.२.३ उद्देश्य

- स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गरि गांउपालिकाासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउनुका साथै स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गरिनेछ।

### ५.२.४ रणनीति

- आधारभूत स्वास्थ्य तथा पोषण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयनतथा नियमन गरिनेछ र यसैसँग सम्बन्धित सेवाको सञ्चालन र प्रवद्र्घन गरिनेछ।
- सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण गरिनेछ।
- गाउँपालिका भित्र २५ सैयाको सुविधा सम्पन्न अस्पताल स्थापनाको लागी आवश्यकता र आधारमा स्थान छनौट गरिनेछ।
- गुणस्तरीय र सुरक्षित प्रसूति सेवा प्रदान गर्न प्रत्येक वडामा २४ घण्टे प्रसूति सेवा केन्द्र स्थापना भईसकेकोले आवश्यक व्यवस्थापन गरिनेछ।
- गाउँपालिका को प्रत्येक वडालाई पूर्ण गर्भ जाँच वडा सुनिश्चित गर्न आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ।
- महिलाहरूको प्रजनन् अधिकार सुनिश्चित गर्न गर्भपतन सेवालाई प्रभावकारी तथा गुणस्तरीयता कायम गरिनेछ।
- महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन गरिनेछ।
- घरेलु हिंसाबाट पिडित महिलाहरुको व्यवस्थापन तथा आवश्यकता सम्बोधन गर्न एकद्वार संकट व्यवस्थापन केन्द्र तथा सेवाकेन्द्र सुचारु तथा व्यवस्थापन गरिनेछ।

- महिनावारी, यसको व्यवस्थापन कार्यक्रम र महिनावारीसँग सम्बन्धित अन्धविश्वासका विरुद्ध जनचेतना अभिवृद्धि गरिनेछ।
- गाउँघर क्लिनिक मार्फत कुना कुना सम्म स्वास्थ्य सेवा विस्तार गरिनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवालाई मूलमन्त्र वनाउँदै ल्याव सेवा लाई क्रमशः प्रत्येक वडामा विस्तार गरिनेछ।
- सानो सुखि परिवार सम्मुन्नत जीवनको आधार नारालाई आत्मसात गर्दै परिवार नियोजन घुम्ति शिविर संचालन गरिनेछ।
- पूर्णखोप कार्यक्रमलाई निरन्तरता दिन वाह्य खोप क्लिनिक भवन निर्माण गरिनेछ।
- विरामीहरूको उपचारार्थ सहयोगको लागि एम्बुलेन्सको खरिद गरिनेछ र यातायातको सुविधा पुगेका वडाहरूमा क्रमशः एम्वुलेन्स सेवाको निम्ति दातृ संस्थाहरूसंग माग गर्न आवश्यक पहल गरिनेछ।
- स्थानीय र पर्यटकका लागि आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा रक्तसञ्चार सेवा सञ्चालन गरिनेछ।
- अनधिकृत औषधी विक्री वितरण गर्ने कार्यलाई नियमन गरिनेछ। गाउँ स्वास्थ्य इकाईहरू क्रमशः विस्तार गरिनेछ।
- नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको विस्तार गरिनेछ।
- जेष्ठ नागरिक वृद्ध वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको लागी स्वास्थ्य संस्थाहरूमा क्रमशः अपाङ्गता मैत्री वातावरण निर्माण गरिनेछ।
- राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत तथा नराम्रो काम गर्नेलाई दण्डको व्यवस्था गरिनेछ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरूको सेवालाई मूल्याङ्कन गरी प्रोत्साहन भत्तामा समय सापेक्ष वृद्धि गरिनेछ।
- सबै लक्षित वर्गका समुदाय बीच स्वास्थ्य शिक्षा तथा सचेतना संचार वृद्धि गरी गुणस्तरीय आधारभूत स्वास्थ्यको पहुँच सुनिश्चित गरिनेछ।
- स्थानीय स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन र जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भिलेन्स) गरिनेछ।
- स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडिबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण।

### ५.२.५ कार्यनीति

- गाउँपालिकाभित्र सामुमायिक अस्पतालको स्थापना गरि गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नकालागि साधन श्रोतयुक्त बनाईनेछ।
- स्वास्थ्य चौकीका भवनहरु सुविधा सम्पन्न बनाई आवश्यक सबै सेवा सञ्चालनमा ल्याइनेछ।
- आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरूको व्यवस्था गरी प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराइने छ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पु¥याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ।
- स्वस्थ्य घर तथा स्वस्थ्य गाउँको नारा दिएर प्रतिस्पर्धाका भावना विकास गरिनेछ।
- स्वास्थ्य स्वर्यसेविकाको कार्य प्रभावकारी बनाइने छ।
- गुणस्तरीय एवम् स्वास्थ्य वद्र्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ।
- मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ।
- जेष्ठ नागरिक उपचार सेवा सञ्चालनमा ल्याइनेछ।

## ५.२.६ नतिजा खाँका

| विवरणात्मक सक्षेप | सूचकहरु | २०७७/०७८ (आधार बर्ष) | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | पुष्टयाइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| **उपलब्धी :** स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गरि गांउपालिकाासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउनुका साथै स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि भएको हुनेछ। | पूर्ण खोप प्राप्त बालबालिका (प्रतिशत) | ९१ | ९२ | ९३ | ९४ | ९६ | ९९ | आगावियो, अन्तिम, मद्यावधि र बार्षिक समीक्षा प्रतिवेदन | दातृ तहको सहयोगको निरन्तरता तथा सरकारले प्राथमिकता राखेमा। |
| | झाडापखाला रोग लाग्ने दर (प्रति हजार) | ९00 | ९10 | ८६५ | ८२१ | ७८0 | ७४१ | | |
| | ५ बर्ष मुनिका बालबालिकाहरुमा कुपोषण दर (प्रतिशत) | 10 | 10 | ८ | ७ | ५ | २.५ | | |
| | चारैपटक पूर्वप्रसुती सेवा लिने गर्भवती महिला (प्रतिशत) | ४0 | ४८ | ५५ | ७५ | ८५ | ९५ | | |
| | स्वास्थ्य सेवामा सहज पहुँच (प्रतिशत) | ७८ | ८0 | ८४ | ८८ | ९३ | ९७ | | |
| | गांउबासीको औसत आयू (वर्ष) | ६२ | ६३ | ६४ | ६५ | ६६ | ६८ | | |
| | आधा घण्टाभित्र स्वास्थ्य सेवामा पहुंच भएको जनसंख्या | | ३0 | ४0 | ५0 | ७५ | ९0 | | |
| | कुपोषण दर (प्रतिशत) | २.५ | २.४२ | २.0 | १.९ | १.८ | १.५ | | |
| **प्रतिफल १:** महिला, बालबालिका लगायत सीमान्तकृत वर्गमा स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भई स्वास्थ्य सेवाको गुणस्तर र उपयोगमा वृद्धि भएको हुनेछ। | आधा घण्टाभित्र स्वास्थ्य सेवामा पहुंच भएको जनसंख्या | ३0 | ३५ | ४0 | ५0 | ७५ | ९0 | | |
| | पूर्ण खोप प्राप्त बालबालिका (प्रतिशत) | ९१ | ९२ | ९३ | ९४ | ९६ | ९९ | | |
| | झाडापखाला रोग लाग्ने दर (प्रतिहजार) | ९00 | ९10 | ८६५ | ८२१ | ७८0 | ७४१ | | |
| | चारैपटक पूर्वप्रसुती सेवा लिने गर्भवती महिला (प्रतिशत) | ४0 | ४८ | ५५ | ७५ | ८५ | ९५ | | |
| | ५ बर्ष मुनिका बालबालिकाहरुमा कुपोषण दर (प्रतिशत) | 10 | 10 | ८ | ७ | ५ | २.५ | | |
| | स्वास्थ्य सेवामा सहज पहुँच (प्रतिशत) | ७८ | ८0 | ८४ | ८८ | ९३ | ९७ | | |
| | दक्ष स्वास्थ्यकर्मीद्वारा प्रसुति गराउने महिला (प्रतिशत) | 10 | ८0 | ४५ | ७५ | | ९0 | | |
| **प्रतिफल २:** स्वास्थ्य सम्बन्धी पूर्वाधार तथा औषधी, उपकरणको उपलब्धतामा वृद्धि भएको हुनेछ। | एम्बुलेन्स खरिद र सञ्चालन (वटा) | 0 | १ | २ | ३ | ४ | ६ | | |
| | बर्थिङ सेवा उपलब्ध संस्था संख्या | 0 | १ | २ | ४ | ५ | ६ | | |
| | PHC/HP /SHP | ३0 | ३४ | ३६ | ३७ | ३९ | ४१ | | |
| | आफ्नै भवन भएका स्वास्थ्य संस्था (संख्या) | २ | ३ | ५ | ७ | ७ | ७ | | |
| **प्रतिफल ३:** समुदायमा एचआईभी/एड्स सम्बन्धी सचेतना वृद्धि भई संक्रमण दर घटेको हुनेछ। | ART सेवन गर्ने (संख्या) | २00 | २२१ | ४00 | ६00 | ८00 | १000 | | |
| | HCT सेवा वृद्धि (संख्या) | २000 | २२५0 | २३६३ | २४८१ | २६0५ | २७३५ | | |
| | एचआईभी/एड्स सम्बन्धी चेतनामूलक कार्यक्रम -पटक) | १ | २ | ३ | ४ | ५ | ६ | | |
| **प्रतिफल नं. ४:** आयुर्वेद सेवाको उपलब्धता, पहुँच र उपभोगमा बृद्धि भएको हुनेछ। | आयुर्वेद सेवाबाट लाभान्वित जनसंख्या (संख्या) | १000 | १५00 | २000 | ३000 | ४000 | ६000 | गांउपालिका स्वास्थ्य शाखाको वार्षिक प्रगति प्रतिवेदन | सरोकारवालाहरुको सहयोग निरन्तर रहेमा। |
| | उच्च रक्तचाप, मुटुको रोग, मधुमेह, क्यान्सर जस्ता रोगीहरूको न्युनता (प्रतिशत) | ५५ | ४५ | ४३ | ४१ | ४0 | ३६ | | |

## ५.२.७ प्रमुख कार्यक्रम

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम |
| निःशुल्क स्वास्थ्य सिविर संचालन कार्यक्रम | पटक | ६ | ६ | ६ | ६ | ६ | **३०** | ३००० | ३००० | ३००० | ३००० | ३००० | **१५०००** |
| स्वास्थ्य सेवासम्बन्धी सचेतनामूलक कार्यक्रम | पटक | ६ | ६ | ६ | ६ | ६ | **३०** | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| प्रजनन् स्वास्थ्य तथा महिला स्वास्थ्य कार्यक्रम | सख्या | ३० | ३० | ३० | ४० | ५० | **१८०** | ३००० | ३००० | ३००० | ४००० | ५००० | **१८०००** |
| एकीकृत बाल स्वास्थ्य कार्यक्रम | जना | १५० | १७५ | २०० | २५० | ३०० | **१०७५** | १५० | १७५ | २०० | २५० | ३०० | **१०७५** |
| स्वास्थ्यकर्मीहरूलाई क्षमता अभिवृद्धिसम्बन्धी तालिम | पटक | २० | २५ | २५ | ३० | ५० | **१५०** | २०० | २५० | २५० | ३०० | ५० | **१०५०** |
| औषधी खरिद | पटक | ४ | ४ | ४ | ४ | ४ | **२०** | ८०० | ११२० | १५६८ | २१९५ | ३०७३ | **४०२२५** |
| चौबीसै घण्टा प्रसुती सेवा  स्थापना | स्थान | १ | २ | ४ | ६ | ६ | **१९** | ५०० | १००० | २००० | ३००० | ३००० | **९५००** |
| HCT सेवाको विस्तार स्वास्थ्य संस्था | संख्या | २ | ३ | ४ | ५ | ६ | **२०** | ४०० | ५०० | ७५० | ८५० | १००० | **३५००** |
| विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम | संख्या | १० | १५ | ३० | ३५ | ३५ | **१२५** | १००० | १५०० | ३००० | ३५०० | ३५०० | **१२५००** |
| Skill Birth Attendent तलिम कार्यक्रम | जना | १० | १२ | १५ | २० | २५ | **८२** | ४०० | ५५० | ६५० | ७०० | ७०० | **३०००** |
| सुत्केरी सामग्री खरिद तथा बितरण | पटक | २ | ४ | ४ | ४ | ४ | **१८** | ५०० | ६०० | ७०० | ८०० | ८०० | **३४००** |
| पाठेघर खस्ने रोगको स्क्रिनिङ तथा रिङ पेसरि राख्ने | क्याम्प | २ | ४ | ६ | ६ | ६ | **२४** | ७०० | ८०० | ९०० | १००० | १००० | **४४००** |
| परिवार नियोजन बन्ध्याकरण शिवीर सञ्चालन | पटक | १ | १ | २ | २ | २ | **८** | ५०० | ७५० | १००० | १२०० | १२०० | **४६५०** |
| गाउँघर क्लिनीकको विस्तार | गोटा | २ | ३ | ४ | ४ | ६ | **१९** | ३०० | ४०० | ५०० | ६०० | ६०० | **२४००** |
| सामुदायिक स्वास्थ्य इकाईको स्थापना | संख्या | २ | ३ | ४ | ५ | ६ | **२०** | ३०० | ४०० | ५०० | ६०० | ६०० | **२४००** |
| झाडापखाला रोग नियन्त्रण कार्यक्रम | पटक | ० | २ | २ | २ | २ | **८** | २५० | ३०० | ३५० | ४०० | ४०० | **१७००** |
| महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम | पटक | ० | ३ | ३ | ३ | ३ | **१२** | ५० | ६५ | ७५ | १०० | १०० | **३९०** |
| स्वासप्रश्वास रोग नियन्त्रण कार्यक्रम (टि.वि. समेत) | पटक | ० | ४ | ४ | ४ | ४ | **१६** | १०० | १०० | १०० | १०० | १०० | **५००** |
| ART सेवा विस्तार | पटक | ० | २ | ३ | ४ | ५ | **१४** | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| बहूक्षेत्रीय पोषण योजना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | **५** | ५०० | ७०० | ९०० | १००० | १००० | **४१००** |
| **जम्मा** | | | | | | | | **१३६५०** | **१६२१०** | **२०४४३** | **२४५९५** | **२६४२३** | **१३२७९०** |

## ५.२.८ अपेक्षित उपलब्धी

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ विद्यमान अवस्था

खानेपानी र सरसफाईका क्षेत्रमा यस गाउँपालिकामा केही वर्षयता उल्लेखनीय सुधार भएको देखिएको छ । करिव ९८.४४ प्रतिशत घरमा खानेपानीका लागि धाराको पानी उपयोग हुने गरेको छ भने १.५६ प्रतिशत घरमा कुँवालाई कानेपानिको स्रोतको रूपमा पारयोग गरिएको छ । यस क्षेत्रमा सबै बासिन्दालाई स्वच्छ खानेपानीको पहुँच वृद्धि गर्न एक घर एक धारा अभियान कार्यान्वयनमा रहेको छ । हाल सम्ममा १०० प्रतिशत घरधुरीहरूमा शौचालयको ब्बस्था भएकोमा ९५.५७% घरधुरीमा पक्कि शौचालयको ब्यबस्था छ भने ४.४३% घरधुरीहरूले कच्ची शौचालयको प्रयोग गर्ने गरेकाछन । गाउँपालिका खुला दिसा मुक्त क्षेत्र घोषणा भइ सकेकोले पूर्ण सरसफाईका अभ्यासहरु हुँदै आईरहेका छन् । यसैगरी धुवाँरहित चुलो निर्माण र उपयोग गर्ने घरपरिवार पनि उल्लेखनीय रहेको छ ।

### ५.३.२ अवसर र चुनौति

| अवशर | चुनौति |
|---|---|
| • खानेपानीमा विनियोजन हुने वजेट वार्षिक रुपमा बृद्धि<br>• साना खानेपानी योजनाहरुको संचालन<br>• उपभोक्ता समितिको ब्यापारिक कार्ययोजना बनाइ समितिलाई सक्षम बनाउन सकिने<br>• आधारभुत सर्तहरु सहित मर्मत सम्भारमा अनुदान दिने प्रणालीको विकास<br>• पानीको सम्भावित श्रोतहरुको पहिचान तथा संरक्षण भएको<br>• स्थानीय स्तरको नेतृत्व तथा लगानी विकास<br>• खानेपानी उपभोक्ता समितिहरुको क्षमता, संस्थागत विकास तथा परिचालन<br>• खुला दिसा मुक्त क्षेत्रतर्फ उन्मुख<br>• बजार तथा ग्रामिण क्षेत्रहरुमा सार्वजनिक शौचालयहरुको संचालन<br>• विद्याालयहरुमा लैगिंक तथा बालमैत्रि शौचालयहरुको निर्माण प्रक्रियाको सुरुवात | • निर्माण भएका खानेपानी योजनाहरु दिगो नहुनु<br>• खानेपानी व्यवस्थापन नभएर शौचालय प्रयोगमा नआएको र पुर्ण सरसफाईमा बाधा पुगेको<br>• बालमैत्री तथा अगागंमैत्री योजना निर्माण नहुनु<br>• खानेपानीको मुल दर्ता नहुनु<br>• मर्मत सम्भार कोष नियमित संकलन नहुनु<br>• निर्माण भएका योजनाहरुको कार्यान्वयनमा नआएको<br>• सार्वजनिक स्थलहरुमा फोहोर व्यवस्थापन नहुनु<br>• खानेपानी योजनाहरु प्राप्त रुपमा नहुनु |

### ५.३.३ उद्देश्य

- समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईको सस्थागत बिकासमा सुधार ल्याउने ।

### ५.३.४ रणनीति

- स्थानीय खानेपानी तथा सरसफाई सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वियन, अनुगमन तथा नियमन गरिनेछ ।
- स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन गरिनेछ ।
- वृक्षारोपण, तारबार र सरसफाई गरी खानेपानी श्रोतको संरक्षण गरिनेछ ।
- खानेपानी सुविधा पुग्न नसकेको बस्तीलाई प्राथमिकिकरण गरी योजना विस्तार गरिनेछ ।

- खानेपानी आपूर्तिका लागि आवश्यक पूर्वाधार निर्माण गरी पानी ढुवानीका साधनहरुको संख्या विस्तार गरिनेछ।
- सुख्खा क्षेत्र घोषणा गर्न बाँकी वडाहरुलाई घोषणा गर्न पहल गरिनेछ र सुख्खा क्षेत्रमा खानेपानीको प्रयोगपछिको सिंचाई कार्यमा पुनः प्रयोगलाई प्रोत्साहन दिइनेछ।
- फोहरमैलाको व्यवस्थापन (सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सो को सेवा शुल्क निर्धारण र नियमन) गरिनेछ।
- सार्वजनिक क्षेत्रमा शौचालयको निर्माण गरिनेछ।
- खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुका नेतृत्व तहमा महिला तथा लक्षित वर्गको संलग्नता वृद्धि गरी क्षमता अभिवृद्धि गरिनेछ।

**५.३.५ कार्यनीति**

- एक घर एक धारा अवधारणामा आधारित भई खानेपानी आयोजनाहरूको निर्माण, विस्तार, र गुणस्तर वृद्धि गर्ने।
- सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको स्थान र अवस्थामा बर्षातको पानी संकलन गर्ने पद्धतिको विकास गरिनेछ।
- बृहत खानेपानी आयोजनाहरु सञ्चालन तथा पुराना खानेपानी आयोजनाहरूको नियमित मर्मत सम्भार गरिनेछ।
- गाउँका आर्थिक, सामाजिक एवम् सांस्कृतिक महत्वका नदीनालाहरू तथा अन्य पानीका स्रोतहरू र तालतलैयाहरूको संरक्षण तथा वातावरणीय व्यवस्थापन गर्ने कार्य सञ्चालनमा ल्याइनेछ।
- गाउँपालिकाको फोहर व्यवस्थापन गर्नको लागि स्थायी ल्याण्डफिल्ड साइट व्यवस्थापन गर्न जग्गाको खोजी गरिनेछ।
- गाउँपालिकाको फोहर व्यवस्थापन गर्नको लागि स्थायी ल्याण्डफिल्ड साइट व्यवस्थापन गर्न जग्गाको खोजी गरिनेछ।
- प्रत्येक बिद्ययालयमा छात्र र छात्राका लागि छुट्टै शौचालयको व्यवस्था मिलाइने छ।
- गाउँपालिकालाई खुल्ला दिसामुक्त घोषण गरी पूर्ण सरसफाई तर्फ उन्मुख गराइने छ।
- जलवायु अनुकूलन आयोजनाको निर्माण, जलाधार क्षेत्रको संरक्षण, परम्परागत स्रोतको संरक्षण गर्नुका साथै भूमिगत पानीको पुनःभरणजस्ता कार्यलाई प्राथमिकता दिइनेछ।
- खानेपानी र अन्य प्रयोजनको लागि पानीको विवेकशील प्रयोगको निम्ति जनचेतना अभिवृद्धि गरिनेछ।

## ५.३.६ नतिजा खाँका

| विवरणात्मक संक्षेप | सूचकहरु | २०७७/०७८ (आधार बर्ष) | २०७८/ ०७९ | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ | २०८२/ ०८३ | पूष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| **उपलब्धि :** समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईको संस्थागत बिकासमा सुधार आएको हुनेछ । | स्वच्छ पिउने पानीको प्रयोग गर्ने जनसंख्या (प्रतिशत) | ४८ | ५० | ६५ | ७५ | ८० | ९० | गांउपालिका खानेपानी तथा सरसफाई शाखाको वार्षिक प्रगति प्रतिवेदन र गांउपालिका वस्तुगत पार्श्वचित्र | सरोकारवालाहरुको सहयोग निरन्तर रहेमा । |
| | व्यवस्थित चर्पिको प्रयोग भएको घरधुरी (प्रतिशत) | ६५ | ७० | ७५ | ८० | ९५ | १०० | | |
| | लैगिक तथा बाल मैत्रि शौचालय निर्माण भएका विद्यालय (प्रतिशत) | १० | २० | ३० | ४० | ५० | ७५ | | |
| | एक घर एक शौचालय (प्रतिशत) | ४० | ५० | ६० | ७५ | ९० | १०० | | |
| **प्रतिफल नं १ :** खानेपानी तथा सरसफाईको संस्थागत बिकास भई समुदायको स्वास्थ्य र वातावरणिय अवस्थामा सुधार आएको हुनेछ । | स्वच्छ पिउने पानीको प्रयोग (प्रतिशत) | ४८ | ५० | ६५ | ७५ | ८० | ९० | | |
| | खुला दिसामुक्त वार्ड (संख्या) | ७ | ७ | ७ | ७ | ७ | ७ | | |
| | व्यवस्थित चर्पिको प्रयोग भएको घरधुरी (प्रतिशत) | ६५ | ७० | ७५ | ८० | ९५ | १०० | | |
| | फोहोर व्यवस्थापन वार्ड (संख्या) | ० | २ | ४ | ५ | ६ | ७ | | |
| | Wash समितीहरुको क्षमता तथा संस्थागत बिकास (प्रतिशत) | ५० | ६० | ७५ | ८० | ९० | १०० | | |
| | खापा योजना मर्मत सुधार (प्रतिशत) | ५० | ६० | ७५ | ८० | ९० | १०० | | |
| | पाईप प्रणाली मार्फत खानेपानी उपलब्ध जनसंख्या (प्रतिशत) | ७५ | ८० | ८५ | ९० | ९५ | १०० | | |
| | खुला खानेपानी प्रयोग गर्ने जनसंख्या (प्रतिशत) | १५ | १२ | १० | ६ | २ | ० | | |
| **प्रतिफल नं २ :** सरसफाईका आधारभुत सर्तहरु सहित शौचालय निर्माण प्रकिया सुधार आएको हुनेछ । | सरफाई मर्मत सुधार (प्रतिशत) | ३० | ४० | ५० | ६० | ७५ | ९० | | |
| | लैगिंक तथा बाल मैत्रि शौचालय निर्माण भएका विद्यालय (प्रतिशत) | १० | २० | ३० | ४० | ५० | ६० | | |
| | एक घर एक व्यवस्थित शौचालय (प्रतिशत) | ४० | ५० | ६० | ८० | १०० | १०० | | |
| | सार्वजनिक शौचालय संख्या | ० | ६ | १२ | १८ | २४ | ३५ | | |

## ५.३.७ प्रमुख कार्यक्रम

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/ ०७९ | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम | २०७८/ ०७९ | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम |
| खानेपानीका लागि पाइपलाइन बिस्तार कार्य | कि.मि. | ५ | ७ | १० | १० | १० | ४२ | २५०० | २५०० | ४००० | ४००० | ४००० | १७००० |
| खानेपानीका लागि पाईप मर्मत संभार | कि.मि. | ५ | ७ | १० | १० | १० | ४२ | १००० | १२०० | २००० | २००० | २००० | ८२०० |
| खापा मूल मर्मत तथा संभार | संख्या | २० | २० | २० | २० | २० | १०० | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० |
| खापा ओवरहेड टंकि मर्मत तथा संभार | संख्या | ५ | ८ | १० | १२ | १५ | ५० | १००० | १२५० | २००० | २२५० | २५०० | ९००० |
| लिफ्ट खानेपानी आयोजना | संख्या | २ | ३ | ३ | ३ | ४ | १५ | १००० | १५०० | १६०० | १८०० | २००० | ७९०० |
| जनचेतना अभिबृद्धि (वार्षिक) | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| ओवरहेड टकिं निर्माण | संख्या | ३ | ३ | ४ | ५ | ५ | २० | ७५०० | ७५०० | १०००० | १०००० | १०००० | ४५००० |
| धारा जडान | स्थान | ५० | ५० | ५० | ५० | ५० | २५० | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| फोहरमैला ब्यवस्थापन | स्थान | ५ | ६ | ७ | ५ | १० | ३३ | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| ढल निकास कार्यक्रम | कि.मि. | २ | ४ | ४ | ५ | ५ | २० | १००० | २००० | २००० | २००० | २००० | ९००० |
| मुल संरक्षणका लागि बृक्षारोपण कार्यक्रम | हे. | २० | २० | ३० | २० | ३० | १२० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| **जम्मा** | | | | | | | | २२९०० | २४८५० | ३०५०० | ३०९५० | ३१४०० | १४०६०० |

### ५.३.८ अपेक्षित उपलब्धी

## ५.४ महिला तथा वालवालिका

### ५.४.१ विद्यमान अवस्था

"जहाँ महिला सहभागीता त्यहाँ विकासमा परिपक्कता" भने झै महिला सहभागीताले पनि यस गाउँपालिकामा प्राथमिकता पाउन थालेको छ । यस गाउँपालिकामा वसोवास गर्ने परिवारका सदस्यहरु कुनै न कुनै संघसंस्थामा आवद्ध रहेको देखिन्छ । यस गाउँपालिका भित्र वसोवास गर्ने धैरै परिवारका महिलाहरु सहकारी संस्थामा आवद्ध छन । समाजको हित तथा दिगो विकासका लागी यस गाउँपालिकामा रहेका सामाजिक संघ संस्थाहरुले गाउँपालिका भित्र विभिन्न तह तथा क्षेत्रहरुवाट विभिन्न प्रकारका योगदानहरु पुर्याइरहेका छन । सामाजिक संघ संस्थाहरुमा वन उपभोक्ता समिति, युवा क्लव, वाल क्लव, महिला तथा आमा समूह, नागरीक मञ्च, सहकारी संस्था आदि पर्दछन् । विकासको क्रमलाई नियाल्दा देशका अन्य ठांउहरु सरहनै यहां पनि महिलाको अवस्था नाजुक नै देखिन्छ । करिव करिव, वरावर संख्यामा रहेका महिला पुरुषको तथ्यांकलाई आधार मानी २०६८ सालमा १ कक्षादेखि ५ कक्षा सम्म अध्ययनरत विद्यार्थीको संख्यालाई हेर्ने हो भने संख्यामा खासै फरक नरहेको महिला पुरुषको शिक्षा आर्जन गर्ने वाल्यवस्थाको अवसरमा ठूलो भिन्नता देखिन्छ । यस तथ्यांक अनुसार कक्षा ५ सम्म अध्ययन गर्ने वालक वालिका मध्ये करिव ६० % वालक र ४० % वालिका रहेको देखिन्छ । जुन प्रतिशतले पनि महिला र पुरुषमा वाल्यवस्था देखिनै विभेद रहेको पुष्टि गर्दछ । तथापि, अधिकांश वासिन्दा तथा शिक्षित परिवारले भने छोरा, छोरीलाई समान अवसर प्रदान गर्नु पर्ने कुरा विस्तारै महसुस गर्न थालेको पाइन्छ ।

### ५.४.२ अवसर र चुनौति

| अवशर | चुनौति |
|---|---|
| सामाजिक समावेशीकरण र महिलाको हितका सम्बन्धमा कानुनी तथा नीतिगत व्यवस्था र स्थानीय स्तरमा भए गरेका अभ्यासहरुले केही सकारात्मक परिवर्तन भएका छन् । यस क्षेत्रमा महिला अधिकार र अवसरका सम्बन्धमा चेतनाको वृद्धि हुँदै गएको छ । वडास्तरमा महिला संजालहरु गठन र कृयाशिल रहेका छन् । गाउँपालिकास्तरमा महिला तथा बालबालिका शाखा स्थापना भई सकेको छ । महिला समूह समितिमा ५० प्रतिशत आवद्ध रहेको, महिला साक्षरता ६१ प्रतिशत भएको, महिला सहकारी संस्था १५ वटा रहेको, महिलाको राजनैतिक आर्थिक, सामाजिक, सांस्कृतिक आदि तहमा महिला सहभागी बढ्दो रहेको, किशोर किशोरी शिक्षा तुलनात्मक रुपमा वृद्धि हुँदै गएको पाईन्छ । | महिला समूह तथा समितिहरुमा सबै महिला आवद्ध नभएको, विद्यालय वीचमा नै छोड्ने, बालमैत्री विद्यालय नभएको, महिलाहरुमा व्यवसायिक सीप तथा तालिम, नेतृत्वको अभाव तथा विशेष शिक्षा प्रणालीको अभाव रहेको देखिन्छ । महिला हिंसा, यौन दुव्र्यवहार, बहुविवाह, बाल विवाह जस्ता घटनाहरु समाजमा कायम नै रहे पनि उजूरी नहुने कारणले पर्याप्त तथ्याङ्क उपलब्ध हुन सकिरहेको छैन । |

### ५.४.३ उद्देश्य

- सशक्तिकरण मार्फत महिला, वालवालिकाका, जेष्ठ नागरिक, असहाय, एकल महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउने ।

### ५.४.४ रणनीति

- गाउँपालिका भित्र हुने नीति निर्माण, निर्णय प्रकृया र विकासका सबै गतिविधीमा महिला प्रतिनिधित्व र सहभागिता वृद्धि गरिनेछ ।
- महिला विरूद्धको लैङ्गिक तथा घरेलु हिंसा, महिला हकहित संरक्षण तथा सीप विकास कार्यक्रम, मनोसामाजिक विमर्श कार्यक्रम, गृहिणी महिलाको लागि वातावरण मैत्री सचेतना कार्यक्रम जस्ता विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- हिंसा पिडीत, सुरक्षित आवास घर निर्माण एवं संचालन गरिनेछ ।

- सार्वजनिक स्थलमा र कार्यस्थलमा हुने यौन हिंसा न्यूनीकरणको लागि कानुन कडाईका साथ लागू गरिनेछ र अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।
- ५० वर्ष मुनिका एकल महिलाहरूलाई आयआर्जन तथा शिप विकास तालिमको ब्यवस्था गरिनेछ।
- एकल महिलाहरुलाई जीविकोपार्जन गर्न उपयोगी विभिन्न कार्यक्रम आयोजना गरिनेछ र एकल महिला कोषलाई निरन्तरता प्रदान गरिनेछ।
- महिला सशक्तिकरण, शिक्षामा महिलाको पहुँच, महिला हिंसा अन्त्य, अन्ध विश्वास रुढीवादी प्रथाका विरुद्धमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला र पुरुष सम विकास तालिम र आधारभूत तालिम, अनुशिक्षण दिइनेछ।
- बालमैत्री स्थानीय शासन लागू गर्नका लागि बालश्रम उन्मुलन, बाल विवाह, बाल हिंसा उन्मुलन तथा बाल अधिकार संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
- बालबालिकाहरूको मनोरन्जनको लागि बाल उद्यान (चिल्ड्रेन पार्क) को निर्माण गरिनेछ।
- बालबालिकालाई कुनै पनि बालश्रम तथा अपहरण हुन नदीन जनचेतना अभिवृद्दि गरिनेछ।

**५.४.५ कार्यनीति**

- अन्तरपार्टी महिला सञ्जाल, महिलासँग सम्बन्धित सहकारी तथा गैरसरकारी संस्था र महिला समूह सक्रिय संलग्नतामा कार्यक्रम सन्चालन गरिनेछ।
- स्थानीय निकाय, संघ–संस्था र नीजि क्षेत्रमा लक्षित वर्ग र समुदायलाई रोजगारीमा प्राथमिकताका लागि आवश्यकताअनुसार नीति तथा पैरवी कार्यक्रम सञ्चालन गरिनेछ।
- चेलिबेटी, मानव बेचविखन गर्ने, बालश्रम शोषण गर्ने तथा जातीय विभेद गर्नेलाई सामाजिक रुपमा बहिष्कार गर्दै मानव विरोधिको घोषणा गरी कानूनको दायरामा ल्याइनेछ।
- महिला, तथा बालबालिका समूहहरुलाई संगठित गर्दै विकास तथा चेतनामूलक गतिविधिमा संलग्न गरिनेछ।
- अपाङ्गता भएका व्यक्ति लगायत लक्षित तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरिनेछ।
- सामाजिक सुरक्षा सुविधा हस्तान्तरण प्रक्रियालाई सहज, सरल र प्रभावकारी बनाउन जोड दिइनेछ।

## ५.४.६ नतिजा खाँका

| विवरणात्मक सक्षेप | सूचकहरु | २०७७/०७८ (आधार बर्ष) | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| **उपलब्धि :** सशक्तिकरण मार्फत महिला, वालवालिकाका, जेष्ठ नागरिक, असहाय, एकल महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा सुधार आएको हुनेछ । | महिला साक्षरता (प्रतिशत) | ६५ | ६६ | ६८ | ७० | ७२ | ७५ | गांउपालिका प्रतिवेदन गांउपालिका शिक्षा शाखाको प्रतिवेदन सामाजिक विकास शाखाको वार्षिक प्रतिवेदन | राज्यका कानूनहरुको प्रभावकारी कार्यान्वयन भएमा । |
| | समितिहरुमा महिला तथा लक्षित समुदायको प्रतिनिधित्व (प्रतिशत) | ३३ | ३५ | ३६ | ३८ | ४० | ५० | | |
| | हरेक क्षेत्रमा महिलाको निर्णायक भूमिकामा सहभागिता (प्रतिशत) | ३३ | ५० | ७५ | १०० | १०० | १०० | | |
| | घरेलु हिंसाको न्यूनिकरण (प्रतिशत) | ५० | ७५ | ९० | १०० | १०० | १०० | | |
| | ३ देखि ५ वर्ष उमेर समूका बालबालिका प्रारम्भिक बालविकास केन्द्रमा भर्ना अवस्था (प्रतिशत) | ४० | ४२ | ४४ | ४६ | ४९ | ६० | | |
| | सहकारीमा आवद्ध महिला (संख्या) | ५७२ | ६५० | ७५० | ८५० | १००० | १५०० | | |
| | सहकारीमा संकलित पूँजी (रु लाख) | २८ | ३२ | ४० | ६० | ७५ | १०५ | | |
| | महिला साक्षरता (प्रतिशत) | ६३ | ६४ | ६५ | ६७ | ६८ | ७५ | | |
| | उपभोक्ता समितिमा महिला र लक्षित समुदायको प्रतिनिधित्व (प्रतिशत) | ३३ | ३८ | ४४ | ५० | ६० | ९० | | |
| | महिलाहरुको स्थानीय संघसंस्थाहरुमा सहभागिता (प्रतिशत) | ३३ | ३८ | ४४ | ५० | ५८ | ७५ | | |
| | महिला उद्यमीहरुको संख्या | १००० | १२०० | १४०० | १६०० | १८०० | २५०० | | |
| | यौन दुर्व्यवहार, घरेलुहिंसा, बेचबिखन बिरुद्धका कार्यक्रमवाट लाभान्वित महिला वालवालिका (प्रतिशत) | ३५ | ४० | ४६ | ५३ | ६१ | ८० | | |
| | हिंसाजन्य घटनापीडित महिलाहरुको संख्यामा न्यूनिकरण (प्रतिशत) | ३५ | ३० | २५ | १५ | १० | ० | | |
| | परामर्श केन्द्र स्थापना तथा सुरक्षित वैदेशिक रोजगार र परामर्श सेवा प्रदान | ० | १ | १ | २ | ३ | ५ | | |
| **प्रतिफल नं ३:** वालवालिकाको समग्र विकासका लागि नीतिगत अवस्थामा सुधार भई दक्ष जनशक्तिको उत्पादन भएको हुनेछ । | गांउपालिका नीति निर्माण तहमा वालवालिकाहरुको सहभागिता (प्रतिशत) | १० | १५ | २५ | ३० | ३३ | ४० | | |
| | वाल अधिकार प्रति अभिभावक एवं वालवालिकामा चेतना वद्धि (प्रतिशत) | २५ | २९ | ३३ | ३८ | ४४ | ५० | | |
| | वालमैत्री सार्वजानिक भौतिक संरचना (प्रतिशत) | १० | १५ | २५ | ४० | ५० | ७५ | | |
| | ३ देखि ५ वर्ष उमेर समूका बालबालिका प्रारम्भिक बालविकास केन्द्रमा भर्ना अवस्था (प्रतिशत) | ४० | ४६ | ५३ | ६१ | ७० | ८० | | |
| **प्रतिफल ं ४:** जेष्ठ नागरिक, असहाय, एकल महिलाहरुले सामाजिक सुरक्षा प्रत्याभूति गरेका हुनेछन । | सामाजिक जीवनमा योगदान पुर्‍याएका जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम (सख्या) | १ | ५ | १० | १५ | २५ | ५० | | |
| | असहाय विपन्न जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षाको प्रत्याभूति (प्रतिशत) | ४५ | ५२ | ६० | ६८ | ७९ | ९० | | |

## ५.४.७ प्रमुख कार्यक्रम

### महिला तथा वालवालिका विकास कार्यक्रम

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम |
| लैंगिक संवेदनशिल प्रजनन तालिम | संख्या | १०० | १०० | १०० | १०० | १०० | **५००** | १०० | १२५ | १५० | १७५ | २०० | **७५०** |
| हरेक वार्डमा महिला सूचना तथा परामर्श केन्दको स्थापना | संख्या | २ | ४ | ६ | ० | ० | **१२** | १०० | २०० | ३०० | १०० | ० | **७००** |
| महिला समिति अन्तरगत व्यवसायिक समुह विकास समुह | संख्या | ५ | ७ | १० | १५ | २० | **५७** | ५०० | ७०० | १००० | १५०० | २००० | **५७००** |
| समुह सदस्यलाइ व्यवसायिकता विकास तालिम | संख्या | १०० | २०० | २५० | ३०० | ४०० | **१२५०** | १००० | २००० | २५०० | ३००० | ४००० | **१२५००** |
| महिला सहकारी संस्था गठन र दर्ता | संख्या | ५ | १० | १५ | २० | ३० | **८०** | २५ | ३० | ३५ | ४० | ५० | **१८०** |
| घरेलु हिंसा नियन्त्रणका लागि तालिम | संख्या | २०० | २०० | २०० | २०० | २५० | **१०५०** | २०० | २५० | ३०० | ३५० | ४०० | **१५००** |
| महिला नेतृत्व विकास तालिम | संख्या | २०० | २०० | २०० | २०० | ३०० | **११००** | २०० | ४०० | ४५० | ५०० | ५५० | **२१००** |
| सीप तथा व्यवसायिकता प्रवर्द्धन तालिम | पटक | १०० | २०० | ३०० | ४०० | ५०० | **१५००** | १००० | १५०० | | २००० | २५०० | **७०००** |
| संस्थाको अवस्था विश्लेषण र रणनितीपत्र तर्जुमा | संख्या | १० | २० | २० | २० | २५ | **९५** | **२५०** | **५००** | **५००** | **५००** | **७५०** | **२५००** |
| वीउपुजी परिचालन (समुह) | संख्या | ५ | ७ | १० | १५ | २० | **५७** | ५०० | ७०० | १००० | १५०० | २००० | **५७००** |
| सुनौला हजार दिनसम्बन्धी कार्यक्रम | पटक | ६ | ६ | ६ | ६ | ६ | **३०** | ६०० | ७५० | ९३७.५ | ११७२ | १४६५ | **६३३११** |
| शिशु स्याहार केन्द्र स्थापना तथा सञ्चालन | पटक | २ | ४ | ६ | ६ | ६ | **२४** | ५०० | ५७५ | ६६१ | ७६० | ८७५ | **३३७१** |
| जन्मदर्ता सम्बन्धी प्रवर्द्धनात्मक अभियान | पटक | २ | ४ | ४ | ४ | ४ | **१८** | ५०० | ५७५ | ६६१ | ७६० | ८७५ | **३३७१** |
| बालश्रम तथा बालविवाह न्यूनीकरण अभियान | पटक | २ | ४ | ४ | ४ | ४ | **१८** | ३०० | ३४५ | ३९७ | ४५६ | ५२५ | **२०२३** |
**दिगो वाताबरण विकासकाका लागि प्राकृतिक स्रोतको संरक्षण !! "**

## ७.१ वन विकास तथा वातावरण संरक्षण

### ७.१.१ विद्यमान अवस्था

गाउँपालिकाभित्र जम्मा ११२२६.०० हेक्टर वन क्षेत्र, २३९० हेक्टर झाडी रहेको छ। हावापानीको हिसावले उष्ण मनसुनी तथा न्यानो शितोष्ण रहेको पाईन्छ। वन क्षेत्रका सल्लाको खोटो, अमला, हर्रो, घोरताप्रे, चिराईतो, कुरिलो जस्ता जडिबुटि उपलब्ध छन्। उपलव्ध वनक्षेत्रमध्ये ५१०९.०७ हेक्टर वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समितिहरुबाट संरक्षण गरिएको छ। त्यस्तै, ५१६.३३ हेक्टर क्षेत्रफल कबुलियति बन मार्फत संरक्षण भएकोछ। विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि अन्य कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्।

### ७.१.२ अवसर र चुनौति

| अवसर | चुनौति |
|---|---|
| ● गापाको कुल क्षेत्रफलमध्य अधिकाशं बन क्षेत्रले ओगटेको<br>● कुल वनक्षेत्रको अधिकाधिक वनक्षेत्र सामुदायिक तथा कबुलियति वनको रुपमा व्यवस्थापन<br>● वनले कार्वन उत्सर्जन न्यूनीकरणमा महत्वपुर्ण भुमिका खेल्ने हुंदा सामुदायिक तथा | ● वन जंगल सम्बन्धी उत्पादनको चोरी निकासी<br>● वन डढेलो आगलागी<br>● जडीवुटीको पहिचान, संरक्षण |

| | |
|---|---|
| राष्ट्रिय वनहरुले REDD+ मार्फत कार्वन व्यापारमा जाने संभावना<br>• महत्वपुर्ण जडिवुटी प्रजातीको संरक्षण तथा व्यवस्थापन तथा निजी जग्गामा खेति विस्तार<br>• महत्वपुर्ण गैरकाष्ठ वन पैदावारहरुको प्रशोधन तथा Valu addition<br>• वृहत जलाधार क्षेत्रको संरक्षण<br>• साना जलविद्युत आयोजनाहरु र सामुदायिक सोलार<br>• प्राकृतिक स्रोत साधन सम्वन्धि वन्ने र वनेका नीति नियमहरुमा जनताका पक्षमा थप पैरवी | • रैथाने तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तु<br>• विपद् तथा प्रकोप<br>• उचित फोहर व्यवस्थापन<br>• वन्यजन्तु बिशेषगरी बांदरवाट धनजनको क्षति |

### ७.१.३ उद्देश्य

- समुदायको संलग्नतामा थप वृद्धि गर्दै दिगो वन व्यवस्थापन र भू संरक्षणका माध्यमवाट जैविक विविधताको संरक्षण तथा रोजगारीमा वृद्धी हुनेछ।

### ७.१.४ रणनीति

- वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानुन बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गरिनेछ। यसका साथै संघीय र प्रादेशिक सरकारबाट प्राप्त सम्बन्धित नमूना कानुनका मस्यौदाको स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गतका सेवाहरु सुलभ र गुणस्तरीय रुपमा प्रवाह गरिनेछ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् ब्यबस्थापन, जस्ता अन्तर सम्बन्धित विषयहरुलाई उपयुक्त रुपमा समावेश र सम्बोधन गरिनेछ।

### ७.१.५ कार्यनीति

**बन ब्यबस्थापन**

- नाङगा पाखाहरुमा अम्रिसो लगायतका माटो सुहाँउदो विरुवा रोपेर आयआर्जन तथा हरियाली बनाइने छ।
- वन डढेलो व्यवस्थापनको लागि संस्थागत संरचनाको निर्माण तथा पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलो प्रतिरोधी क्षमता विस्तारका लागि अग्निरेखा व्यवस्थापन र आकाशे पानी सङ्कलन कार्यक्रममा जनताको सहभागिता अभिवृद्धि गरिनेछ।
- नीजि तथा सार्वजनिक जग्गाहरूमा परम्परागत  वृक्षारोपण गरिनेछ।

- सबैखाले वनहरूमा आन्तरिक पर्यापर्यटन प्रवद्र्धन गर्न जैविक विविधता र सिमसार (पानीको मुहान) क्षेत्रको संरक्षण कार्यलाई प्राथमिकता दिइनेछ ।
- सडक विस्तार गर्दा मेशिनको प्रयोगलाई बुद्धिमतापूर्वक गरि जोखिमलाई न्यूनिकरण गर्न, भू–क्षय हुने सम्बन्धित ठाँउहरुमा बृक्षारोपणको कार्यक्रम संचालन गरिनेछ ।
- वरिपरि रहेका वन, हरियाली, पानीका मुहान, खाली क्षेत्र, तथा खोला नदिले कटान गरि बस्तीलाई असर पारेको ठाँउमा तट बन्ध गरिनेछ ।
- वन, वनस्पति, वातावरण र जैविक विविधताको बारेमा प्रचारप्रसार गरी स्थानीय बासिन्दाहरूको वातावरण संरक्षणमा सहयोग बढाउन ठूला सहरमा निजी क्षेत्र, सामाजिक संस्था आदिको सहकार्यमा वातावरण शिक्षा तथा प्रचारप्रसार केन्द्र स्थापना गरिनेछ ।
- खोलाले वगर बनाएको जमिनमा वा बगरमा घाँस रोपी हरियाली बनाइने छ ।
- वातावरण संरक्षण तथा गाउँ क्षेत्रलाई हराभरा बनाउन सडक किनारा तथा खाली जमिनमा वृक्षारोपण कार्यलाई प्राथमिकता दिईनेछ ।
- स्थानीय अनुकूलन योजनालाई समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा मूलप्रवाहीकरण र सेवा प्रदायकहरूको क्षमता विकास गरिनेछ ।
- गाँउपालिका क्षेत्र भित्र जनचेतनाको माध्यमबाट प्लाष्टिक मुक्त बनाइनेछ ।

***<u>जलाधार संरक्षण</u>***

- जलाधार संरक्षणकालागि गुरुयोजना निर्माण गरी लागु गरिनेछ ।
- प्रभावित क्षेत्र व्यवस्थापनको लागि संस्थागत विकास एवम् सामुदायिक सचेतना शिक्षा सञ्चालन गरिनेछ ।
- जेखिम नक्सा र क्षेत्र निर्धारण गरी नदी विशेष नियन्त्रण तथा व्यवस्थापन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- उकास जमिनको समुचित उपयोगसमेत गरी नदी नियन्त्रण कार्यमा रोजगारी सिर्जनालाई प्राथमिकता दिइनेछ ।
- रिमोट सेन्सिङ, भौगोलिक सूचना प्रणाली र जोखिम नक्सा तथा बाढी विश्लेषणजस्ता विधिहरूको प्रयोग गरी प्रकोप नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- स्थानीय स्तरमा उपलब्ध स्रोतसाधनको प्रयोग गरी प्रकोप न्यूनीकरण तथा राहत वितरण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- जल उत्पन्न प्रकोप नियन्त्रणका लागि निर्मित संरचनाहरूको उचित मर्मतसम्भार गरी दिगो र भरपर्दो बनाइनेछ ।

***<u>जलवायु अनुकुलन</u>***

- वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा दातृ निकाय, गैरसरकारी संस्था, स्थानीय निकाय, सामुदायिक संस्था एवम् अन्य निकायहरूबीच समन्वय र साझेदारी गरिनेछ ।
- प्राकृतिक स्रोतबाट प्राप्त आयको निश्चित प्रतिशत रकम प्राकृतिक स्रोत र साधनको संरक्षण तथा वातावरणीय अनुसन्धान र विकासमा खर्च गर्ने व्यवस्था गरिनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजना मार्फत राष्ट्रिय अनुकूलन कार्ययोजनालाई स्थानीय तहमा कार्यान्वयन गरिनेछ ।

- हरित अर्थतन्त्रको विकाससम्बन्धी कार्यक्रमलाई आर्थिक क्रियाकलापका सबै क्षेत्रमा आन्तरिकीकरण गरिनेछ।
- जलवायु परिवर्तन शीर्षकका बजेटको ठूलो हिस्सा स्थानीय तहमा खर्च हुने व्यवस्था गरिनेछ।
- वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोड दिइनेछ।

***<u>विपद् व्यवस्थापन</u>***

- विपद्सम्बन्धी तथ्य, तथ्याङ्कहरुलाई व्यवस्थित गर्न एकीकृत सूचना केन्द्रको विकास गर्दै योजना, कार्यान्वयन तथा अनुगमनसम्मका सबै चक्रहरुमा विपद्का कारण हुन सक्ने क्षतिको भौतिक तथा आर्थिक मूल्य समेतको विश्लेषण गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ।
- भौतिक पूर्वाधार (सडक, खानेपानी, सिंचाई, भवन निर्माण आदि) निर्माण सम्बन्धी योजना सञ्चालन गर्दा वातावरण संरक्षण तथा जोखिम न्यूनीकरणका लागि आवश्यक बजेट सम्वन्धित योजनाको लागतमै अनिवार्यरुपमा समावेश गर्ने नीति अबलम्बन गरिनेछ।
- एक करोडभन्दा बढी लागतका आयोजनाहरू सञ्चालन गर्दा प्रभावित क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षणलाई अनिवार्य गरिनेछ। र, रु दश लाखभन्दा माथिका पूर्वाधार विकास योजनाहरूमा वातावरणीय व्यवस्थापन योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।
- सवै वार्डहरुमा विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- विपद् व्यवस्थापन योजना कार्यान्वयनमा विकास साझेदारहरूको सहयोग जुटाई नपुग रकम परिचालन गरिनेछ।
- विपद् व्यवस्थापन क्षेत्रमा आवश्यक जनशक्तिको क्षमता विकास गरी स्थानीयस्तरमा विपद् प्रतिकार्यलाई प्रभावकारी बनाइनेछ।
- विपद् सम्बन्धी सूचनाहरूलाई एकीकृतरुपमा संकलन, प्रशोधन र भण्डारण गरी विपद् जोखिम व्यवस्थापनका लागि उपयोगमा ल्याइनेछ।
- विपद् जोखिम व्यवस्थापनलाई किफायती बनाउन जैविक तथा स्थानीय ज्ञान, सीप र प्रविधि समेतको उपयोग गरिनेछ।
- विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धिमार्फत् व्यक्तिगत, पारिवारिक तथा सामुदायिक पूर्वतयारीमा जोड दिइनेछ।
- सबै सरोकारवालाको सहभागितामा समन्वयात्मक रुपमा एकद्वार प्रणालीबाट विपद् जोखिम व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- भौतिक पूर्वाधारहरुको निर्माण गर्दा वातावरणमैत्री हिसावले गरिनेछ।

## ७.१.६ नतिजा खाँका

| विवरणात्मक संक्षेप | सूचकहरु | २०७७/०७८ (आधार बर्ष) | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| **उपलब्धि:** समुदायको संलग्नतामा थप वृद्धि गर्दै दिगो वन व्यवस्थापन र भू संरक्षणका माध्यमवाट जैविक विविधताको संरक्षण तथा रोजगारीमा वृद्धी भएको हुनेछ । | वन क्षेत्रको पहिचान भई वैज्ञानिक वन व्यवस्थापन लागु (हे.) | ० | ५० | १०० | १५० | २०० | २०० | गांउपालिकाको वार्षिक प्रगति प्रतिवेदन गांउपालिकाको वस्तुगत प्रोफाईल | सरकारी सहयोग निरन्तर रहेमा र समुदायको सरोकार रहेमा |
| | समुदायस्तरमा कृषि वन प्रणालीको प्रभावकारीतामा वृद्धि (हे.) | ३२ | ५० | १०० | २०० | ३०० | ३०० | | |
| | वन पैदावाटवाट रोजगारीमा वृद्धी गर्ने (संख्या) | १३२ | २५० | ३५० | ४५० | ५०० | ५०० | | |
| | खाली जमिनमा वृक्षारोपण (संख्या) | ५ | १० | १५ | २० | ५० | ५० | | |
| **प्रतिफल १:** वन अतिक्रमण नियन्त्रणका साथ साथै चरिचरणका लागी वैकल्पीक उपायहरुको व्यवस्था भएको हुनेछ । | वनको अतिक्रमित क्षेत्र नियन्त्रण (हे.) | २५ | ३० | २५ | ३० | ३० | ३० | वन तथा भू संरक्षण कार्यालयको प्रतिवेदन, गांउपालिकाको पार्श्वचित्र | सरोकारवालाहरुको सहयोग भएमा |
| | निजी जग्गामा डाले घासका विरुवा खेति (हे) | ३० | ६० | १०० | २०० | २५० | २५० | | |
| | वन पैदावारहरु उत्पादनको (घांस, वावयिों) व्यवस्थापन (हे.) | ० | १०० | २०० | ३०० | ५०० | ५०० | | |
| | वन पैदावार र जडीवुटी खेतीका माध्यमवाट रोजगारी (संख्या) | १३२ | २५० | ३५० | ४५० | ५०० | ५०० | | |
| | हस्तान्तरित सामुदायिक वन क्षेत्र (हेक्टर) | ५८० | ६२५ | ७०० | ७८० | ७०० | ७०० | | |
| | उपभोक्ता समूह सदस्य संख्या | १५५० | १७३६ | १९४४ | २१७८ | २४३९ | २४३९ | | |
| **प्रतिफल ३:** भूक्षय बाढी पहिरोको नियन्त्रण भएको हुनेछ । | उपजलाधार क्षेत्र निर्धारण गरी योजना निर्माण ( स्थान) | १ | २ | ४ | ५ | ६ | ६ | | |
| | संवेदनशिल क्षेत्रहरुको रोकथाम गर्ने (स्थान) | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| | पहिरो नियन्त्रण गर्ने (स्थान) | २ | ४ | ८ | १० | १५ | १५ | | |
| | कृषि बन समुह बिस्तार गर्ने (संख्या) | २ | ६ | ७ | ८ | १० | १० | | |
| | क्षतिग्रस्त भूमी पुनरुत्थान गर्ने (हे.) | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| | नदी खोला किनार संरक्षण व्यवस्थापन गर्ने (कि.मि) | ६ | ६ | ६ | ६ | ६ | ६ | | |
| | नदी उकास भएको जग्गामा हरियालि बृद्धि गर्ने (हे.) | २ | ४ | ५ | ८ | १० | १० | | |
| **प्रतिफल ४:** पानीको श्रोत मुहान संरक्षण भएको हुनेछ । | पानी मुहान संरक्षण गर्ने (संख्या) | २ | ४ | ६ | ८ | १० | १० | | |
| | संरक्षण पोखरीको निर्माण गर्ने (संख्या) | ५ | ७ | १० | १५ | २० | २० | | |
| | उपजलाधार क्षेत्रमा जिर्ण साना सिचाई कुलो सरंक्षण ( किमि) | २ | ३ | ४ | २ | २ | २ | | |
| **प्रतिफल ५:** बिपद व्यवस्थापन भई जनधनको क्षतिकमी भएको हुनेछ । | बिपद यवस्थापन योजना निर्माण र अद्यावधिक (संख्या) | १ | ० | ० | १ | ० | ० | नेपाल रेडक्रस सोसाईटीको प्रतिवेदन गांउपालिकाको वस्तुगत पार्श्वचित्र | |
| | आगो निभाउने सामग्री व्यवस्थापन गर्ने दमकल ( संख्या) | ० | १ | ० | २ | २ | २ | | |
| | स्थानीय आपतकालिन प्रतिकार्य संचालन केन्द स्थापना (गापा संख्या) | १ | ० | ० | १ | १ | १ | | |

## ७.१.७प्रमुख कार्यक्रम

### वन तथ भू संरक्षण विकास कार्यक्रम

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम |
| सामूदायिक वनको कार्ययोजना पूनरावलोकन | गोटा | ४० | ४० | ४० | ४० | ४० | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० |
| वन अतिक्रमण नियन्त्रण तथा पूर्नस्थापना | हे. | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| अम्रिसो उत्पादन | (हे.) | १ | ५ | ५ | ५ | ५ | २१ | ५० | १५० | १५० | २५० | २५० | २५० |
| नदी किनार संरक्षण तथा उकास जग्गामा वन व्यवस्थापन | हे. | १ | १ | १ | १ | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० |
| कच्ची सडक किनारामा विरुवा रोपण | हजार | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| बाँस | हजार | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| अम्रिसो | हजार | २० | २० | २० | २० | २० | १०० | २५० | २५० | २५० | २५० | २५० | १२५० |
| जडिवुटी संकलन व्यवस्थापन तथा खेती विस्तार सम्वन्धी चेतनामूलक सन्देश प्रसारण | जिल्ला | १ | १ | १ | १ | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० |
| गैह्रकाष्ठ वनपैदावार व्यवस्थापनको प्रविधि विकास तथा विस्तार तालिम | गापा | १ | १ | १ | १ | १ | ५ | | १५० | १५० | १५० | १५० | ६०० |
| सा.व.उ.समूहद्धारा विरुवा उत्पादन तथा रोपण | हजार | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | २०० | २०० | २०० | २०० | २०० | १००० |
| जडिवुटी खेती विस्तार तथा व्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० |
| प्राकृतिक अवस्थाको वोके टिमुर व्यवस्थापन/प्रवर्धन | स्थान | २ | ३ | ४ | ५ | ६ | २० | ५०० | ७५०० | १००० | १२५० | १५०० | ११७५० |
| गैर काष्ठ वन पैदावार व्यवस्थापन र उद्यम विकास तालिम | गोटा | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० |
| नीजि वन दर्ता तथा सहजीकरण | गोटा | १ | १ | १ | १ | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| समुदायमा आधारित वन डढेलो व्यवस्थापन | गापा | १ | १ | १ | १ | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| जैविक, वातावरणीय तथा भूसंरक्षणको हिसावले सम्वेदनशील रहेका क्षेत्रमा तारवार सहित वनपैदावार तथा पुनर्उत्पादन संरक्षण | स्थान | २ | २ | २ | २ | २ | १० | ५०० | ७५० | १००० | १२०० | १५०० | ४९५० |
| वृहत वृक्षारोपण कार्यक्रम | हेक्टर | ४० | ४० | ४० | ४० | ४० | २०० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० |
| नर्सरी निर्माण | गोटा | १ | १ | १ | १ | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| नर्सरी व्यवस्थापन तालिम | संख्या | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| **जम्मा** | | | | | | | | ४३६० | ११८६० | ५६१० | ६१६० | ६७१० | ३४१०० |

### विपद् व्यवस्थापन कार्यक्रम

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम |
| गांउपालिका विपद् व्यवस्थापन योजना निर्माण तथा अद्यावधिक | वटा | १ | ० | ० | १ | ० | २ | १००० | ० | ० | ० | ५०० | **१५००** |
| विपद् व्यवस्थापन कोष स्थापना (गापा तथा वार्ड) | वटा | १ | २ | २ | ० | ० | **५** | २५०० | १०० | ५००० | ५००० | ० | **१२६००** |
| आपत्कालिन कार्यसंचालन केन्द्रको स्थापना | पटक | १ | ० | ० | १ | १ | **५** | ० | १००० | १००० | १००० | १००० | **४०००** |
| विपद् खोज तथा राहत व्यवस्थापन समिति गठन | संख्या | १ | १ | १ | १ | १ | **५** | ० | २५ | २५ | २५ | २५ | **१००** |
| मानव संसाधन तथा क्षमता विकास | संख्या | १८ | १८ | १८ | २४ | ३० | **१०८** | ५०० | ५०० | ७०० | १००० | १२०० | **३९००** |
| खोज तथा उद्धार सामाग्रीको व्यवस्था | संख्या | १ | २ | ३ | १ | १ | **८** | ० | १००० | १२०० | १५०० | २००० | **५७००** |
| विद्यालय शिक्षा कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | **२५** | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| प्रकाशन तथा प्रशारण | संख्या | २ | २ | २ | २ | २ | **१०** | १५० | १५० | १५० | १५० | १५० | **७५०** |
| ***जम्मा*** | | | | | | | | ४६५० | **३२७५** | **८५७५** | **९१७५** | **५३७५** | **३१०५०** |

## ७.१.८ अपेक्षित उपलब्धी

# परिच्छेद ८: संस्थागत विकास तथा शुसासन

स्थानीय सरकार संचालन ऐन २०७४ लगायत अन्य कानूनी शासनको मूल्य तथा मान्यता अनुरुप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारितामा अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिइएको छ। यही ऐनको अधिनमा रही गाउँपालिकाले बस्तीस्तरको भेला–योजना छनौट गर्ने, राजश्व परामर्श समितिको गठन गरेको छ।

नेपालको कानूनी व्यवस्था अनुसार स्थानीय तहको विकासकाको प्रमुख जिम्मेवारी गाउँपालिकाको रहेको छ। तथापि, स्थानीय तहमा जनप्रतिनिधिहरु  निर्वाचित भएर आएको अवस्था तर पर्याप्त जनशक्ति र गाउँपालिकाको कमजोर संस्थागत क्षमतालेविकासका कामहरूले उल्लेखनिय गति लिन सकेको देखिंदैन। यद्यपि, सरकारको रुपमा रहेको गाउँपालिकाको संस्थागत क्षमता विकास विना योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न तथा सुशासन अनुभुति हुनेगरी सेवा प्रवाह गर्न सकिंदैन भन्ने मान्यता स्थापित भईसकेको अवस्थामा  हालसम्म गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको भवन तथा त्यसकालागि आवश्यकता अनुसारको भवन, फर्निचर, यातायात तथा उपकरणहरुको व्यवस्थाका लागि केहि काम भईरहेको छ भने जनप्रतिनिधिहरुलाई योजना तर्जुमा कार्यान्वियन, अनुगमन तथा प्रचलित कानून आदि सम्बन्धी तालिमको व्यवस्था भै सकेको छ।। साथै, गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुमा भौतिक पूर्वाधार तथा मानव संसाधानको व्यवस्था समयानुसार गरिंदै आएको पाईन्छ। गाउँपालिकाको आन्तरिक स्रोतको वद्धिको लागि आवश्यक योजना निर्माण गरी अगाडी बढने सोंच गाउँपालिकामा देखिन्छ । सुशासन प्रवर्द्धननका औजारहरुको प्रभावकारी कार्यान्ववय गरिनेछ।  यसका लागि गाउँपालिकाले निम्नानुसारको दिर्घकालिन सोंच तय गरेकोछ, जसका आधारमा  कार्यक्रम तथा बजेटहरुको व्यवस्था हुनेछ यसवाट गाउँपालिकावासीहरुको जनजिवनमा गुणात्मक सुधार आउनेछ ।

**" प्रभावकारी सेवा प्रवाह, नागरिक मैत्री प्रशासन र  चुस्त बित्तिय ब्यबस्थापन !**
**निस्दीको नारा विकासमा साझेदारी र कर्ममा सुशासन !!**

## ८.१ संथागत सुशासन तथा क्षमता विकास समुह

### ८.१.१ विद्यमान अवस्था

स्थानीय तहमा मानवीय तथा भौतिक श्रोत साधनको व्यवस्था, प्रभावकारी रुपमा आन्तरिक श्रोतहरुको पहिचान, परिचालन र व्यवस्थापन, संस्थागत सुशासन कायम भई चुस्त तथा दुरुस्त आर्थिक प्रशासन, पारदर्शी, गुणस्तरीय, छिटोछरितो सेवा प्रवाह, सामाजिक सुरक्षाको प्रत्याभूति, स्थानीय तह तथा अन्य विकास सरोकारवाला संस्थाहरुको क्षमता अभिवृद्धि हुनुको साथै स्थानीय तहमा आवाधिक योजना अनुसार विकास कार्यक्रम सञ्चालन र विकासका सबै कार्यक्रमहरु पारदर्शी तथा सूचना माथि सेवाग्राहीहरुको पहुँच अभिवृद्धि भई सुशासनको प्रत्याभूति, सबै सरोकारवालाहरु बीच प्रभावकारी समन्वय र विकास कार्यको प्रभावकारी अनूगमन तथा मुल्याङकन जस्ता कुराहरु संगै गुणस्तरीय सेवा प्रवाह योजनाबद्ध विकास हुने अपेक्षा योजनाले गरेको छ।

### ८.१.२ अवसर र चुनौति

| **अवसर** | **चुनौति** |
|---|---|
| ● निजि क्षेत्र ,नागरिक समाज तथा समुदायमा आधारित संघ संस्थाहरुले विकासको समग्र विकास तथा सुशासन कायम | ● गैसस, सामुदायिक संस्थाहरु, नागरिक समाजको संस्थागत क्षमता अभिवृद्धिमा कमी |

| | |
|---|---|
| गर्न महत्वपूर्ण भूमिका खेलेका ।<br>● गापाको आन्तरिक आयस्रोत वृद्धि भईरहेको ।<br>● आवधिक योजनालाई आधार बनाई अन्य साझेदार, गैससहरु, समुदायमा आधारित संघसंस्थाहरुको रणनितिक योजना तर्जुमा गरि एकिकृत रुपमा कार्यक्रमहरु संचालन गर्न सकिने ।<br>● दातृ संस्थाहरुको सहयोगको संभावना<br>● निजि तथा साझेदारी अवधारणको विकास गर्न सकिने ।<br>● अनुगमन तथा मूल्यांकंन पद्दतीलाई संस्थागत गरी कार्यान्वयन गर्न सकिने । | ● गापाको संस्थागत क्षमता कमजोर भएको<br>● आन्तरिक स्रोत र साधनको उचीत उपयोग र परिचालन हुन नसकेको<br>● हचुवाको भरमा योजना छनौट गर्ने प्रवृत्ती<br>● व्यवस्थित सूचना संयन्त्रको विकास भई नसकेको<br>● मानवीय संसाधन विकासमा पर्याप्त ध्यान नपुगेको<br>● दातृ संस्थाहरुको सहयोग तथा समन्वयमा कमी<br>● कमजोर अनुगमन तथा मूल्यांकंन पद्धती |

### ८.१.३ उद्देश्य

- स्थानीय स्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरुलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी वनाउने ।

### ८.१.४ रणनीति तथा कार्यनीति

- सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय, समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरण गरिनेछ ।
- प्रत्येक चौमासिकमा सार्वजानिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ ।
- सेवाप्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्तिसहितको नागरिक बडापत्र क्रमशः कार्यान्वयन  गरिनेछ ।
- मोबाइल एप्सबाट पञ्जीकरणको व्यवस्था तथा विद्युतीय नागरिक वडापत्रको व्यवस्था मिलाइनेछ ।
- सार्वजनिक सरोकारका विषयसँग सम्बन्धित सार्वजनिक निकायमा रहेका सूचनामा कानुनबमोजिम नागरिकको पहुँच अभिवृद्धि गरिनेछ ।
- आयोजना स्थलमा आयोजनासम्बन्धी विवरण खुलेको होर्डिङ बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ ।
- कार्यसञ्चालन र प्रशासनिक कार्यलाई छिटो, छरितो, प्रभावकारी, पहुँच, योग्य, पारदर्शी, भ्रष्टचारमुक्त, जनमैत्री र नतिजामूलक बनाई सुशासन स्थापना गर्ने नीति अवलम्बन गरिने छ ।
- गाउँपालिकाको संस्थागत क्षमता विकास गर्न नव निर्वाचित जनप्रतिनिधि तथा नव– समायोजित कर्मचारीहरूलाई अभिमुखिकरण, तालिम, गोष्ठी, अध्ययन भ्रमण जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- जनशक्तिको उत्प्रेरणा र क्षमता विकासका लागि स्वदेश तथा विदेशमा हुने भ्रमण तथा तालिम कार्यक्रममा जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई सहभागी गराइने छ ।
- गाउँपालिकालाई आन्तरिक श्रोतमै आत्मनिर्भर गाउँपालिका बनाउन थप राजश्वको श्रोतहरुहरुको खोजी गरिने छ ।
- गाउँपालिकाभित्र रहेका सबै खाले व्यवसायहरुलाई करको दायरा भित्र ल्याउन व्यवसाय दर्तालाई अभियानको रुपमा संचालन गरिने छ ।

- स्थानीय स्रोत र अनुदानबाट प्राप्त हुने पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने नीति अवलम्बन गरिने छ।
- कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाइनेछ  र करको जोखिम व्यवस्थापन गर्न कर प्रशासनको सबलीकरण गरिनेछ।
- कर प्रणालीलाई सरल र पारदर्शी बनाउदै क्रमशः स्मार्ट कर प्रणाली लागू गर्ने नीति अवलम्बन गरिने छ।
- व्यवसाय करको प्रभावकारी संकलन र व्यवस्थापनको लागि व्यवसाय कर असुली रणनीति तयार गरी वडा तथा गाउँस्तरीय कार्यक्रम सञ्चालन गरिने छ।
- आर्थिक पारदर्शिता ल्याउने गरी कर प्रणालीलाई स्वच्छ र तटस्थ बनाइनेछ।
- सबै किसिमका करसम्बन्धी विवरणहरू विद्युतीय प्रणालीमार्फत पेश गर्ने व्यवस्था  मिलाइनेछ।
- आम नागरीकहरूसँग सरोकार राख्ने आधारभूत वस्तु तथा सेवाको यथोचित मूल्य, आपूर्ति र गुणस्तर कायम गर्न स्थानीय बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ।
- खाद्यपदार्थ, वायु, जल, माटो परीक्षणका लागि सरोकारवालाहरूको सहकार्यमा प्रयोगशाला सेवा संचालन गरिने छ।

## ८.१.५ नतिजा खाँका

| विवरणात्मक संक्षेप | सूचकहरु | २०७७/०७८ (आधार बर्ष) | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| **उपलब्धि:** स्थानीय स्तरमा प्रवाह हुने सबै संघसंस्थाका सेवाहरुलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी भएका हुनेछन । | गापाको क्षमता विकास योजना निर्माण | ० | ० | १ | ० | ० | १ | • आगावियो अन्तिम, मद्यावधिक र बार्षिक समीक्षा प्रतिवेदन<br>• गांउपालिका तह तथा विषयगत शाखाहरुको सामाजिक परीक्षण प्रतिवेदन | • उपलब्ध ऐन, नियम तथा निर्देशिकाको परिपालना हुने तथा समयानूलक परिमार्जन हुने<br>• राजनीतिक दलहरुबीचको सहमति तथा सक्रियता निरन्तर बृद्धि हुने |
| | गाउँ विकास आवधिक योजना निर्माण र मद्यावधिक मूल्याकंन | | १ | ० | ० | १ | ० | | |
| | सामुदायिक संस्थामा आवद्ध नभएका परिवार ( प्रतिशत) | ४० | २५ | २२ | २८ | १६ | १५ | | |
| | नगरिक बडापत्र अनुसार सेवा प्रवाह (प्रतिशत) | ५० | ५० | ७५ | ८० | ९० | १०० | | |
| | मेल मिलाप केन्द्रहरुका स्थापना | ४ | ४ | ६ | ७ | ७ | ७ | | |
| प्रतिफल नं. १: स्थानीय शासनका साझेदारहरुको संस्थागत क्षमता विकास भएको हुनेछ । | न्युनतम् भौतिक पूर्वाधार सहित आफ्नै कार्यालय भवन भएका वार्ड कार्यालय (संख्या) | ४ | ६ | ७ | ७ | ७ | ७ | | |
| | गापाको कम्प्युटरमा आधारित अभिलेख प्रणाली मार्फत सेवा प्रदान गर्ने (प्रतिशत) | १० | १० | २५ | ५० | ७५ | ९० | | |
| | ईन्टरनेट सुविधासहित आफ्नै वेवसाइट भई नियमित सेवा उपलब्ध गराउने वार्ड (संख्या) | ० | १ | २ | ४ | ७ | ७ | | |
| | ईन्टरनेट सुविधा उपलब्ध स्रोत केन्द्र/विद्यालय तथा सामुदायिक अध्ययन केन्द्र र टेली सेन्टर (प्रतिशत) | २ | ३ | ५ | १० | १५ | २५ | | |
| | आवश्यक र दरबन्दी अनुसार गा.पा.का. मा कार्यरत मानव संसाधन परिपूर्ति (प्रतिशत) | ३० | ४० | ४० | ५० | ८० | ९० | | |
| प्रतिफल नं. २: स्रोत परिचालनमा स्थानीय तहको क्षमता अभिवृद्धि भई योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, प्रभावकारी भएको हुनेछ । | स्वीकृत बजेट तथा खर्चको नियमित सार्वजनिक वेबसाइट, संचार माध्यम, सूचना पाटी, (संख्या) | १ | २ | २ | २ | २ | ३ | | |
| | गांउ विकास योजनामा कार्यक्रम समावेश भएका गै.स.स.हरु (प्रतिशत) | ० | १५ | ४० | ५० | ७५ | ९० | | |
| | गापा को कुल बजेटमा स्थानीय स्रोतको योगदान ( राजश्व बाँडफाँड सहित) (प्रतिशत) | ० | ०.२५ | ०.५० | ०.७५ | १० | २५ | | |
| | गापा को कुल बजेटमा केन्द्रीय स्रोतको योगदान ( प्रतिशत) | ९९ | ९८ | ९० | ९० | ७५ | ९९ | | |
| | गापा को कुल बजेटमा गै.स.स. र विकास साझेदारको स्रोत (प्रतिशत) | ० | ५ | ६ | ७ | ९ | १० | | |
| | गापा को को आन्तरिक आयको वृद्धि -प्रतिशत) | १० | ३५ | ४४ | ५५ | ६८ | ८५ | | |
| | रणनीतिक योजना तर्जुमा भएका विषयगत क्षेत्रहरु ( संख्या) | २ | ५ | ६ | ८ | १० | १२ | | |
| प्रतिफल नं. ३: स्थानीय शासन तथा निर्णय प्रक्रिया सहभागितामूलक, पारदर्शी | सुशासन सम्बन्धी उपलब्ध ऐन, नियम, नीति तथा निर्देशिका र संरचना, विधिहरुको निर्माण (संख्या) | १५ | २५ | २७ | ३० | ३३ | ३५ | | |
| | नियमित सार्वजनिक सुनुवाई आयोजना गरी प्रतिवद्धता कार्यान्वयन गर्ने वार्ड (संख्या) | २ | २ | ५ | ६ | ६ | ६ | | |

| विवरणात्मक संक्षेप | सूचकहरु | २०७७/०७८ (आधार बर्ष) | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| र जवाफदेही भएको हुनेछ । | गापाबाट प्रदान गर्ने सेवा सुविधावाट सन्तुष्ट सेवाग्राही (प्रतिशत) | ३० | ४० | ५० | ६३ | ७८ | ९८ | | |
| | सुशासनका क्षेत्रमा क्रियाशील नागरिक समाजका संस्था (संख्या) | १ | १ | ३ | ५ | ७ | ९ | | |
| | नियमित सार्वजनिक सुनुवाई आयोजना गरी प्रतिवद्धता कार्यान्वयन गर्ने वार्ड (संख्या) | २ | ४ | ६ | ६ | ६ | ६ | | |
| | स्थानीय न्यायीक समितिवाट निर्क्यौल हुने कुल मुद्धाको दर (प्रतिशत) | ३० | ४० | ५० | ७५ | ८० | ९५ | | |
| **प्रतिफल ४:** सेवा प्रदायक सबै सरकारी निकाय, स्थानीय निकायहरुमा मानवीय तथा भौतिक श्रोत साधनको व्यवस्था भएको हुनेछ । | **आवधिक योजना २०८२/०८३ सम्ममाः**<br>• सवै वडामा सचिवको व्यवस्था भएको हुनेछ ।<br>• सवै वडामा कम्तिमा पनि २ जना सहायक कर्मचारीक पदपूर्ति भएको हुनेछ ।<br>• पालिका तथा सवै वडा कार्यालयको क्षमता विकास योजना निर्माण भएको हुनेछ ।<br>• पालिकाको सेवा प्रवाह सुची डिजिटल डिस्प्ले वोर्ड मार्फत जनतालाई सुचित गरिने छ ।<br>• विभिन्न कार्यविधि तथा निर्देशिका अनुसार जनतालाई सेवा प्रवाह गर्ने सिलसिलामा आधुनिक सूचना प्रणाली तथा विधिहरुको प्रयोग भएको हुनेछ । | | | | | | | | |
| **प्रतिफल ५:** आन्तरिक श्रोतहरुको पहिचान र परिचालन प्रभावकारी रुपले भएको हुनेछ । | **आवधिक योजना २०८२/०८३ सम्ममाः**<br>• प्रत्येक वर्ष राजश्वका श्रोतहरुको अध्ययन अनुसन्धान गरी कार्यान्वयनमा ल्याएको हुनेछ ।<br>• विभिन्न विषयका खर्च कायविधिहरु तयार गरी प्रभावकारी कार्यान्वयन गरेको हुनेछ । | | | | | | | | |
| **प्रतिफल ६:** संस्थागत सुशासन कायम भई चुस्त तथा दुरुस्त आर्थिक प्रशासन, पारदर्शी, गुणस्तरीय, छिटोछरितो सेवा प्रवाह, सामाजिक सुरक्षाको प्रत्याभूति भएको हुनेछ । | **आवधिक योजना २०८२/०८३ सम्ममाः**<br>• पालिका तथा सवै वडाहरुमा Computer Accounting Package लागू भई कुनै पनि भुक्तानी समयमा नै भएको हुनेछ ।<br>• पालिकाको अद्यावधिक वेभसाइट बाट सार्वजनिक सरोकारका सुचना सबैले हेर्न सक्नेछन् ।<br>• विकास निर्माण र सेवा प्रवाहका कार्य प्रकृयाहरु सरलीकृत भई स्थानीय निकायमा क्षतिपूर्ति सहितको नागरिक वडापत्रमा व्यवस्था भए अनुसार नै सबै सेवाग्राहीहरुले सेवा पाएका हुनेछन् ।<br>• सेवाग्राही सहायता डेस्क बाट आवश्यक परामर्श र सेवा लिन पाएको अवस्था हुनेछ ।<br>• अद्यावधिक अभिलेखका आधारमा वृद्धवृद्धा, अपाङ्गता, एकल महिलाहरुले राज्यबाट पाउने सुविधा प्राप्त गरको हुनेछ । | | | | | | | | |

| विवरणात्मक संक्षेप | सूचकहरु | २०७७/०७८ (आधार बर्ष) | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | पुष्ट्याइका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल ७ :** गाउ विकासका सबै कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन सूचनामुलक, हुनुको साथै आवाधिक योजना अनुसार विकास कार्यक्रम अगाडि बढेका हुनेछन । | **आवधिक योजना २०८२/०८३ सम्ममाः**<br>पाश्र्वचित्र नियमित अद्यावधिक भएको हुनेछ ।<br>तहगत रुपमा छनौट तथा सिफारिस भई आएका योजनाहरुले पहिलो प्राथमिकता पाएका हुनेछन् ।<br>आवधिक योजना निर्माण तथा अद्यावधिक भएको हुनेछ ।<br>VTMP plan निर्माण भएको हुनेछः | | | | | | | | |

## ८.१.६ प्रमुख कार्यक्रम

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम |
| वार्ड भवन निर्माण | संख्या | १ | २ | २ | १ | ० | **६** | ८,००० | १०,००० | १०,००० | १०,००० | १२,५०० | **५०,५००** |
| गाउंपालिकाको भवन निर्माण | संख्या | १ | ० | ० | ० | ० | **१** | १०,००० | ५,००० | २,५०० | ५०० | ० | **१८,०००** |
| अस्पताल तथा स्वास्थ्य चौकी निर्माण | संख्या | १ | १ | २ | १ | १ | **६** | २,५०० | ३,१२५ | ३,९०६ | ४,८८३ | ६,१०४ | **६८,५००** |
| आन्तरिक श्रोत परिचालन अध्ययन | पटक | ० | १ | ० | ० | ० | **१** | ० | ५०० | ० | ० | ० | **५००** |
| विभिन्न विषयका खर्च कार्यविधि तयार | संख्या | २ | ३ | ५ | ४ | ६ | **२०** | २०० | ३०० | ५०० | ४०० | ६०० | **२,०००** |
| विषयगत समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि निर्माण | संख्या | २ | ३ | ३ | २ | ० | **१०** | २०० | ३०० | ३०० | २०० | ० | **१,०००** |
| ऐन, नियम, तथा कार्यविधि तयारी | संख्या | १० | ५ | ५ | ५ | ६ | **३१** | ५०० | २५० | २५० | २५० | ३०० | **१,५५०** |
| गाउंपालिका तथा वडा कार्यालयहरुमा कम्प्यूटराइज्ड | संख्या | २ | ३ | २ | ० | ० | **७** | ३०० | ५०० | ३०० | ३०० | – | **१,४००** |
| गाउंपालिकाकाको वेभसाइट निर्माण तथा अद्यावधिक गर्ने | पटक | १ | ० | ० | १ | ० | **२** | ० | ५०० | ५० | ५० | ५९ | **६५९** |
| सबै वडाहरुमा इन्टरनेट जडान | संख्या | २ | ३ | २ | ० | ० | **७** | ५०० | ७५० | ५०० | ३०० | १५० | **२,२००** |
| गाउंपालिकाकाको नागरिक वडापत्र तयारी तथा अद्यावधिक | पटक | ० | १ | ० | १ | ० | **२** | ३०० | ० | १०० | ० | ० | **४००** |
| वृद्धवृद्धा, अपाङ्गता, एकल महिलाहरुको अभिलेख अद्यावधिक | पटक | ० | १ | ० | १ | ० | **२** | ० | ३०० | ० | ३०० | ० | **६००** |
| योजना तर्जुमा सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | **५** | ५०० | ५०० | ७०० | ५०० | ५०० | **२,७००** |
| विषयगत समितिको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | **५** | ५०० | ५०० | ७०० | ५०० | ५०० | **२,७००** |
| गाउंपालिकाका क्षमता विकास योजना तयार | पटक | ० | १ | ० | ० | १ | **२** | ० | ४०० | ० | ० | ४०० | **८००** |
| संगठन विकास अध्ययन | पटक | ० | १ | ० | ० | १ | **२** | ० | ५०० | ० | ० | ४०० | **९००** |

| कार्यक्रमको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | | | | | | वजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम | २०७८/ ०७९ | २०७९/ ०८० | २०८०/०८१ | २०८१/ ०८२ | २०८२/०८३ (लक्षित बर्ष) | जम्मा परिणाम |
| उपभोक्ता समितिलाई तालिम | पटक | १ | १ | १ | १ | १ | **५** | ५०० | ६२५ | ७८१ | ९७७ | १,२२१ | **४,१०४** |
| सहकारी सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | **५** | ५०१ | ६२६ | ७८३ | ९७९ | १,२२३ | **४,११२** |
| गाउँ प्रोफाइल अद्यावधिक | पटक | ० | ० | ० | १ | ० | **१** | ० | ० | ० | ५०० | ० | **५००** |
| जनप्रतिनिधिहरुलाई नेतृत्व विकास सम्वन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | **५** | १,००० | १,२५० | १,५६३ | १,९५३ | २,४४१ | **८,२०७** |
| गाउंपालिकाका कर्मचारीहरुलाई तालिम | पटक | १ | १ | १ | १ | १ | **५** | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२,५००** |
| प्रचलित ऐन नियम तथा कार्यविधिको अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | **५** | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२,५००** |
| न्यायिक समिति सम्बन्धी कार्यविधि निर्माण | संख्या | १ | ० | १ | ० | १ | **३** | २०० | ० | २०० | ० | २०० | **६००** |
| सूचना केन्द्रको स्थापना | संख्या | ० | १ | ० | ० | १ | **२** | १,००० | २०० | २०० | २०० | २०० | **१,८००** |
| जिआईस तालिम | जना | ० | ५ | ० | ५ | ० | **१०** | १२५ | ० | ० | १२५ | ० | **२५०** |
| अन्तर गाउंपालिकाका स्तरीय सिकाई आदान प्रदान गोष्ठी | पटक | १ | १ | १ | १ | १ | **५** | १०० | १०० | १०० | १०० | १०० | **५००** |
| क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | **५** | १०० | १०० | १०० | १०० | १०० | **५००** |
| सूचनाको हक सम्वन्धी कर्मचारीलाई तालिम | संख्या | २४ | २५ | २५ | २५ | ३० | १२९ | ११० | ११० | ११० | ११० | ११० | **५५०** |
| सूचनाको हक सम्वन्धी सेवाग्राहीलाई अभिमुखीकरण | संख्या | ३० | ३० | ३० | ३० | ३० | १५० | १०० | १०० | १०० | १०० | १०० | **५००** |
| वार्षिक कार्यक्रम तथा वजेट मिडिया सार्वजनिकीकरण | पटक | ० | २ | २ | २ | ३ | ९ | ० | ५०० | ५०० | ५०० | ५०० | **२,०००** |
| सुझाव पेटिका निर्माण | संख्या | ० | १ | ३ | २ | १ | **७** | २५ | २५ | २५ | २५ | २५ | **१२५** |
| सार्वजनिक सुनुवाई (वार्षिक) | संख्या | १ | २ | २ | २ | २ | ९ | १५० | ३०० | ३०० | ३०० | ३०० | **१,३५०** |
| गैसस समन्वय समितिको वैठक (वार्षिक) | पटक | ३ | ३ | ३ | ३ | ३ | **१५** | ६० | ६० | ६० | ६० | ६० | **३००** |
| समिक्षा वैठक (वार्षिक) | पटक | १ | १ | १ | १ | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१,५००** |
| गैसस डेस्क व्यवस्थापन | संख्या | ० | १ | ० | ० | ० | **१** | | ५० | ५० | ५० | ५० | **२००** |
| विद्युतीय हाजिरी सवै विद्यालयहरुमा | प्रतिशत | १० | २५ | १५ | २५ | २५ | **१००** | १२५ | २०० | २०० | २०० | २०० | **९२५** |
| सामाजिक परिक्षण (वार्षिक) | पटक | १ | १ | १ | १ | १ | **५** | २५० | २५० | २५० | २५० | २५० | **१,२५०** |
| आजिवियोको मध्यावधि मूल्यांकन | पटक | ० | ० | ० | १ | ० | **१** | ० | ० | ८०० | ० | ० | **८००** |
| एम्बुलेन्स खरिद | संख्या | ० | १ | ० | १ | ० | २ | ० | ० | ० | ० | ० | **०** |
| **जम्मा** | | | | | | | | २९,१४६ | २९,२२१ | २७,२२८ | २६,०१२ | २९,८९३ | १८९,४८२ |

## ८.१.१० अपेक्षित उपलब्धी

# परिच्छेद ९ : वित्तीय विश्लेषण

## ९.१ पालिकाको विगत ३ बर्षको वजेट विश्लेषण

## ९.२ आवधिक योजनाको बजेट अनुमान

आवधिक गाउँ विकास योजना २०७८/०७९ देखि २०८२/०८३ सम्मको अनुमानित लगानी र सोही समयमा गाउँपालिका भित्रको खर्च सम्वन्धी वजेटको प्रक्षेपण ३ अर्व ८७ करोड १९ लाख ४३ हजार रुपैंया गरिएको छ भने सोही अवधिमा गाउँपालिकाको आय तर्फ ३ अर्व ८३ करोड ३४ लाख ८ हजार ९९ रुपैंया गरिएको छ। प्रक्षेपण गरिएको छ। यसरी योजना अवधिमा नपूग हुने रकम रु. ४ करोड देखिन्छ।

आविधिक योजनाकालागि लगानी अनुमान गर्दा गाउँपालिकाको आयोजनामा संचालन गरिएको आजिवियो तर्जुमा कार्यशालामा राजनैतिक दलका नेतृत्व, सम्बन्धित बिषयगत निकायका प्रमुख, सम्मिलित समुहले आआफ्ना विषयगत कार्यक्रममा जनचाहना अनुरुप आएका र गरिएका परिबर्तन, विगतको आय प्रवृत्ति र खर्च गर्ने क्षमताका आधारमा समेत निर्धारण गरेका कार्यक्रमहरु र अनुमान गरेको खर्च रकमलाई नै मुख्य आधार लिइएकोछ। यसैगरी संभावित आन्तरिक राजस्व, संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने संघीय सरकारको वित्तिय समानीकरण अनुदान, प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान, संघीय सरकारको सशर्त अनुदान, संघीय सरकारको राजश्व बाँडफाँट, प्रदेश सरकारको सवारी साधनको कर बाँडफाँट, प्रदेश सरकारको थप अनुदान आदिलाई लिईएको छ। अपुग रकमको सम्वन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका गैर सरकारी संस्थाहरुले परिचालन गर्ने संभावित स्वदेशी तथा वैदेशिक रकम, सहकारीहरु, विभिन्न प्रतिनिधिमूलक संघसंस्था तथा निजीक्षेत्रले परिचालन गर्ने रकमवाट समानजस्यता कायम गरिनेछ। जसअनुसार आगामी ५ वर्ष अवधिमा विकासका समस्त गतिविधिहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न र सेवा प्रवाहलाई प्रभावकारी र सयम सापेक्ष बनाउन विगयगत रुपमा तलको वजेट प्रस्तावित गरिएको छ।

## आवधिक गाउँ विकास योजना २०७८/०७९ - २०८२/०८३ का लगि खर्च हुन सक्ने वजेटको प्रक्षेपण (वजेट रू. ००० मा)

| | विषयगत क्षेत्रहरु | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा | जम्मा बजेट बिनियोजित प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १. | आर्थिक विकास | ५८९४१ | ७६६६२ | ९२२६६ | १२०७०३ | १५२५०२ | ५०१०७४ | १२.९४ |
| २ | सामाजिक विकास | ९७७५० | १३८८१६ | १४११०७ | १८१८२३ | २२४३९८ | ७८३८९४ | २०.२५ |
| ३. | भौतिक पूर्वाधार | १२१४३० | १६४५६५ | ४९९५३२ | ५८४३०६ | ९८८८९२ | २३५८७२५ | ६०.९२ |
| ४. | वन वातावरण तथा विपद व्यवस्थापन | ९०१० | १८१३५ | २२१८५ | २५३३५ | १२०८५ | ८६७५० | २.२४ |
| ५. | संस्थागत विकास | २९१४६ | २९२२१ | २७२२८ | २६०१२ | २९८९३ | १४१५०० | ३.६५ |
| | कूल जम्मा | ३१६२७७ | ४२७३९९ | ७८२३१८ | ९३८१७९ | १४०७७७० | ३८७१९४३ | १००.०० |

## आजिवियो २०७८/०७९ - २०८२/०८३ सम्मका लागी गाउँपालिकामा प्राप्त हुन सक्ने वजेटको स्रोत

| शिर्षक | २०७५र०७६ | २०७६र०७७ | २०७७र०७८ | २०७८र०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| अघिल्लो आवको नगद मौज्दात | २७०२०७६१ | ३६२७०८८८९२ | ९४९२१६१२ | ८२३००००० | ८४३५७५०० | ९६३४५४३६ | ८६०४४६५० | ८६१६८१०० | ४३५२१५६८६ |
| संघिय सरकारको वित्तिय सामानिकरण अनुदान | ८३६०००० | ९१७००००० | ९३८००००० | ९९७००००० | ११२१६२५०० | १३५१५५८१३ | १६२८६२७५४ | १९६२४९६१९ | ७०६१३०६८५ |
| संघिय सरकारको सर्शत अनुदान | १६७५७७७५० | २१९४२७००० | २३५५२०८९० | २४७८००००० | २७८७७५००० | ३३५९२३८७५ | ४०४७८८२६९ | ४८७७६९८६५ | १७५५०५७००९ |
| संघिय सरकारको समपुरक अनुदान | ० | २७००००० | ० | २७००००० | ३०३७५०० | ३६६०१८८ | ४४१०५२६ | ५३१४६८४ | १९१२२८९७ |
| संघिय प्रदेश सरकारको समपुरक अनुदान | ४०८३००० | ४१३०००० | ५०५९००० | ४६४६००० | ५२२६७५० | ६२९८२३४ | ७५८९३७२ | ९१४५१९३ | ३२९०५५४८ |
| प्रदेश सरकारको सशर्त  अनुदान | ९६००००० | ८०००००० | १४८५०००० | ० | ० | ० | ० | ० | ० |
| प्रदेश सरकारको विशेष अनुदान | ३३२०२४ | ११२००००० | ६०००००० | ६०००००० | ६७५०००० | ८१३३७५० | ९८०११६९ | ११८१०४०८ | ४२४९५३२७ |
| प्रदेश सरकारको समपुरक अनुदान | ० | ६०००००० | १५०००००० | १४०००००० | १५७५०००० | १८९७८७५० | २२८६९३९४ | २७५५७६१९ | ९९१५५७६३ |
| संघिय सरकारको राजश्व बाँडफाँट | ५४६३१४८४ | ९२१००००० | ७७८५८१४० | ७८४०६००० | ८८२०६७५० | १०६२८९१३४ | १२८०७८४०६ | १५४३३४४७९ | ५५५३१४७६९ |
| संघिय सरकारको सवारी साधनको कर बाँडफाँट | ५३८५००० | ७०४६००० | ५०७३००० | ८०५६५५० | ९०६३६१९ | १०९२१६६१ | १३१६०६०१ | १५८५८५२४ | ५७०६०९५५ |
| गाउँपालिकको आन्तरिक राजश्व | ० | १५१४०००० | २०१६२२३८ | १८५००००० | २०८१२५०० | २५०७९०६३ | ३०२२०२७० | ३६४१५४२६ | १३१०२७२५९ |
| अन्य आम्दानी केहि भएमा समेत जनसहभागीता | ० | १७३९२४५० | ११२२३१५० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | २७६९९००१९ | ४१०१९२४३४२ | ५७९४६८०३० | ५६२१०८५५० | ६२४१४२११९ | ७४६७८५९०२ | ८६९८२५४११ | १०३०६२३९१७ | ३८३३४८५८९९ |

## ९.३ स्रोत परिचालन

### क. आन्तरिक श्रोत र साधन पहिचान तथा परिचालन

- आन्तरिक श्रोत (राजस्व, कर, सेवा तथा शुल्ल) का क्षेत्र पहिचान परिचालन गर्ने ।
- गापाको संभावित कर, राजस्व र शुल्कका श्रोतहरूलाई करको दायरामा ल्याउने।
- आवश्यकता अनुसार राजस्व संकलन केन्द्रको स्थापना गर्ने तथा साझेदारीमा राजस्व संकलन गर्ने
- ढुङ्गा, गिटी, बालुवा उपलब्ध हुने क्षेत्रसम्म पुग्ने लिङ्क बाटो निर्माण गरी थप राजस्व सङ्कलन गर्न सकिने।
- बिस्तार हुँदै गरको नयाँ बजार केन्द्र को पहिचान गरी राजस्व परिचालनको योजना तर्जुमा गर्ने।
- घर जग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व बाँडफाँडको रकममा बृद्धि गर्न मालपोत कार्यालयबाट तोकिने न्यूनतम मूल्यांकनलाई बढी व्यवहारिक बनाउने।
- गापाबाट प्रदान गरिने विभिन्न किसिमका सिफारिसमा लिने दस्तुरको पुनरावलोकन गरी थप राजस्व प्राप्त गर्न सकिने।
- स्थानीय सेवा शुल्क नीति तयार गरी लागू गर्ने।
- स्थानीय सेवा, शुल्क तथा राजस्व संकलन तथा परिचालनलाई प्रभावकारी बनाउन अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउने।

### ख. अन्य श्रोत परिचालन तथा व्यवस्थापन

- संभाव्यताका आधारमा दीर्घकालीन आयोजनाहरू संचालनमा लगानी गर्न प्राथमिकता दिने।
- विकास साझेदार, गैसस तथा नीजि क्षेत्रसँग साझेदारी बृद्धि गर्ने ।
- संघ तथा प्रदेशसँग थप श्रोतको लागि अनुरोध गर्ने।
- स्थानीय श्रम, श्रोत र साधन परिचालन तथा जनसहभागिता बृद्धि गर्ने।
- सेवा प्रवाहमा निजी क्षेत्र, गैसस परिचालन तथा साझेदारीमा जोड दिने।
- गापा र निजीक्षेत्र बीच संयुक्त लगानीका क्षेत्रको खोजी गर्ने।
- भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्र्धन तथा विकासको लागि स्थानीय निकायको लगानी बृद्धि गर्ने।
- पर्यटन विकासको लागि नेपाल पर्यटनबोर्ड, सम्बन्धित मन्त्रालयहरु, छिमेकी गापाहरुसँग सहकार्य गर्ने।
- बाणिज्य क्षेत्रको विकास तथा पर्यटन क्षेत्रको प्रवर्द्र्धनको लागि निजी क्षेत्रको लगानी बृद्धि गर्ने।
- प्राविधिक शिक्षालय संचालनमा निजीक्षेत्रको लगानी बृद्धि गर्न प्रोत्साहन गर्ने।

- खेलकूद विकास र प्रवद्र्धनमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने ।
- युवाहरुको क्षमताबृद्धि तथा स्वरोजगार प्रवद्र्धनको लागि विकास साझेदारसँग साझेदारी गर्ने ।
- गैसस तथा सामुदायममा आधारित संस्थाहरुसँग साझेदारी र सहयोग परिचालन गर्ने ।
- स्थानीय श्रोत, साधन तथा जनसहभागिता बृद्धि गर्ने ।

## ग. अन्तर सरकारी सम्बन्ध

गाउँपालिकाको एकल प्रयासले मात्र विकासको उद्देश्य तथा उपलब्धी हासिल गर्न प्रायः असंभव छ । गाउँपालिकाको विकासको सम्बन्धित क्षेत्रको तुलनात्मक लाभका विषयगत क्षेत्रमा विकास र लगानी आवश्यक छ । यस प्रकारका तुलनात्मक लाभका क्षेत्रहरुमा सम्बन्धित गाउँपालिकाहरुलाई समेत लाभ पुग्ने क्षेत्र तथा आयोजनामा केन्द्रिय लगानी जुटाउन आवश्यक छ । यस गाउँपालिकाको सन्दर्भमा आवधिक योजनाको लक्ष्य हासिल गर्न र सहयोग पुर्याउन पर्यटन, उद्योग, संरक्षण क्षेत्र व्यवस्थापन, पूर्वाधार, सीप विकासका लागि छिमेकी जिल्लाहरुसँग निरन्तर सम्पर्क र समन्वय गरी योजना तर्जुमा, लगानी, कार्यान्वयन र अनुगमन गरिनेछ ।

## घ. आवधिक गाउँ विकास योजना र अन्य योजना बीच अन्तरसम्बन्ध

आवधिक योजनाको राष्ट्रिय योजना, राष्ट्रियस्तरमा विषयगत दीर्घकालिन योजनाहरु, प्रदेशस्तरीय विषयगत गुरुयोजनासँग तादाम्यता, नीतिगत र कार्यगत समन्वय एवं उचित संबन्धमा कायम हुनु आवश्यक छ । एकातर्फ स्थानीय चाहना, आवश्यकता र मागले योजनाको प्रारुप प्राप्त गर्ने र अर्कोतर्फ राष्ट्रिय नीति, लक्ष्य, प्राथमिकता र कार्यक्रमहरु वास्तविक रुपमा कार्यान्वयन हुने हुँदा स्थानीय योजना र राष्ट्रिय, नीति, योजना र कार्यक्रम भेट हुने साझा थलो हो । तसर्थ, स्थानीय र केन्द्रिय योजनाबीच उचित तालमेल, सम्बन्ध र एकीकरण हुन जरुरी छ । आवधिक योजनालाई राष्ट्रिय नीति, विभिन्न राष्ट्रिय विषयगत गुरुयोजना तथा प्रदेशका विषयगत गुरुयोजनाहरुको परिपुरक तथा परिपोषकको रुपमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद - १०: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

## १०.१ कार्यान्वयन कार्ययोजना

नेपालमा योजना तर्जुमाको पद्धतिलाई संस्थागत रुपमा स्थापीत गरेको भएतापनि अनुगमन तथा मूल्याङ्कन कमजोर भएको राष्ट्रिय रुपमै स्वीकारिएकोछ । तथापि, यस गाउँपालिकाको आवधिक योजनालाई योजनाको प्रतिफलमा आधारित अनुगमन तथा सहभागितामूलक लेखाजोखा पद्धति अवलम्बन गरी प्रतिफल मापन तथा योजना प्रभावकारिताको मूल्याङ्कन गरिनेछ । आवधिक गाउ योजनाको अनुगमनलाई नियमित कार्यक्रमका रुपमा स्थापित गरी स्थानीयस्तरदेखि राष्ट्रिय स्तरसम्मका विभिन्न तहका सरोकारवालाहरु र तेस्रो पक्षसमेतको सहभागिता गरिनेछ । यस अन्तर्गत प्रतिफलमा आधारित प्रस्तावित अनुगमन खाँका अनुसार पटके तथा नियमित अनुगमन, बार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्यांकन गरिनेछ । योजनाको स्वतन्त्र तथा तटस्थ तेस्रो पक्षबाट समेत लेखाजोखा गरिनेछ ।

## १०.२ अनुगमन तथा मूल्याङ्कन

आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रयोजनका लागि विद्यमान कानुनी व्यवस्था तथा प्रचलनका आधारमा देहायका संरचना प्रस्ताव गरिएको छ ।

***अनुगमन समिति***

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ को ४ख(५) मा व्यवस्था भएअनुरुप गठन हुने सुपरीवेक्षण तथा अनुगमन समितिलाई सक्रिय तुल्याई गाउँपालिकाका योजना वा कार्यक्रम तर्जुमा गर्दा अनुमान गरिएका स्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजनाको कार्यान्वयन तालिका अनुसार भए नभएको एकिन गरी आयोजनाहरुलाई अपेक्षित गति र दिशा प्रदान गर्न यस समितिलाई सक्रिय तुल्याइने छ ।

***अनुगमन उपसमिति***

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ मा व्यवस्था भएअनुरुप सुपरीवेक्षण तथा अनुगमन उपसमिति गठन गरिनेछ । यस उपसमितिले गाउंपालिकामा सञ्चालित आयोजनाहरुको नियमित अनुगमन तालिका तर्जुमा र कार्यान्वयन गरी तथ्यांक व्यवस्थापन, नियमित अद्यावधिक तथा प्रशोधन गर्ने व्यवस्था गरी हालको स्थितिबाट गाउंपालिकाको प्रगति कति अगाडि बढ्यो भन्ने विश्लेषण गर्ने आधार तयार प्रस्तुत गर्नेछ । उपसमितिबाट हुने अनुगमनलाई बढी सहभागितामूलक बनाउन अनुगमन तथा सुपरिवेक्षण क्रियाकलापहरुमा गाउंपालिकाका अन्य सरोकारवालाहरुलाई समेत आमन्त्रण गरिनेछ ।

अनुगमनको समन्वय गर्ने सम्पूर्ण जिम्मेवारी योजना तथा अनुगमन शाखाको हुनेछ । योजना तथा अनुगमन शाखासँग प्रत्यक्ष समन्वयमा रहेर अन्य विषयगत निकायहरुले सम्बन्धित विषय क्षेत्रको अनुगमनको कार्य गर्नेछन् । योजना तथा अनुगमन शाखालाई भौतिक एवं मानवीय श्रोत साधनले सम्पन्न बनाइनेछ । त्यस अतिरिक्त अनुगमन गर्ने कार्यालय, व्यक्तिको आचारसंहिता निर्माण तथा अनुगमन कार्यका लागि आवश्यक पर्ने क्षमता विकासको व्यवस्था गाउँपालिकाले मिलाउनेछ ।

## १०.३ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

अनुगमन तथा सुपरीवेक्षण समिति र संयुक्त अनुगमन समितिसँग समन्वय गरी सहभागितामूलक प्रक्रिया बमोजिम प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुगमन योजना तर्जुमा गरी योजनाको समीक्षा, प्रतिफल तथा कार्यसम्पादनको मापन गरिनेछ । यस प्रकारको अनुगमनमा सहभागितामूलक अनुगमन प्रक्रिया तथा सरोकारवालाको संलग्नता रहनेछ । यसका साथै तेश्रो पक्ष वा विषयविज्ञले यस प्रक्रियामा सहजिकरण गर्नेछन ।

## १०.४ मध्यावधि मूल्याङ्कन

आवधिक योजनामा निर्धारित लक्ष्य, उद्देश्य, सूचक र नीतिहरुका आधारमा यसको मध्यावधि मूल्यांकन हुनेछ । मध्यावधि मूल्याङ्कन प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार बार्षिक समीक्षा प्रतिवेदन तथा सूचनाको आधारमा सहभागितामूलक प्रक्रियाबाट गरिनेछ । मूल्याङ्कनमा अनुगमन तथा सुपरीवेक्षण समितिको प्रमुख भूमिका हुनेछ । मूल्याकंनको सहजिकरण योजना तर्जुमा तथा अनुगमनमा सम्बन्धी दख्खल भएका र अनुभवी पेशाविद्को समूह संलग्न हुनेछन् ।

## १०.५ अन्तिम मूल्याङ्कन

आवधिक योजनाको समयावधि समाप्त भएपछि योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा विषयगत उपलब्धीहरु हासिल भए नभएको प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार मापन तथा लेखाजोखा गरिनेछ । योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा दखल भएका तेश्रो पक्षका अनुभवी पेशाविदहरुको संलग्नता र सहजिकरणमा अन्तिम मूल्याङ्कन गरिनेछ । यस प्रकार गरिएको अन्तिम मूल्याङ्कनको प्रतिवेदन सार्वजनिक गरिनेछ ।

## अनुसूची १: समस्या विश्लेषण

| आर्थिक विकास<br>कृषि पशुपालन पर्यटन बैंक सहकारी उद्योग | सामाजिक विकास<br>शिक्षा स्वास्थ्य खानेपानी महिला विकास सिमान्तकृत दलित यूवा जेष्ठ नागरिक | भौतिक पूर्वाधार विकास<br>सडक विद्युत सिंचाइ वस्ति विकास संचार | वन वातावरण<br>जलाधार विपद् व्यवस्थापन | संसथागत विकास<br>शुसासन सेवा प्रवाह प्रशासनिक र वित्तिय व्यवस्थान |
|---|---|---|---|---|
| हावापानी अनुसार बाली उत्पादन गर्न नसक्नु । किटनासक विसादी प्रयोग गरी रोग नियन्त्रण गर्न नसक्नु । उत्पादित वसतु उचितको उचित मूलय नपाउनु । पर्यटकीय क्षेत्रलाई व्यवस्थित गर्न नसक्नु । निस्दी गाँउपालिकामा एक मात्र बैक भएकोले सेवा प्रवाहमा छिटो छरितो सेवा प्रवाह नहुनु । कृषि प्राविधिक समस्या व्यवसाहिक नहुनु पर्यटन यातायतको असुविधा सहकारी नियमीत रुपमा संचालन हुन नसकेको कुनै पनि व्यवसाय गर्न ज्ञान सिप क्षमता नभएको। | गुणस्तर शिक्षा दिन हरेक कुराको पहुँचबाट पछाडी पर्नु । प्रत्येक सुत्करी महिलाहरुलाई घरमा डेलिभेरी गराउनु । स्वास्थ्यलाई शारिरीक रुपमा मात्रै बुझ्नु । सामाजिक न्याय सहितको समानता नहुनु । घर पायक उच्च शिक्षाको समस्या दक्ष जनशक्ति नहुनु कक्षा अनुसार दरबन्दी नहुनु । घर पाहेक स्वास्थ्यकर्मी नहुनु साथै जनशक्ती दरबन्दी अनुसार नहुनु। | यातायातको राम्रो व्यवस्था नहुँदा दुर्घटना बढी हुने गरेको । विद्युतको कारण हरेक सेवा सुविधाको पहँचबाट बञ्चीत हुनु परेको अवस्था । सबै मानिसमा चेतनाको कमी भएका कारणले वस्तीको विकास हुन नसकेको । खेतपाती गर्नको लागी पर्याप्त मात्रामा जग्गा जमिन नभएको । अवश्यक अनुसारको भवन नहुनु कच्ची सडकका साथै पक्की पुलको व्यवस्था नहुनु । कृषि क्षेत्रमा पर्याप्त सिंचाईको व्यवस्था नहुनु। | वनजंगल वन विनाश भूक्षय नदी कटान भौगोलिक कठिनाई भएको । मोटर बाटो निर्माणका कारण कृषि योग्य जमिन र वस्ती क्षेत्रमा हानी नोक्सानी पुर्याउने गरेको । भौतिक पूवाधार निर्माण गर्दा विचार नपुर्याएको कारणले सम्या सृजना भएको । | शिक्षाको कमीले संस्थाको विकास गर्न समस्या भएको आर्थिक ज्ञान सिप चेतना सामाजिक वकृतिको कारण संस्थागत विकासमा समस्या सृजना भएको । |

## वडागत समस्या

